चर्चित

# लथालिङ्ग शिव मावि

# जहाँ ६ वर्षदेखि अभिभावक भेला हुँदैन







**केशर सुनार, प्यूठान**

उत्तरी प्यूठानको सुदुर गाउँमा अवस्थित शिव माध्यमिक विद्यालय लथालिङग र भताभुङघ स्थितिमा पुगेको पाइएको छ । जिल्लाको नौबहिनी गाउँपालिका १ स्याउलिवाङमा रहेको उक्त विद्यालयमा विगत ६ वर्षदेखी एकपटक पनि अभिभावक भेला बोलाइएको छैन भने सार्वजनिक लेखा परिक्षणको हिसाबकिताब पनि डामाडोल रहेको पाइएको हो ।

### मनलाग्दि शुल्क असुली

कक्षा विद्यालयले विद्यार्थिहरूबाट मनलाग्दी शूल्क असुलेको पाइएको छ । कोभिडको समयमा विद्यालय बन्द रहँदा पनि विद्यार्थीबाट विभिन्न शिर्षकमा रकम असुलेको, विद्यार्थीको दिवा खाजावापतको रकम तथा कक्षा १० का विद्यार्थीबाट पनि मनपरी शुल्क उठाइएको पाइएको हो । त्यस्तै विद्यालयका प्रधानाध्यापक भीमप्रसाद गौचनले खेताला शिक्षक राखेर लामो समयसम्म निजि काममा लाग्ने गरेको स्थानीयहरूले गुनासो गरेका छन् । प्रअले विद्यालयमा लामो समयदेखि आर्थिक अपचलन गरेको तथा प्रशासनिक कामकारबाही लथालिङ्ग पार्दा त्यहाँ अध्ययनरत विद्यार्थीलाई ठुलो मर्का परेको छ भने शैक्षिक बेथितिले सिमा नाघेको छ । स्रोतका अनुसार विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरूसँग माध्यमिक शिक्षा परिषदले तोकेको परीक्षा फारम शुल्क ५ सयको सट्टा ८ सय पचास उठाइएको लेखाले जनाएको छ । यसो त देशभर सार्वजनिक विद्यालयहरूले विभिन्न बहानामा शुल्क असुली गरिनैरहेका छन् तर विद्यालय व्यवस्थापन समिति र अभिभावकको समभ्रदारीमा चन्दा वा अन्य सहयोगको सिमा

कायम गरिएको हुन्छ तर यहाँ त ६/६ वर्षसम्म अभिभावक भेला नबोलाई मनोमानि ढंगले रजाइँ गरिएको छ । विद्यालयमा दिवा खाजावायपतको कक्षा ६ का विद्यार्थीको रकम निकासा साउन महिनाबाट भएको भएपनि मंसिरबाट मात्रै खाजा खुवाइएको पाइएको हो । यसमा तीन महिनाको खाजा नखुवाउने तर खुवाइएको नाटक गरी र गाउँपालिकामा फर्जी भर्पाइ पेस गरेर रकम निकासा गरिएको र पछि घटना बाहिर आएपछि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा अन्य स्टापको गोप्य भेलाले पहिलेकै मिति राखेर माइन्युट उठाइएको विद्यालयका शिक्षकले नाम नखुलाउने सर्तमा प्राणमञ्च व्यूरोलाई जानकारी गराएका छन् ।

स्थानीय अभिभावकका अनुसार सो विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, लेखापाल र प्रधानाध्यापक एकै परिवारको भएकोले लामो समयदेखि सो समस्या दोहोरिरहेको दाबी गरे । नाम नखुलाउने सर्तमा एक शिक्षकले भने "हेडसरको मनोमानिले सिमा नाघेको छ, समयमै विद्यालय नआउने, परिवारको त्रिकोणात्मक सेटिङमा आर्थिक हिनामिना गर्ने, कसैले संस्थागत गुनासो गरेमा व्यक्तिगत रूपमा हेडसरले गालीगलोज गर्ने र धम्क्याउने, कैयौं समय आफू स्कुल नआएर खेताला शिक्षक राख्ने आदि थुप्रै समस्या छन्, हेडसरकै डरले सबै 'तै चुप मै चुप' को अवस्था सिर्जना भएको छ। यसलाई सुधार कसले गर्ने ?" उनले विद्यालयमा देखिएका यावत् समस्याले नियमित पठनपाठन र शैक्षिक सुधारका सुचकहरूमा ठुलो समस्या आएका बताए ।

स्थानीय समाजसेवी पूर्ण बुढाले विद्यालयमा राजनीतिक र पारिवारिक स्वार्थ हाबी हुँदा ठुलो समस्या भएको बताए । प्राणमञ्चसँगको कुराकानीमा उनले भने "हामीले लामो समयदेखि विद्यालयमा उत्पन्न समस्याको रचनात्मक समाधान गर्न सुझायौँ, खबरदारी पनि गर्‍यौँ तर न विद्यालय प्रशासनले सुन्यो न त विद्यालय व्यवस्थापन समितिले । ६ वर्षदेखि अभिभावक भेला भएको छैन, आर्थिक विषय पनि डामाडोल पारेर लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिँदैन, अभिभावक पनि जागरूक हुन सकेको अवस्था छैन, अनि पठनपाठन कसरी व्यवस्थित हुन्छ त ?" उनले विद्यालय प्रशासनले विद्यार्थीलाई स्तरीय पठनपाठन गराउनुको सट्टा चिटिङ गरेर विद्यार्थीलाई कक्षा पास गराउने प्रवृत्ति रहेकोसमेत दावी गरे ।

उता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पृथबहादुर बुढाले बाहिर हल्ला भएजस्तो विद्यालयमा समस्या नभएको बरू कतिपय व्यक्तिहरूको स्वार्थ र मनमुटावले अनेक आरोप प्रत्यारोप गरेर विद्यालयमा भाँजो हाल्न खोजिएको जिकिर गरे । ६ वर्षदेखि अभिभावक भेला नभएको, समयसमयमा लेखापरीक्षण गर्ने र सार्वजनिक पनि नभएको/नगरिएको, नियमित पठनपाठन र हेडसरको प्रशासनिक क्षमताको कमजोरी रहेकोसमेत स्विकारेका उनले अरू समस्या नभएको दाबी गरेका हुन् । उनले प्राणमञ्चसँगको कुराकानीमा कमजोर नियामक राज्य, न्युन चेतनास्तरको अभिभावक र जिज्ञासु विद्यार्थीको अभावमा पनि यस्तो समस्या बल्झिरहने गरेको बताए ।

उता शिक्षा विकास तथा समन्वय इकाई प्रमुख शिव पण्डितले कानुनविपरित कार्य गर्ने अधिकार कसैलाई नभएको बताउँदै सो विद्यालयको बारेमा जिल्लामा पनि पटक-पटक गुनासो परिरहेका तर त्यहाँको विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासन समस्या समाधान गर्ने भन्दापनि झनै बल्झाउनेतिर लाग्नु दुखद भएको बताए । उनले स्थानीय निकायको गठनसँगै शिक्षा क्षेत्रमा झन समस्या थपिएको पनि जिकीर गरे । यता नौबहिनी गाउँपालिकाले सो विद्यालयको मुद्दा अख्तियारमा भएकोले सोहिबमोजिम किनारा लाग्ने तथा पालिकाभित्रका कैयौँ अन्य विद्यालयहरूमा पनि समस्या देखिएकोले आफुहरू तुरून्त समस्या समाधान गर्न लाग्ने बतायो । यो समाचार तयार पार्दासम्मा सो विद्यालयका प्रधानाध्यापक हाम्रो सम्पर्कमा आउन आहेनन् । हामीले उनलाई पटक-पटक फोन गर्न खोज्दा नउठाउने, फोन कटाउने तथा मोबाइल अफ गर्नेजस्ता हर्कत गरे ।

# विषयसूची


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १ | कृषिमा आत्मनिर्भ कहिले ? | सम्पादकीय | ४ |
| २ | निरिह शासकले निम्त्याएको नियति | खास अपडेट | ५ |
| ३ | सहकारी र समाजवादी सहकारीको दिशा | शशिधर भण्डारी | ९ |
| ४ | फेसबुक: what's on your mind ? | नरेन्द्रजंग पिटर | १४ |
| ५ | पितृसत्ताबाट विद्रोह खोजेको दासता | सुमिना | १८ |
| ६ | लिम्पियाधुरा विवाद र नक्सा काण्ड | रतन भण्डारी | २२ |
| ७ | मानव चिन्तनको विकास | मनु बि.क. | २७ |
| ८ | विकास धानिरहेका महिलाहरु | समाचार | ३२ |
| ९ | प्रकाशनका चौथो वर्ष | पदम प्रसाद पोखेल | ३६ |
| १० | के होला अमेरिका–चीन युद्ध प्रभाव | रस ब्यावेज | ३९ |
| ११ | अठार मगरातको नगरी थवाङ | के.वि मसाल | ४२ |
| १२ | सिद्धवावा सुरुङमार्गको गति बढ्यो | समाचार | ४७ |
| १३ | मानव विकास पूर्वाधार विकास परिपुरक | शिवराज पौडेल | ५० |
| १४ | मुलुकको अर्थतन्त्र कता जाँदैछ ? | अच्युत वाग्ले | ६७ |
| १५ | देश विकासको मुख्य पूर्वाधार शिक्षा | मधु पोखेल | ६१ |



## प्राणमञ्च राष्ट्रिय मासिक

वर्ष ४ अंक १ फागुन - २०७९

**सम्पादन मण्डल**, **प्रकाशक/सम्पादक**: पार्वती न्यौपाने, **प्रधान सम्पादक**: पदम प्रसाद पोख्रेल, **अतिथि सम्पादक**: शशिधर भण्डारी, **सम्पादक**: जंग रेउले, **प्रबन्धक**: टंक प्रकाश के.सी., **कानुनी सल्लाहकार**: वरिष्ठ अधिवक्ता एकराज भण्डारी, **संवाददाता**: केशर सुनार

**प्रधान कार्यालय**: प्यु.न.पा.४ जुम्री, प्यूठान

**सम्पर्क**: ९८४७९७४८४२, ९८४०९१३८४०, ९८४१२९२३४६

**Email: maanchap76@gmail.com** **Online**; pranmancha.com

**pranmancha@gmail.com**

**मुख्य शाखा कार्यालय**: घोराही, दाङ **शाखा कार्यालयहरू**: :श्रीनगर सल्यान: पुस्कर पन्थ सुनार: ९८६०४३५४६७ **बुटवल**: विजय जि.सी. ९८४४७७५९९७, नेपालगञ्ज: गणेश आरसी, **मुद्रण**: सुलभ अफसेट प्रेस, बुटवल: ९८४६१२८१८४

मूल्य रु: ३५०


# कृषिमा आत्मनिर्भर कहिले ?

परापूर्वकालदेखिनै सबै पुस्ताले रटान गर्दै आइरहेको वाक्य हो, "नेपाल कृषि प्रधान मुलुक हो र यहाँका सबैजासो नागरिक यो वा त्यो रुपमा कृषि पेशामा आवद्ध छन् , ८५ प्रतिशत यहि पेशामा निर्भर छन् ।" यो रटानले कैयौं पुस्ता, समय र परिवेश फेरियो । कैयौंपटक त व्यवस्था फेरियो, पार्टी फेरिए, सरकार सञ्चालनका विभिन्न पात्र फेरिए तर मुलुक ! अहँ, जनताको जिजिभिषा फेरिएन, सुखले दुईछाक टार्ने र छानोभित्र न्यानो कपडामा घुम्टिएर चिर निद्रा पुऱ्याउने लाखौं जनका अधुरा सपनामाथि सत्ताउन्मादले गरिरहे को बलात्कार यो वा त्यो रुपमा आज पनि जारी छ । मुलुकमा कैयौं दर्जन चुनाव भए । पात्रहरुले जिन्दवाद र मुर्दावादको नारा फलाक्दै विकासे समृद्धिका चुनावे गफ्फाजिभित्र जनताला भुलभुलैयामा पार्नु नौलो विषय भएन ।

विद्वानहरु भन्छन्, 'मुलुक बनाउनु छ भने राम्रो शैक्षिक नीतिको विकास गर तर बिगार्ने हो भने पुलिस र झ्यालखानाको विकास गर ।' यो उक्ति आधुनिक नेपालको स्थापना भएदेखि यता कायमै छ । अर्थात हाम्रा शासकहरुले जहिल्यै जेल र पुलिसको मात्रै बढावा दिए । शिक्षामा आधुनिकीकरण र माटोको मूल्य बोध हुने शैक्षिक प्रणालीको विकास गरेको भए आज हरेक क्षेत्रमा यतिबिघ्न परनिर्भरता हावी हुने थिएन । परनिर्भरताको चंगुलमा फस्दै जाँदा मुख्य असर कृषिमा पऱ्यो जुन जनताको दैनिक पेट भर्ने तत्व हो । छाक टार्न नभई नहुने कृषिजन्य वस्तु आयात गर्नुपर्ने बाध्यता त्यसै उब्जेको होइन। कृषिमा व्यवसायीकरण र विविधीकरणको अभाव, कृषि सामग्रीको उचित बन्दोबस्ती, वास्तविक किसानसँग जमिन अभाव र कृषि कर्म गर्ने जनशक्तिको अभावका कारण परनिर्भरता बढेको देखिन्छ। गत वर्षमात्र मुलुकले सवा खर्ब रुपैयाँबराबरको कृषिजन्य वस्तु आयात गरेको थियो। मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कृषि क्षेत्रको योगदान ४१ प्रतिशत छ । अझै पनि ७१ प्रतिशत किसानको मुख्य पेसा नै कृषि हो। तर ६० प्रतिशत जनशक्ति कृषि पेसामा लागे पनि तिनलाई खानसमेत पुग्दैन। २३ प्रतिशत किसानको आफ्नो जमिन छैन । राज्यले कुल वार्षिक बजेटको तीनदेखि चार प्रतिशतसम्म कृषिमा लगानी गर्दै आएको छ। जनसंख्या बढ्दो छ, तर उत्पादकत्व बढेको छैन ।

श्रमशक्तिको अभावमा सयौं हेक्टर खेतीयोग्य जग्गा बाँझै छन् । सिँचाइको अवस्था त्यस्तै छ। नेपालको कुल धानखेती हुने क्षेत्रफल १५ लाख हेक्टरमध्ये करिब २५ प्रतिशतमा मात्रै १२ महिना सिँचाइ सुविधा उपलब्ध छ। यसमा पनि जहाँ खेतीयोग्य जमिन छ, त्यहाँ सिँचाइ सुविधा उपलब्ध छैन । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वाणिज्य बैंकले कुल लगानीको २० प्रतिशतसम्म कृषि क्षेत्रमा अनिवार्य लगानीको बन्दोबस्ती गरे पनि प्रभावकारी हुन सकेन । कमजोर राज्यसंयन्त्रको फाइदा उठाउँदै गरिएको कृषियोग्य भूदोहनले उर्वर जमीन कंक्रिटमा बदलिएको छ भने गाउँघरमा जनशक्ति अभाव र ऋणात्मक कृषि उत्पादनले आयात घट्ने कुनै सम्भावना छैन । यसको लागि राज्यले देशका हरेक बाँझो जमिनमा आधुनिक प्रविधिमार्फत अन्न फलाउने अनिवार्य नीति लिन जरुरी छ ।

# निरिह शासकले निम्त्याएको नियति



## कृषिमा विखण्डीकरणको श्रृङ्खला




**पार्वती न्यौपाने, दाङ**

मुलुकमा २०४६ सालको जनआन्दोलनपछि आएको बहुदलीय व्यवस्थाको जालोभित्र छिरेको निजीकरण र उदारीकरणको नीतिले सरकारी स्वामित्वका सबै उद्योग धन्दा र कलकारखाना योजनाबद्ध ढंगले बन्द गराइयो । देशीविदेशी उद्योगी व्यवसायीलाई प्रबर्द्धन गर्ने नाउँमा राज्यलाई कंगालीकरण गर्ने विदेशीहरू (खासगरी भारतीय शासक) कै डिजाइनमा ल्याइएको सो कार्यक्रमले नेपालीजनको रोजिरोटी, देशको राष्ट्रिय उत्पादन र राजनीतिक स्थाइत्व आदि सबै गुम्यो । बहुदलीय व्यवस्था अगाडिको निर्यात दर अहिलेको तुलनामा निकै सुखद सुचक थियो । त्यतिबेला नेपालले गहुँ, मकै, कोदो, फापर, चिनि लगायतका धेरै खाद्यान्न वस्तुहरूको निर्यात गर्दथ्यो । बहुदलीय व्यवस्थासँगै आएको निजी क्षेत्र प्रबर्द्धन र विकासका कार्यक्रमले नेपालको राष्ट्रिय उत्पादन र निर्यातलाई क्रमशः निमिट्यान्न पार्दै गएपछि नेपालको उपभोक्ता बजारमा भारतीय उत्पादनको एकछत्र हस्तक्षेप भयो । विदेशी शक्ति केन्द्रले योजनाबद्ध रूपमा निम्त्याएको अस्थिर राजनीतिको फाइदा उठाउँदै भारतले नेपाली बजारमा विगतकालदेखि नै चरम विषादी प्रयोग गरिएको तथा म्याद गुज्रिएका गैरखाद्य सामाग्रीको नेपाललाई गोदाम बनायो । नेपालको निरीह र लाचार सत्ता र कर्मचारी प्रशासनले उनीहरूको आशीर्वाद थाप्दै आफ्नै जनतामाथि बारम्बार लात हानिरहे । उनीहरूका हरेक बदमासीलाई नेपालको लोगो र छापको दुरूपयोग गर्दै वैधानिकता प्रदान गरिनैरहे । आफुले भनेको नमाने जसरी पनि ठेगान लगाउन सकिन्छ भन्ने दादागिरी पालेर बसेको भारतीय ठुल्दाई प्रवृत्तिले हालै पनि तरकारी लगायत अन्य खाद्यान्न सामाग्रीमा अन्तर्राष्ट्रिय व्यापार सन्धिअनुरूप गर्नैपर्ने विषादी परिक्षणको विषयलाई नङग्याएर आफ्ना गैरखाद्य उत्पादनले नेपाली बजार टनाटन भरिरहेको छ । आफ्नै जनताले अखाद्य सामाग्री भारतीय पक्षको दादागिरीले खान विवस हुँदा नेपालको राज्यप्रशासन चुँ गरी बोल्दैन । अर्थात देशको

आवश्यकताबमोजिमको आधुनिक कृषि नीतिको विकास गरी त्यसको कार्यान्वयन गरेर मुलुकमा कृषिजन्य वस्तुको मनग्य उत्पादन गर्नुको साटो हाम्रा शासकहरूले जहिल्यै जेल र पुलिसको मात्रै बढावा दिए । शिक्षामा आधुनिकीकरण र माटोको मूल्य बोध हुने शैक्षिक प्रणालीको विकास गरेको भए आज हरेक क्षेत्रमा यतिबिघ्न परनिर्भरता हावी हुने थिएन । परनिर्भरताको चंगुलमा फस्दै जाँदा मुख्य असर कृषिमा पर्‍यो जुन जनताको दैनिक पेट भर्ने अभिन्न भरणपोषण हो । यसो त छाक टार्न नभई नहुने कृषिजन्य वस्तु आयात गर्नुपर्ने बाध्यता त्यसै उब्जेको होइन। कृषिमा व्यवसायीकरण र विविधीकरणको अभाव, कृषि सामग्रीको उचित बन्दोबस्ती, वास्तविक किसानसँग जमिन अभाव र कृषि कर्म गर्ने जनशक्तिको अभावका कारण परनिर्भरता बढेको देखिन्छ। गत वर्षमात्र मुलुकले सवा खर्ब रूपैयाँ बराबरको कृषिजन्य वस्तु आयात गरेको थियो। परापूर्वकालदेखिनै सबै पुस्ताले रटान गर्दै आइरहेको वाक्य हो, "नेपाल कृषि प्रधान मुलुक हो र यहाँका सबैजासो नागरिक यो वा त्यो रूपमा कृषि पेशामा आवद्ध छन्, ८५ प्रतिशत यहि पेशामा निर्भर छन् ।" यो रटानले कैयौँ पुस्ता फेर्‍यो, समय फेरियो, परिवेश फेरियो, कैयौंपटक त व्यवस्था फेरियो, पार्टी फेरिए, सरकार सञ्चालनका विभिन्न पात्र फेरिए तर मुलुक ! अहँ, जनताको जिजिभिषा फेरिएन, सुखले दुईछाक टार्ने र छानोभित्र न्यानो कपडामा घुम्टिएर चिर निद्रा पुर्‍याउने लाखौँ जनका अधुरा सपनामाथिको बलात्कार यो वा त्यो रूपमा आज पनि जारी छ । मुलुकमा कैयौं दर्जन चुनाव भए । पात्रहरूले जिन्दवाद र मुर्दावादको नारा फलाक्दै विकासे समृद्धिका चुनावे गफ्फाजिभित्र जनताला भुलभुलैयामा पार्नु नौलो विषय भएन । मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कृषि क्षेत्रको योगदान ४१ प्रतिशत छ। अझै पनि ७१ प्रतिशत किसानको मुख्य पेसा नै कृषि हो। तर ६० प्रतिशत जनशक्ति कृषि पेसामा लागे पनि तिनलाई खानसमेत पुग्दैन। २३ प्रतिशत किसानको आफ्नो जमिन छैन। राज्यले कुल वार्षिक बजेटको तीनदेखि चार प्रतिशतसम्म कृषिमा लगानी गर्दै आएको छ। जनसंख्या बढ्दो छ, तर उत्पादकत्व बढेको छैन। कृषिको मुख्य उत्पादन धानलाई मुलुकको मूल अर्थतन्त्रको मेरूदण्डसँग जोडिएको छ। जुन वर्ष धानको उत्पादन घट्छ, त्यो वर्ष कुल गार्हस्थ उत्पादन (जीडीपी) को अवस्था पनि खुम्चिन्छ। धान उत्पादनले जीडीपीको अवस्थालाई दिशा दिने काम गर्छ। पूर्व कृषि सचिव डा. योगेन्द्र कार्कीँका अनुसार अहिले विश्वको जनसंख्या ८ अर्बभन्दा बढी छ । त्यसमध्ये एसियामा मात्रै ४.७३ अर्ब तथा हाम्रो छिमेकी राष्ट्र चीनमा १.४५ अर्ब र भारतमा १.४१ अर्ब छ ।

३ करोड मात्र जनसंख्या भएर पनि देशभित्रै पर्याप्त मात्रामा कृषि उपजको उत्पादन हुन नसक्नु विडम्बना हो । हामीकहाँ प्रशस्त खेतबारी र जुनसुकै बाली उत्पादन हुन सक्ने मौसम उपलब्ध छ । कार्कीका अनुसार पनि हामीकहाँ लक्ष्यअनुसार अधिकांश कृषि उपजको उत्पादन हुन सकेको छैन । १५ औँ योजनाको कार्यान्वयन हुन थालेको करिब तीन वर्ष बितिसक्दा प्रमुख खाद्य बाली धानको उत्पादकत्व ४.५ मेट्रिक टन प्रतिहेक्टर पुर्‍याउने लक्ष्य राखेकोमा ३.८२ टन प्रतिहेक्टर मात्र रहेको छ । आव ०७८/७९ मा नै धानको उत्पादकत्व ४.३ टन प्रतिहेक्टर पुर्‍याउने लक्ष्य थियो । तर, सो वर्ष नाघिसक्दा पनि लक्ष्यअनुसार उत्पादन हुन सकेको छैन । प्रतिवर्ष बढ्दै जानुपर्ने धानको उत्पादनमा उतारचढाव देखिने गरेको छ । यो वर्ष ५४ लाख ८६ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक छ । जब कि दुई वर्षअघि सबैभन्दा धेरै ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । श्रमशक्तिको अभावमा सयौं हेक्टर खेतीयोग्य जग्गा

बाँझै छन्। सिँचाइको अवस्था त्यस्तै छ। नेपालको कुल धानखेती हुने क्षेत्रफल १५ लाख हेक्टरमध्ये करिब २५ प्रतिशतमा मात्रै १२ महिना सिँचाइ सुविधा उपलब्ध छ। यसमा पनि जहाँ खेतीयोग्य जमिन छ, त्यहाँ सिँचाइ सुविधा उपलब्ध छैन। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वाणिज्य बैंकले कुल ललगानीको २० प्रतिशतसम्म कृषि क्षेत्रमा अनिवार्य लगानीको बन्दोबस्ती गरे पनि प्रभावकारी हुन सकेन। अर्का कृषि विज्ञ शरणकुमार पाण्डेका अनुसार सरकारले सुरू गरेको ' आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम' का लागि प्रदेश तथा स्थानीय तहमार्फत खर्च गर्ने गरी विनियोजन गरेको ८ अर्ब ४५ करोड ७० लाख स्वैयाँ अर्थ मन्त्रालयले रोक्का गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि



विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमबाट कर्णाली प्रदेश र ६ सय १४ स्थानीय तहमा सञ्चालित आत्मनिर्भरका लागि कृषि कार्यक्रमलाई सशर्त अनुदानको रकममा वित्तीय हस्तान्तरण भएकामा मन्त्रालयले भने बजेट रोक्का गरेको हो । कृषिमा बजेटको प्रसस्त लगानी र त्यसको प्रभावकारी कार्यान्वय गर्नुको साटो कृषि क्षेत्रकै बजेट ठुलो परिमाणमा कटौती हुनु निकै दुखद भएको बताए । खाद्य सुरक्षाका दृष्टिकोणले नेपालको ५२ प्रतिशत घरपरिवार खाद्य सुरक्षाको घेराभित्र छन् । २१ प्रतिशत खाद्यसंकट (खान नपुगिरहेको)को अवस्थामा छन् । बाँकी २२ प्रतिशत मध्यम खाद्यसंकट (६ महिनासम्म खान नपुग्ने) अवस्थामा छन् । १० प्रतिशत घरपरिवार चरम खाद्यसंकट अर्थात् खान नपुग्ने स्थितिमा छन् । यो स्थिति प्रत्येक दिन २२ सय ५० क्यालोरी चाहिने र यो क्यालोरी खाद्यवस्तुबाट प्राप्त गर्ने क्षमताका आधारमा तय गरिएको हो । भौगोलिक दृष्टिकोणले हेर्ने हो भने सिन्धुपाल्चोक, दोलखा, रामेछाप, गोरखा, नुवाकोट, रसुवा, बाजुरा, डोल्पा र मुगु गरी नौ जिल्लामा खानैनपुग्ने गरी कृषि उत्पादन हुने, १९ जिल्लामा थोरै खान पुग्ने उत्पादन हुने र ४५ जिल्लामा जनसंख्याको तुलनामा बढी खाद्यान्न उत्पादन हुने गरेको तथ्यांक छ ।

कृषि सामाग्री केन्द्र घोराही दाङका शाखा प्रबन्धक टोपाराम गौतमका अनुसार सरकारको कमजोर कृषि नीतिको अलावा यस क्षेत्रमा परनिर्भर ताको परिचक्रमा दक्षिण यसियाली बैंकको भूमिका पनि उत्तिकै छ । उसले २०५५/२०५६ राज्यले कृषि सामाग्री, विउविजन , मल वितरणको काम फरकफरक इकाईमार्फत गर्नुपर्ने भनी एक प्रतिवेदन तत्कालीन शाही सरकारलाई राखेको थियो । सुझावबमोजिम २०५९ बैशाख २५ गतेसम्म कृषि सामाग्री संस्थानमार्फत कृषिजन्य उत्पादनको विउविजनको संकलन र वितरण, मल तथा कृषि औजारको वितरण गर्रिदै आएको संस्थानलाई छिन्नभिन्न पारिदियो । ०५९ सम्म मल, बीउ, र औजार तथा प्रविधिमा सरकारले दिँदै आएको अनुदानको सम्पूर्ण प्याकेज रोकेपछि संस्थान छिन्नभिन्न अवस्थामा पुर्‍याएर आफ्नो राष्ट्रिय उत्पादन किसानको जीवनमा ठुलो क्षति पुग्यो । जसको एकमात्र उदेश्य यहाँको महत्त्वपूर्ण रैथाने बालीको समुल नष्ट गरी आफ्नो हाइब्रिड विउपलको एकछत्र पकड जमाउनु थियो र हालसम्म यो साम्राज्य अभियानमा भारत सफल भइरहेको सरोकारवालाहरू बताउँछन् ।

# होली...............

**कविता**



घनश्याम अस्तित्व

यो समय
क्रुर बनेर उभिईरहेछ मेरो आँखा अगाडी

विचारहरू सुतेका छन्
विचारका भरिया पराजित देखिन्छन्
लास र मलामी जस्तै देख्छु सबै
"क्रान्ती या बिद्रोह" भन्नु ठट्टा बनेको छ
म कसरी लगाउँ या नलगाउँ तिमीलाई– रातो रङ

अनुहारमा फुल्ने
खुसी र मुस्कानहरू
यो समयको क्रुर शासकले
सिरानीमुनी च्यापेर सुतेको छ
उजाड देखिदेखि
यो जिन्दगी हरियो बनाउँ भन्नु सोचेर
म लगाउँ या नलगाउँ तिमीलाई– हरियो रङ

यसैपनि हाम्रा अनुहारहरूमा
बग्न छोडेर रगत– कालो पोतो नै बसेको छ
यो दुःखको चित्र केरमेट गर्न
म लगाउँ या नलगाउँ तिमीलाई– कालो रङ
फराकिलो छ
पेटभन्दा भोकको आयतन
अभावहरूको कुहिरोले छोपेको छ घर
एउटा प्रश्न तीर बनेर तेर्सिरहेछ
बच्चाबच्चीलाई बन्दुक दिउँ कि खाना ?
दमको गीत गाइरहने बुढा बुवाआमाको

घाटी र छाती भिज्नु छैन औषधिले
राजधानीबाट उडिगएका सपनाका सेता परेवाहरू
आकासबाटै खसालेछ यो जल्लाद सरकारले
कुन "मनोशान्ती" को कामना गर्दै
म लगाउँ या नलगाउँ तिमीलाई– सेतो रङ

सधै रहर गरिरहने
आमा–श्रीमतीका बुच्चा नाक, कान घाँटी जिस्काउन
कसरी खेलुँ म पहेँलो रङ ?
गुलाबी रङका सपना र निलो आकास उस्तै हुन्
कसरी खेलुँ म रङहरूको होली ?
म लगाउँ या नलगाउँ तिमीलाई
रंगहिन जिन्दगीको खिल्ली उडाउदै – रङहरू

हामीलाई युद्ध र दुखले घाईते बनाएको प्रमाण
यिनै गालामा बगिरहने आँशु र रगत मेटाउन
ओ ! प्यारा साथीहरू, यसपाली
म कसरी खेलुँ यी रङहरूको होली ?

# सहकारी र सहकारीको समाजवादी दिशा

**"सहकारीलाई समाजवादी चिन्तन, संस्कार, व्यवहार र अर्थनीतिको दिशामा अगाडि बढाउन आवश्यक छ । एउटै समस्या, एउटै दुःख र एउटै आवश्यकता भएका समाजको निमुखा जनताले मिलेर सहकारीलाई भावी समाजवादी व्यवस्थाको आधारका रुपमा विकास गराएर अगाडि बढाउन आवश्यक छ । अन्यथा सहकारी सहयोगी सामाजिक सोँच होइन, बोझ हुने खतरा छ । नाफामा मात्र बाँच्ने दलाल तथा नोकरशाही पूँजीवादी संस्कार र संस्कृतिले सहकारीका परोपकारी र सहयोगात्मक मुल्यहरुलाई भत्काउँदै जाने छ । त्यसकारण सहकारीलाई माक्र्सवादी दृष्टिकोणका आधारमा समाजवादी संस्कृतिमा आधारित दिशा दिन जरुरी छ ।"**






बेलायतमा भएको औद्योगिक क्रान्ति पूँजीवादको विकास र पूँजीवादको शोषणले उत्पन्न गराएको असमानता तथा मजदुर वर्गको दयनीय अवस्थाको कारणले केही चिन्तकहरूमा सहकारीको अवधारणा जन्मेको देखिन्छ । सहकारी भनेको सहकार्य हो । एउटै अवस्था, एउटै समस्या, एउटै लक्ष्य र एउटै सपना भएका जनता मिलेर आफ्नो वर्गीय समुदायको हित र सहयोगको सामुहिक आदानप्रदान सहकारी हो । अन्तर्राष्ट्रिय सहकारी अभियानको इतिहासमा सहकारीको अवधारणाका प्रणेता कसलाई मान्ने भन्ने विषयमा पनि मतभिन्नताहरू रहेका छन् । आधुनिक विश्वमा समाजको विश्वव्यवस्था सम्बन्धी दुईवटा परस्परविरोधी विचारधाराहरू छन् । पुँजीवादी व्यवस्था वा समाजवादी व्यवस्था दुबैमा सहकारीको अवधारणालाई स्वीकार गरेको पाइन्छ । शुरूमा त सहकारी आन्दोलन पुँजीवाद विरूद्ध उठाइएको महत्वपूर्ण कदम थियो । यसको महत्वलाई ध्यानमा राखेर रूस र चीनमा कम्युनिस्ट क्रान्ति भएपश्चात सहकारीताको अवधारणालाई व्यवहारिक रूप दिएर अगाडि बढाउने काम भएको थियो । ती देशहरूमा सहकारीताले समाजवाद निर्माणमा प्रक्रियाको जगकै काम गरेका थिए । आजको विश्वमा समाजवादी क्रान्ति भएका मुलुकहरूमा पनि घोषित वा अघोषित रूपमा पुँजीवादको पुनःस्थापना भएको छ । संकटपूर्ण अवस्थामा पुगेको पुँजीवादलाई प्राण भर्नका निमित्त सन् सत्तरीको दशकमा पूँजीवादीहरूले नवउदारवादी अर्थ नीतिमा आधारित सिद्धान्तको जग हाले ।

त्यसैको परिणाम आधुनिक पुँजीवाद नीजिकरण र पूंजीवादी भूमण्डलीकरणको दिशामा गयो । नीजिकरण र पुँजीवादी भूमण्डलीकरणले सामाजिक वर्गअन्तरलाई अरू गहिरो बनाउदै गएको छ । उद्योगहरूमा नीजिकरणले ठेकेदारीप्रथा कायम गरेको छ । सन् १८८६ मा अमेरिकाको सिकागो शहरमा भएको महान् र वीरतापूर्ण बलीदानीको संघर्षबाट प्राप्त ८ घण्टा काम, ८ आराम र ८ घण्टा मनोरञ्जनको अधिकारलाई अत्यन्त नाटकीय ढंगले पुँजीपतिहरूले हरण गरेका छन् । खुल्ला बजार अर्थनीतिका कारणले साना किसानहरू अत्यन्तै शोषणमा परेका छन् । नवउदारवादी सिद्धान्तले पैदा गराएको दलाला तथा नोकरशाही पूँजीवादले आधुनिक पूँजीवादी समाजको तल्लो तहमा रहेको किसान मजदुर वर्गलाई निकै नै निचोरेको छ । यस्तो अवस्थामा सामान्य जीवन निर्वाहको निमित्त पनि जीवन निर्वाहको प्रश्नमा सहकारी संस्था किसान मजदुरका निमित्त अनिवार्य भइसकेको देखिन्छ ।

विश्वका मार्क्सवादीहरूले काल्पनिक समाजवादी विचारका चिन्तकहरू रबर्ट ओवेन, सेन्ट साइमन र चार्ल्स फुरियलाइ सहकारी सम्बन्धी अवधारणाका जनक मानेका थिए । त्यसमा पनि मूख्य रूपमा रबर्ट ओवेनको नाम लिएको पाइन्छ । अर्काथरी विद्वानले रोयडेल पायनियर्सलाई सहकारी सम्बन्धी अवधारणाको जनक मान्दछन् । तिनीहरूले रोचडेलले सन् १८४४ मा उत्तरी इङ्ल्याण्डको रोचडेल बस्तीमा २८ जना मजदुरलाई मिलाएर एउटा सहकारी स्थापना गरिसकेका थिए भन्दछन् । तिनीहरू त्यहाँको धागो कारखानामा काम गर्ने मजदुरहरू थिए । सो व्यवसायीक सहकारीको नाम रोचडेल इक्विटेवल पायनियर्स सोसाइटी थियो भन्ने भनाई छ । त्यहाँको मजदुरको दयनीय अवस्थालाई सुधार गर्न त्यो सहकारी संस्थाले महत्वपूर्ण योगदान दिएको थियो । काल्पनिक समाजवादी चिन्तक रोबर्ट ओवेनले सन् १८२५ देखि सहजीवन बस्ती आवास कार्यक्रम सञ्चालन गरेका थिए । उनले २० हजार पाउण्ड खर्च गरेर न्यू हर्मोनी इण्डियना भन्ने स्थानमा जमिन किनेर १६ वटा बस्ती बसालेका थिए । रोबर्ट ओवेनको बस्तीमा २ सयदेखि ३ हजार सदस्यसम्मा रहन्थे । त्यसमा सामुहिक भोजनालय, भान्साघर, पुस्तकालय, कारखाना, अन्न कुटानिपिसानी मिल आदिको व्यवस्था थियो । यस्तो सहकारी सहभोज र सहआवासको व्यवस्था गरेर ओबेनले मान्छेलाई व्यक्तिगत सम्पत्तिप्रतिको मोहलाई हटाउने प्रयत्न गरेका थिए । नीजि सम्पत्तिप्रति पूँजीवादको विकासले अत्यन्त लालची समाज निर्माण गराइरहेको अवस्थामा रबर्ट ओवेनको यो अभियानको प्रभाव निकै महत्वको थियो । उनले यो अभियानको प्रवाह उनको एउटा सानो एरियाको बस्तीमा मात्र सिमित रहेता पनि उनको सो कर्मको सकारात्मक सन्देश प्रवाह भएको थियो । त्यसैले सहकारी सम्बन्धी एकथरी विद्वानहरूले रोबर्ट ओवेनलाई नै सहकारीका जनक मान्दछन् । सन् १७९९ देखि रोबर्ट ओवेन र डेल बेलायतको स्कटल्याण्डमा बस्दा दुबैले सहकार्य गरेको पनि देखिन्छ । विश्वको सहकारी अभियानको इतिहास हेर्दा जर्मनीका विल्हेम राइफसेनको पनि नाम आउँछ । सन् १८१८ मा जन्मेका राइफसेनले मेहनतपूर्वक पहलकदमी गरेर १८६२

मा जर्मनीको राइनल्याण्डमा सहकारी सम्बन्धी सर्वहारा समझदारी नामक एउटा बचत संस्था खोले र किसानहरूका बीचमा कार्यसम्पादन गरेका थिए । "एकका लागि सबै र सबैका लागि एक" उनको नारा थियो । सुरुमा यस्तै यस्तै कामदार हरूको जगमा एकपछि अर्को गरेर सहकारी अभियानले विश्वव्यापी रूप लिएको देखिन्छ ।

नेपालमा बि.सं. २०१३ सालमा चितवनमा स्थापना गरिएको बखानसिंह बचत तथा ऋण सहकारीलाई पहिलो सहकारी संस्थाका रूपमा स्वीकार गरिएको छ । नेपालमा सहकारीको ६ दशकभन्दा लामो इतिहास छ । यस दौरानमा सहकारीहरूले केही सकारात्मक योगदान पनि दिएका छन् । नेपालमा सरकारले सहकारीलाई तीनखम्बे अर्थनीति अनुरूप महत्वपूर्ण खम्बाका रूपमा ग्रहण गरेको छ तर नेपाली अर्थतन्त्रको अन्य क्षेत्रमा जस्तै सहकारीको क्षेत्रमा पनि सन्तोषजनक ढंगले कार्यसम्पादन भएको पाइँदैन । देशका कतिपय सहकारीहरू वेथिति र अनियमितता तथा भ्रष्टाचारमा डुबेका छन् । तर देशका कतिपय सहकारीले जनतालाई बचत संकलन गर्ने, सहुसलियत ऋण पदान गर्ने, उत्पादनमा प्रोत्साहन गर्ने, ज्ञान र सीपको आदानप्रदान गर्ने, सामाजिक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने लगायतका कामहरू गर्दै पनि आएका छन् । त्यसलाई नजरअन्दाज गर्न मिल्दैन । तर मूल रूपमा नेपालका कतिपय सहकारीहरू सहकारीको उदेश्य र सपना अनुरूप चलेका छैनन् । कतिपय सहकारीहरू किसान र मजदुरलाई चुस्ने संगठित महाजन जस्ता भएका छन् । सहकारीहरूले उत्पादन र सहकार्यलाई नारामा मात्र सिमित गर्दै लक्ष्यबिहीन रूपमा जनतालाई ऋण बाँड्ने र घरखेत नै उठाइदिने गरेका कैयौँ उदाहरणहरू छन् । सहकारीलाई डुबाउने र सहकारीमा भएको रकम उठाएर भाग्ने गरेका पनि कैयौँ उदाहरण छन् । जनताबाट पैसा उठाउने र एउटा उपल्लो तहको सञ्चालक तप्काले मनपर्दी गरेको पनि पाइन्छ । देशमा कतिपय यस्ता झोले सहकारी पनि छन् जसले राजनीतिक पहुँचको आधारमा ऋण र अनुदान कुम्ल्याउने तर एउटा पनि प्रगति विवरणको सत्य फाइल बनाउन नसक्ने गरेका छन् । एकातिर सहकारी सञ्चालकहरूका गैरजिम्मेवार कार्यशैली अर्कोतिर सरकारको तथा पार्टीहरूको उचित नीति निर्माण र निर्देशनको कमीको कारणले पनि सहकारी क्षेत्रले सन्तोषजनक परिणाम दिन सकेको देखिन्न । कतिपय अवस्थामा सरकारले सहकारी आन्दोलनलाई गरिबी निवारणको संस्थाका रूपमा परिभाषा गरेको पाइन्छ तर वस्तुगत वास्तविकता तदनुरूपको छैन । एकातिर सरकारले यस्तो आशा गरेको देखिन्छ भने अर्कोतिर नवउदारवादी अर्थतन्त्रमा आधारित भूमण्डलीकृत पूँजीवादको महत्वपूर्ण अंग वा खम्बाको रूपमा रहेको नीजि क्षेत्रले सहकारी अभियानलाई असफल पार्न लगातार प्रयत्न गर्दै आएको पाइन्छ । आधुनिक दलाल पूँजीपतिहरूले सहकार्य र हातेमालोको नाममा सहकारी खोलेर संगठित सुद्खोरको काम गरिरहेका छन् । सामन्तवादी व्यवस्थामा साहुमहाजनले चर्को ब्याज लिएर शोषण गरेजस्तै आजको दलाल तथा नोकरशाही पूँजीवादी व्यवस्थामा पूँजीपतिहरू संगठित भएर सहकारीको नाममा डरलाग्दो शोषण गरेको पनि देखिन्छ ।

साहुले बरू केही महिना पर्खनुस् भनेपछि मान्न सक्छ तर सहकारीलाई समयमै सावा ब्याजको किस्ता नतिरे घरखेत गरिदिन्छ भन्ने जनगुनासो समाजमा प्रशस्त छन् । आफै सदस्य रहेको सहकारी संस्था त्यति डरलाग्दो हाउँगुजी बन्नुका पछाडि केही कारणहरू जरूर छन् । विशेषत: यो समस्या कृषि तथा पशुपालन क्षेत्रमा देखिन्छ । उत्पादनवेसमा स्थापना भएका सहकारीहरूले ऋण प्रवाह गर्दा लगानी क्षेत्रको किटान, अनुगमन, तालिम र बजार व्यवस्थाकोसमेत प्रबन्ध सरकारको सहयोग र समन्वयमा गर्न जरूरी छ । सहकारीमा जग्गा धितो राखेर जनताले एउटा लक्ष्य किटान गरेर ऋण लिन्छन् तर सो ऋणलाई अर्कै शिर्षकमा खर्च गर्ने गर्छन् । त्यसो गर्न नदिन सहकारीहरूले अनुगमन, सल्लाह र सहयोग गर्ने कुरामा पनि ध्यान दिन जरूरी छ । यस पक्षमा ध्यान नपुगेको कारण सहकारीको भूमिका वित्तीय संस्थाहरूको जस्तो भूमिका रहेको देखिन्छ । सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एउटा खम्बा बनाउने हो र उत्पादन, वितरण र नाफासित जोड्ने जरूरी छ अन्यथा सहकारीको लिखितम् लक्ष्य एउटा तर काम अर्को हुने हुन्छ । अहिले यस्तै हुँदै आएको छ । यस्तै समस्याबाट गुजुल्टिदै आएको हुनाले नेपालमा सहकारीको क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा ३ प्रतिशत मात्र योगदान गरेको पाइन्छ । त्यसकारण नेपालमा सहकारी अभियानलाई वास्तविक सहकारीका रूपमा खास उत्पादनमा जोड्न अनिवार्य छ । नवउदारवाद, भूमण्डलीकृत पुँजीवाद र नीजिकरण सहकारीका बाधक हुँदै आएका छन् । तिनले समाजमा नीजिकरण जसरी हुन्छ नाफा सोहोर्ने संस्कार बसालेका छन् । दलाली कमिशनतन्त्र वैधानिक लुट जे गरेर हुन्छ नाफा कमाउने संकार बसालेका


**जाडो मौसममा दम, प्रेसर, मधुमेह लगायतका दिर्घरोगीहरु अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं । न्यानो बस्त्र लगाई प्रसस्त मात्रामा पोसिलो र झोलिलोजन्य अर्गानिक खानपिन गरौं, व्यायाम गरि रोगप्रतिरोध क्षमताको विकास गरौं, खुसी बनौं, स्वस्थ्य रहौं । कोरोना भाइरस संक्रमणको जोखिम कायमै रहेकोले सुरक्षा मापदण्ड कायम गरौं ।**

**सार्वजनिक सूचना**

- जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइसराइलगायत सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं ।
- धुरी कर, मालपोत, व्यवसाय कर, घर बहाल करलगायत सम्बन्धित वडा कार्यालयमा गई समयमै तिरि नागरिक दायित्व पूरा गरौं ।
- वातावरण मैत्री, बालमैत्री र समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर पसल, संघसंस्थाबाट निस्कने फोहोर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
- पूर्ण सरसफाईका सूचक अनुरुप घर, टोलको व्यवस्थापन गरी पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउन मद्दत गरौं ।

उच्च शिक्षा र रोजगारी त्यसपछि मात्र गर्ने गरौं बिहेबारी

**सत्यवति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी**

छन् । जसले गर्दा सहकार्य र सहकारीताको मानवीय संस्कारमा काफि बाधा पैदा भएको छ । पूँजीवादले सहकारीलाई ठीक दिशामा अगाडि बढ्न दिएको छैन । मार्क्सका अनुसार मजदुर मालिक भएको सहकारीमा मजदुरको शोषण हुनुहुँदैन । आफ्नो सहकारीमा काम गर्दा मजदुरहरू खुसी होउन र स्वतन्त्रताको अनुभूति गरून् भन्ने मार्क्सको भनाई हो । लेनिनले सहकारी संस्थाहरूलाई क्रान्तिपूर्व जनसम्बन्धको माध्यमका रूपमा उपयोग गर्ने र क्रान्ति सम्पन्न भएपछि समाजवाद निर्माणको आधार बनाउने कुरामा जोड दिएका छन् । मार्क्स, एंगेल्स पनि सहकारी अभियानका पक्षपाति थिए । काल्पनिक समाजवादीहरूदेखि आजसम्मको परिदृश्यले सहकारीलाई वैज्ञानिक समाजवादी व्यवस्थाको भ्रूणका रूपमा स्थापित गराउँदै आएको छ । आधुनिक नवउदारवादी कर्पोरेट पूँजीवादी आर्थिक नीति, संस्कार, संस्कृति र आचरणका विरूद्ध सहकारी उभ्याएर समाजवादी चिन्तन, संस्कार, व्यवहार र अर्थनीतिको दिशामा अगाडि बढाउन आवश्यक छ । आजको भूमण्डलीकृत पूँजीवादले सहकारी आन्दोलनका हिजोका मानवीय आर्थीक सहकारीका लक्ष्य सपना र उदेश्यलाई भत्काउँदै जाने संस्कार स्थापित गराउँदै गएको छ । एउटै समस्या, एउटै दुःख र एउटै आवश्यकता भएका समाजको निमुखा जनताले मिलेर सहकारीलाई भावी समाजवादी व्यवस्थाको आधारका रूपमा विकास गराएर अगाडि बढाउन आवश्यक छ । अन्यथा सहकारी सहयोगी सामाजिक सोँच होइन बोझ हुने खतरा छ । नाफामा मात्र बाँच्ने दलाल तथा नोकरशाही पूँजीवादी संस्कार र संस्कृतिले सहकारीका परोपकारी र सहयोगात्मक मुल्यहरूलाई भत्काउँदै जाने छ । त्यसकारण सहकारीलाई मार्क्सवादी दृष्टिकोणका आधारमा समाजवादी संस्कृतिमा आधारित दिशा दिन जरूरी छ ।


**जाडो मौसममा दम, प्रेसर, मधुमेह लगायतका दिर्घरोगीहरु अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं । न्यानो बस्त्र लगाई प्रसस्त मात्रामा पोसिलो र झोलिलोजन्य अर्गानिक खानपिन गरौं, व्यायाम गरि रोगप्रतिरोध क्षमताको विकास गरौं, खुसी बनौं, स्वस्थ्य रहौं । कोरोना भाइरस संक्रमणको जोखिम कायमै रहेकोले सुरक्षा मापदण्ड कायम गरौं ।**


**सार्वजनिक सूचना**

- जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइसराइलगायत सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं ।
- धुरी कर, मालपोत, व्यवसाय कर, घर बहाल करलगायत सम्बन्धित वडा कार्यालयमा गई समयमै तिरि नागरिक दायित्व पुरा गरौं ।
- वातावरण मैत्री, वालमैत्री र समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर पसल, संघसंस्थाबाट निस्कने फोहोर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
- पूर्ण सरसफाईका सूचक अनुरुप घर, टोलको व्यवस्थापन गरी पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउन मद्दत गरौं ।

उच्च शिक्षा र रोजगारी त्यसपछि बल्ल गरौं बिहेबारी

**रैनादेवी छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा**

# फेसबुक: what's on your mind ?



नरेन्द्रजंग पिटर

थाहा आन्दोलनका प्रतीक रूपचन्द बिष्टसामु एकजना उप बुज्रुकले थाहाको व्याख्या गरिदिन भन्दा "तेरो दिमागमा प्रदुषण र विलासिता भरिको कुरा जब थाहा पाउँछस् तब थाहाको अर्थ पनि थाहा पाउँछस् ।" उनले ३९ वर्षपहिला भण्डारा, चितवनमा भनेको आजैजस्तो लाग्छ । दिमागमा खेल्ने कुरा अणु पनि हुन र परमाणु पनि । सिर्जना पनि हो र ध्वस्तको कारण पनि । उर्जा पनि हो प्रलयकारी नापाक बम पनि ।

हरेक दिन फेसबुक खोल्ने बित्तिकै त्यहाँ एउटा प्रश्न टाँगिएको देख्छु- तिम्रो दिमागमा के खेलिर ाखेको छ ? **what's on your mind** ? तब मलाई गम्भिर, भयकंर र संवेदनशील बनाउछ। प्रश्न सरल हुन्छ र तर जवाफ दिनैपरे अत्यन्तै जटिल हुन्छ। हाम्रै मुलुकमा पनि थाहा आन्दोलनका प्रतीक रूपचन्द बिष्ट सामु एकजना उप बुज्रुकले 'थाहा' को व्याख्या गरिदिन भन्दा "तेरो दिमागमा प्रदुषण र विलासिता भरिको कुरा जब थाहा पाउँछस् तब थाहाको अर्थ पनि थाहा पाउँछस्" । उनले ३९ वर्षपहिला भण्डारा, चितवनमा भनेको आजैजस्तो लाग्छ । दिमागमा खेल्ने कुरा अणु पनि हुन र पर माणु पनि । सिर्जना पनि हो र ध्वस्तको कारण पनि । उर्जा पनि हो प्रलयकारी नापाक बम पनि । यस्तै प्रश्न महान यात्राक्रममा सहयात्रीलाई सोधेको थिएँ । सोध्न सजिलो छ तर जवाफ दिन र सामना गर्न अत्यन्तै गाह्रो । मनमा लागेको कुरा कति बताउन सक्नुहुन्छ ? भन्दा केही नक्कली मान्छेले सोच्याजति सबै भन्न सक्छु भने तर कतिपयले पचास प्रतिशतभन्दा धेरै भन्न सकिदैन की ? भने । हुनपनि सोचेका सबै कुरा व्यक्त गर्न या त पागलै हुनुपर्छ या त सांसारिक मायाजालबाट उम्केको

मनुवा । उनीसँग पनि दिल र दिमागै छताछुल्ल पार्ने शब्द र अभिव्यक्ति क्षमता भने हुँदैन । साहित्यकार, कवि र कलाकार विम्ब र प्रतीकमा दिल र दिमाग पोखिन्छन । माइन्ड रिडर र देहभाषाका पारखीलाई भने बुझ्न त्यति गाह्रो पर्दैन। मानिस कतिपय अवस्थामा स्वयंलाई चिन्न सक्दैन । उसको औकात अरुले सम्झाइदिनुपर्छ । मान्छे अरुलाई त ढाट्न सक्छ तर आफैंदेखि छिप्न सक्दैन । आफैंलाई झुक्याउन सक्दैसक्दैन् । प्रायजसो नाङ्गो सत्यको हाकाहाकी सामना गर्नपनि ऊ सक्दैन । तर सामाजिक सञ्जालमा भने ऊ नांगिरहेको हुन्छ । हरेक क्षण सामना गर्नुपर्ने प्रश्न सबैको फेसबुक चौतारीमा धजबतुक यल थयगच?ष्लम ?) टागिंएको हुन्छन् । देश विदेशका विभिन्न उमेर जाती, लिगं, भाषा भाषी र पेशासँगै जोडिएका झण्डै ५ हजार जति मेरा पनि फेसबुक मित्रमण्डिली छन् । मैले एक्टिगं लोकली, थिंकिग गोल्वली भन्ने मान्यता राख्छु । ती कति संवेदनासहित मसँग सरोकार राख्छन् भन्न सक्दिन । केही त राष्ट्रिय/अन्तराष्ट्रिय ढुस् पनि चिन्दछु । हरेक दिन हैसियत अनुसार को अनेकौं बहस, सोच, तस्बिर कोरिरहेका हुन्छन् । तर्क, बिर्तक वा कुतर्क गरेर आफ्नो नग्न औकात, भूमिका र दायित्व किटान गरिराखेका पनि हुन्छन् । तर्कपूर्ण सहमति र आग्रहहिन बिमति जनाउने जागरुक र संवेदनशील व्यतित्वको कमी पनि त्यहाँ हुँदैन । चामलमा बियाँ केही हुनु अर्को कुरा हो । कसैको नजरमा कोही उचाई थप्दै जान्छ भने कोही बाउन्ने बन्दै । यि अभिव्यक्ति आस्था र भूमिकाका आधारमा हुने कुरा भए । सबैले रुचि, भावना, चाहाना, पेशा, व्यवसायका भूमिका र निभाईरहेका दायित्वका आधारमा आस्था, आग्रह, जोस र उमङ्ग, सपना र यर्थातलाई हैसियत अनुसार राख्ने गरिन्छ।

केही दिनदेखी सरल तर निमर्म प्रश्नको कसले कसरी सामना गरेको छ भनेर सरोकारका केही स्टयाटस नियाल्ने गरेको छुँ । हरेक मान्छेमा रुपमा एउटै देखिएपनि मस्तिष्कमा भने एकैचोटी अनेकौं मान्छे सक्रिय भइरहेका हुन्छन् । सिधा तरिकाले जिज्ञाशाको सामना सबैले गर्न सक्दैनन् । हाम्रा अवचेतन मस्तिष्कको हार्ड डिस्कमा सञ्चित कयौं आग्रह, कुण्ठा र चाहाना मौका पाउनेबित्तिकै छचल्किएर पोखन्छिन् । अर्को प्रसँग बिद्युत् चौतारीको पहुँच र त्यसको उपदेयिता । बिद्युतिय चौतारी विश्वभरी छरिएर रहेकाकाहरुको मन र मस्तिष्क साटने थलो बन्दैछ । सेन्सरबाट गुज्रिन पर्ने लेखकका लागि स्वतन्त्र मात्रै हैन, स्वछन्द अभिव्यक्ति माध्याम पनि । व्यक्तिगत रुपमा यसले अन्तरमिलन, अन्तरघुलन र अन्तरसंवाद कायम गरेको छ भने भूमण्डिलिकरण र नयाँ साँस्कृतिक थालनी पनि । कर्पोरेट मिडियाले मिडियालाई राज्य र त्यसको शासक आफु सोच्न थालिसक्या थियो। अब भने कसैको नियन्त्रणमा रहेन । सत्ता र शक्ति नियन्त्रित मिडिया मिसनको धज्जी उडाएर एकाधिकार सूचना सम्राज्यबिरुद्ध ब्लगमिडिया बन्दै इराकमा भूमिका पनि निभाईसक्यो । विद्युतिय चौतारी क्षमताको प्रदर्शन, दक्ष जनशक्तिको खुला बजार, अन्तरजाती र अन्तरसाँस्कृतिको अन्तरघुलन पनि बनिसकेको छ । यसरी यो क्रमशः जीवनको हिस्सा बन्दैछ । आवेगीहरुलाई गोपनियता र हैसियतको रक्षा गर्ने भने अब थप चुनौति बन्यो । प्रविधीले दिएको सुविधाले ज्ञान र सूचनाका क्षेत्रफल फैलिँदै जान्छन् । भिसा बिनाको सर्म्पक यात्रालाई भाषा अब अवरोधक बनेन । अनुवाद गर्ने धेरैथरीका एप्प्स आइसगे । अझ सामाजिक सन्जालमा सोच अनुसारका मित्र बनाउने वा हटाउने सुविधा त छँदैछ।

मैले पछिल्लो पटक फेसबुक चौतारीमा २ वटा लेख शेयर गरेको थिएँ । पहिलोमा आर्दश प्रतीक नेपाली कांग्रेसका सशस्त्र सर्घषका जिउँदा नायक कंगालको नालिबेली, अवस्था, धारणा र पार्टीले गरेको

उनिप्रतिको व्यवहार थियो । अस्वस्थ र अभाबमा रहेका कंगाल प्रति चौतारीका मित्रहरुले देखाईएको सदभावले अझै आर्दशलाई सम्मान गर्नेहरुको कमी दुनियाँमा छैन् भन्ने देखाउथ्यो भने दोस्रो थियो नेपाली धर्तीमा भएका गरेका ज्ञातबिद्रोहका आधार र सन्देश । अथवा अहिलेको नेकपा एमालेको उदगम शिर्षक । फेसबुकमा गम्भीर पाठकहरु पनि छन् र अनलाईन चौतारीमा लेखेका पनि । लेखको पहुँचसँगै ठेगाना पनि पुगेकाले दशकौदेखि बिछोड भएका, पढिएका र सुनिएका तर सर्म्पक नभएका कयौं मित्र र शुभचिन्तकहरुको विद्युतियपत्रको ओहिरोनै लाग्यो । बालसखाले थप महत्व राख्थे । त्यसले टेलिसंवाद बढायो, भावना साट्ने मौका मिल्यो । प्रविधिलाई सदुपयोग गर्नसके जीवनमै यसको विशेष अर्थ राख्छ । फेसबुक त्यस्तै एउटा माध्यम पनि हो । समयको अन्तरालसँगै मूल्य, मर्म र भावनाका ओजन, अर्थ र सन्देश पनि फेरिँदैछन् । मिडियाका फेरिएका स्वरुप, प्रभाव, सामाजिक गतिविधि र त्यसले मानविय जीवनमा पार्ने असर र परिणाम पनि त्यतिनै वेगमय छन् । सञ्चार क्षेत्रको तीव्र विकासले सत्ताधारी मानसिकता र सोच खजमज्यायो । नियन्त्रणवादी सोच एकाधिकार र सर क्षणवादी धारणा भताभुङग भए । राजनीतिक सीमा धेरैहदसम्म नियन्त्रणहिन हुन पुगे । मानिस क्रमश: विश्व नागरिकमा फेरिँदै गयो । भावना विनिमय र वहस थलोका मञ्चहरु विकास हुँदैगए । विश्व यति साँघुरिसकेको छ की एक कुनाको घटनाबाट अर्को थलो प्रभावमुक्त हुनै सकेन । सकार र नकार कृया र प्रतिक्रिया तुरुन्तै भइहाल्छ । परिवर्तनका अध्यताहरुको अध्ययन र प्रयोगशाला सामाजिक सञ्जाललाई पनि बनाइए । राजनीतिक शास्त्रका विद्यार्थी र अभियन्ताको त अझ बाढी नै लाग्यो । आग्रहले मान्छेलाई नयाँ बन्न दिँदैन । यदि कसैले पनि दशकदेखि एउटै विचार राख्छ र धारणा बनाँउछ भने साबित गर्छ की उसले कहित्यै पनि वास्तकिताको सामना गरेन । वैश्विक हलचलबाट अलग थलग राख्यो भनेर बुझ्हेुन्छ । विषयलाई हेर्ने र बुझ्ने सम्बन्धमा अहिले कयौं मित्रहरु या त आग्रहबाट सताइएका छन् या आफुलाई अपडेट नगरेका । राजनीतिक परिवर्तन नाङ्गों आखाँले देखिन सक्छ तर सामाजिक परिवर्तनको ठम्याई सहजै हुँदैन् ।


नेपालीहरु अहिले विश्वका अनेकौं भूभागमा पुगे । कारण, बहाना र अवस्था जे सुकै भएतापनि, जुन अवस्था रहेतापनि उनीहरुको भावनात्मक सम्बन्ध कर्मभूमिभन्दा मातृभूमिसँग रहनु स्वभाविकै हुन्छ । जहाँ गएपनि विगत परिचयपनि साथै जान्छ । विद्युतिय चौतारीको व्यापकता र पहुँचले भौतिक दुरि साँघुर्‍याईदियो । भावना साटनेका लागी डोल्पाको र हुम्लाको दिनहुँ पाचँ पटक शुर्योदय हुने ठाउँ नेप्का परदेशी मित्रभन्दा टाढा भयो । अधिकांश फेसवुक मित्र देख्दा निशंकोच भन्न सकिन्छ- अधिकांश चाकर, चाप्लुसवाज र दलाल देखिन्छन् । चाकरी र दलालीको चरित्र अब फेरियो । हैसियत अनुसारका चाकर भए । आग्रही चाकर भने स्वयंसेवी बनेर मालिकको दिलखुस बनाउँछन् । आलोचनात्मक चेत नभएका बौद्धिक चाकर झन समाज, देशकालाई घातक हुन्छन् । दासताका लागि तर्क उत्पादन गर्नु बौद्धिक चाकरी हो । पहिलाका आफ्नै मूल्य, मान्यता, आदर्श, विश्वासको स्वयं खण्डन गर्दै नव चाकरले भने समय, समाज घायल भएको छ । त्यस्ता चाकर र उनका प्रभुलाई चिहानमा पुरिएपछि पनि इतिहासले माफ भने गर्दैन । संसारकै चुत्थो चाकरमा बौद्धिक चाकर हुन्छन् । फेसबुकमा आउने संवेदनाहीन शुभकामना र समवेदनाको मान्छेलाई कस्मेटिक व्यवहारमा लतारिरहेको हुन्छ। सामाजिक सञ्जालमा देखिने औकात, तुजुग प्रर्दशन, कुण्ठा प्रलाप भनेको डिप्रेशनको लक्षण हो । यस्ता डिप्रेशका अधार र उपचार

त मनोचिकित्सकको (साइक्रयाटिस) विषय हो । गोबर भरिएको मस्तिष्कले आखाँ भएका मान्छेलाई पनि दृष्टि भने दिँदैन र भीडमा फेरिदिन्छ । तथ्यले उत्पादन गरेका तर्कभन्दा विश्वासले उमारेका आस्थालाई विश्वास गर्न थाल्छ । तब रसायन शास्त्रको प्रोफेसर पनि शनिदेव पुज्न थाल्छ र मार्क्सका अनुयायी पनि ज्ञान र धन प्राप्त गर्न मुर्खताका पराकाष्टा पोस्टाएर आध्यात्मवादी ठहरिन्छन् । विज्ञान र प्रविधिले उन्नत मान्छे बनाउनुपर्ने हो तर अहिले अन्धवादीका नियन्त्रणमा पुगेपछि विज्ञानवादी पनि रुढीवादको जालोमा सहजै पुग्दोरहेछ । हामी सामाजिक सञ्जाल र सार्वजनिक जीवनमा देख्ने विषय भनेको जो जति धनाढय र शक्तिमा पुगेको हुन्छ, उ त्यतीनै डरपोक बनेर रुढीवादी र अन्धविश्वासी बन्न्न पुग्दोरहेछ ।

कस्ले के सोचेको छ भन्ने थाहा पाँउनु चुनौति हो । थाहा पाउनु संसारकै सबभन्दा ठूलो चमत्कार । सफल माइन्ड रिडरहरुले पनि अंश मात्रै थाहा पाँउछन् । फेसबुकको धजबतुक यल थयगच ञ्ष्लम ? पनि ठूलो डेटा व्यवसाय हो । क्यानाडा निवासी सूचना प्रविधी विशेषज्ञ मित्र भानु पौड्याल सामाजिक सञ्जालले डेटा व्यापार गर्छ भन्छन् । उनी सामाजिक सञ्जालदेखी टाढा छन् । फेसबुक र टयुटरले डाटा बेचेको र चुनावमा हस्तक्षेप गरेको चर्चा भएकै हो । अझ अहिले संसारकै ३३ वटा देशमा हित अनुसारको चुनावी परिणाम बनाउन ठेक्का लिने र २७ देशको सोचेअनुसार परिणाम निकालेको दावी गर्ने इजरायली पूर्वगुप्तचर ताल हनानको कर्तुत नियाल्नु पर्ने गार्जियनले पत्रिकाले छताछुल्ल पार्‍यो । मान्छेको दिमागमा के खेलिरहेको हुन्छ रहस्यकै विषय हो । हरेक मान्छेसँग अदभूत क्षमता हुन्छ । प्रयोग कति गर्छ उसको क्षमता तिखार्दा भूमिकामा मात्र देखिन्छ । दोस्रो विश्वयुद्धताकाका अमेरिकी सफल र ाष्ट्रपति रुजवेल्टले आफनो दिमागी क्षमतालाई दश प्रतिशत पनि प्रयोग गर्न नसकेको भनेका थिए । अझ इटालीका चिन्तक अन्तोनियो ग्राम्सीको दिमागै खतरा छ र सोच्न नसकोस् भनेर फासिवादीहरूले जेलमै सडाए पनि त्यहीँ लेखिएको प्रीजन नोटबुक नामक कति उनीहरुको चिहान खन्ने औजार बन्यो । १९२८ मा २० वर्ष ८ महिनको सजाय सुनाइएका ग्राम्स्कीको गिरफ्तारीबारे मुसोलिनीको प्रतिक्रिया थियो, “यसको दिमागको सोच्ने क्रियालाई लगाम लगाउनुपर्‍यो” । आफनो मालिकको इक्षा अदालतमा राख्दै सरकारी वकिल माइकेल इसग्रोले स्पेशल ट्रिब्युनलमा भनेको थियो- हामीले यसको दिमागले सोच्न २० वर्षसम्म अंकुस लगाउनु पर्छ ।’

अन्तमा, हरेक प्रशनले मान्छेलाई सोच्न बाध्य पार्छ । फेसबुक चौतारीको सिरानमै राखिएको **what's on your mind** प्रश्नले मौन बसेपनि मलाई अझै जिज्ञासु भने बनाईरहन्छ । जिज्ञाशाले मान्छेलाई सधैं नयाँ बनाईरहेको हुन्छ । के मान्छेले सोचेको सबै कुरा जस्ताको त्यस्तै व्यक्त गर्न सक्छ ?

# पितृसत्ताबाट विद्रोह खोजेको दासता




**कति कुटिल छ पितृसत्ताको भाष्य**
**भन्छ–**
**पुरुष दाता, महिला ग्रहीता**
**अर्थात्**
**ऊ दिने, म लिने**
**ऊ बाँड्ने, म माग्ने**
**ऊ कमाउने, म खाने**
**ऊ पाल्ने, म पालिने**
**म एक निष्क्रिय पदार्थ**
**फगत चेतनाविहीन शरीर**
**मात्र शरीर**
**हाडछालामिश्रित एक थुप्रो मासु**
**मेरो भौतिक देहको छत्रछायामा**
**कता विलुप्त पारिएको छ चेतना ?**
**के म मस्तिष्क होइन ?**
**किन गर्न सक्दिनँ विचारशील कर्म ?**

आम नारीलाई भौतिक पदार्थ अर्थात् 'साक्षात् शरीर' मात्रै देख्नु कुरूप पुरुषसत्ताको विद्रूप व्यवस्था हो। नारीको विचारशील मानवमस्तिष्कलाई अस्वीकार गरी आर्थिक, राजनीतिक, सांस्कृतिक एवम् वैचारिक कर्मबाट बेदखल गर्ने पितृसत्तात्मक सामाजिक व्यवस्थाप्रतिको आक्रोश निरन्तर छ।

समयको पदचापसँगै मानवचेतना, समकालीन मुद्दा र उत्पीडनका आयामहरू पनि परिवर्तन हुन्छन्। चुलोचौकोदेखि बाहिर पनि सामाजिक, राजनीतिक र सांस्कृतिक स्पेसहरूमा बौद्धिक तथा वैचारिक हस्तक्षेप आजको महिला मुद्दाका खास सरोकारहरू हुन्।

**चुलोसँगको आधिपत्य र घरेलु दासता**

दास युग र वर्गीय समाजको उदयसँगै सुरु भएको पितृसत्ताले महिला स्वतन्त्रता र स्वाधीनताविरुद्ध गरेको पहिलो राजनीति थियो– महिलालाई पुरुषको सम्पत्ति अर्थात् निजी वस्तु बनाएर चुलोको आधिपत्यभित्र कैद गर्नु। महिला अस्तित्वविरुद्ध पितृसत्ताको पहिलो अस्त्र थियो पराधीनता। जुन जेलभन्दा खतरनाक हुन्छ, जसले सपना देख्नसमेत प्रतिबन्ध लगाउँछ। उक्त नियोजित पराधीनताले महिला स्वत्व, इच्छा, आकांक्षा, सपना र हौसलाहरूमा भत्काउनै नसकिने पर्खाल खडा गरिदियो। अर्थात्, महिलालाई घर

को चौघेराभित्र कैद गरी निसासिएको दास जीवन जिउन बाध्य पारियो। महिलाहरू चुलोचौको र घर भित्रका थुप्रै पट्यारलाग्दा अप्ठ्यारा एवम् अनुत्पादक काममा खटिन मात्रै बाध्य भएनन्, इच्छाविपरीत पुरुषको अनुकूलतामा प्रयोग भइदिनुपर्ने साधन पनि बनाइए। पुरुषको यौन सन्तुष्टिका लागि ओछ्यानको भूमिका निर्वाह गरिरहन बाध्य पारिए। हो, त्यहीँबाट पितृसत्ताले नयाँ भाष्य सुरु गर्‍यो। पुरुष घरबाहिर को उत्पादक, महिला घरेलु दास। पुरुष कमाउने, महिला खाने। पुरुषले पाल्ने, महिला पालिने। पुरुषले गर्ने श्रमको उचित मूल्याङ्कन हुँदा महिलाले गरिरहेको त्योभन्दा अझै जटिल र कठोर श्रमको सधैं अवमूल्यन गरियो। बरु उल्टै महिलालाई पुरुषले कमाएर पाल्नुपर्ने परनिर्भर प्राणीका रूपमा चित्रण गरियो। एकातर्फ घरेलु कामलाई अवमूल्यन गर्दै पुरुषआश्रित प्राणी बनाएर महिलामाथि घृणा, तिरस्कार र अपहेलनाको वर्षा गरियो भने अर्कातर्फ पराधीन नबनाई पुरुषको नियन्त्रण सम्भव नहुने भएकाले पितृसत्ता टिकाउन महिलालाई बाहिरी कामकाजमा निषेध गरियो। आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्रियाकलापहरूबाट बेदखल गरियो। सदियौंदेखि महिला यसको सिकार भइरहेका छन् भने क्रूर पुरुषसत्ता झन्झन् जब्बर हुँदै छ।

उत्पीडनको पहिलो अस्त्र महिलालाई चुलोको आधिपत्य स्वीकार गराउनु नै थियो। अतः महिला स्वतन्त्रताको पहिलो खुड्किलो पनि चुलोभित्रको बन्धन चुँडाल्नु नै हुन्थ्यो। अर्थात्, घरको चौघेराबाट बाहिर निस्किएर बाहिरी संसार नियाल्नैपर्ने थियो। तर, महिलाका अगाडि दास हुन अभिशप्त प्राणी वा लोग्ने र परिवारको सेवक हुनुपर्ने नियति ठानेर चुपचाप पीडा स्विकार्नुको विकल्प थिएन। अनेक उत्पीडन र यातनालाई नियति ठानिरहेका महिला बाहिर को दुनियाँ कल्पनासम्म गर्न सक्दैनथे। उनीहरू भन्थे- दुःख नै मेरो कर्म, श्रीमानको सेवा नै धर्म। पुँजीवादको उदयसँगै चुलोको आधिपत्यबाट महिलाहरू क्रमशः बाहिर निस्किन थाले। उद्योग तथा कलकार खानाको विकाससँगै कामदारहरूको आवश्यकता पर्‍यो, जसले महिलालाई चुलोचौकोबाट बाहिर निकालिदियो। यो महिला स्वतन्त्रताका निम्ति सुखको क्षण अवश्य थियो, तर कारखानामा सस्तो श्रमिकका रूपमा लामो समय कठिन काममा खटिनुपर्ने बेग्लै दुःख थियो। अझ कार्यक्षेत्रमा अनेक यौनिक दुर्व्यवहार झेल्नुपर्ने स्थिति आयो। त्यसविरुद्ध कारखानामा कार्यरत श्रमिक महिलाहरूले व्यापक आन्दोलन छेडे, जसको स्मरणमा हरेक वर्ष मार्च ८ तारिखलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउँदै आइएको छ।

## दोहोरिएको कार्यभार

सामाजिक व्यवस्थासँगै महिलाका मुद्दा पनि बदलिएका छन्। शोषणका नयाँनयाँ स्वरूपहरू पनि विकसित भएका छन। विकसित पुँजीवादी मुलुकहरूमा आज अठारौं-उन्नाइसौं शताब्दीका महिलाले जस्तो घरबाहिरको काममा निस्किन सकस झेल्नुपर्ने अवस्था अवश्य पनि छैन, तर हाम्रो समाजमा भने उक्त चरणको सङ्घर्ष नै बाँकी रहेको देखिन्छ। बदलिएको व्यवस्थाले महिलालाई घरको बन्धनबाट छुटाएर कारखाना र कार्यालयसम्म पुर्‍याएको त छ, तर उपस्थिति नगण्य छ। घरबाहिर निस्किन सफल महिलालाई पनि घरेलु कामको चापले सधैं थिचिरहेकै हुन्छ। घरसँगै कार्यालयको दोहोरो जिम्मेवार ीले महिलाको जीवन झन् तनावपूर्ण बनाइदिएको छ।

'छोराले जुठा भाँडा माझे आयु घट्छ, छोरीले बच्चै देखि घर सम्हाल्न सिके लच्छिन पस्छ' भन्ने खालको पुरुषवादी भनाइ जबर्जस्ती जनजिब्रोमा झुन्ड्याइएको छ, मस्तिष्कमा घुसाइएको छ। जब एउटा छोरा आमा-दिदीबहिनीको स्याहारसुसारबाट जवान भएर बाहिर निस्किन्छ, तब उसका लागि श्रीमतीको खोजी गरिन्छ। लत्ताकपडा धुने र बिस्तरामा चिया पुर्‍याउने मान्छेको अभाव बिहे गरी श्रीमती भित्र्याएर पूरा गरिन्छ। श्रीमती जति नै पढेलेखेकी या जागिरे नै किन नहोस्, बाहिरको

कामसँगै घरभित्रको काम उसको एक्लो जिम्मेवारी हुन्छ । अर्थोपार्जनको कामले महिलालाई आत्मनिर्भर र स्वावलम्बी त अवश्य पनि बनाएको छ, तर बाहिर को कामकाजसँगै घरभित्रको कामको भारले दैनिकी तनावपूर्ण भइदिन्छ, जुन आजका कामकाजी महिलामाथि शोषणको नयाँ स्वरूप हो । बच्चा हुर्काउनेदेखि खाना बनाउने, जुठा भाँडा माझ्ने, लोग्नेसँगै सम्पूर्ण परिवारको सेवा सबै सकेर फेरि कार्यस्थलमा खटिनुपर्ने अवस्थाले दोहोरो-तेहरो श्रमभारको दर्दनाक स्थिति निम्त्याएको छ ।

श्रमिक महिलाहरूको आन्दोलनले स्थापित गरेको मार्च ८ आज पनि अनेक मुलुकमा आ-आफ्नै तरिकाले मनाउँदै आइएको छ । महिला उत्पीडनको अत्यन्तै मार खेप्न बाध्य मुलुक पाकिस्तानमा पनि पछिल्लो समय यसको प्रभाव देखिन्छ । 'औरत मार्च' का नाममा पाकिस्तानी महिलाहरूले बोकेका प्लेकार्डका नाराले त्यहाँ हरेक वर्ष ठूलै तरङ्ग पैदा गर्दै आएका छन । ती नाराहरूले विश्वव्यापी ठूलठूला अधिकारको उद्घोष नगरेर घरभित्रको उत्पीडनको चित्र बोल्छन् र त्यसैविरुद्ध प्रतिरोधको हुँकार गर्छन । 'आफ्नो खाना आफैं बनाऊ !' यो एउटा सामान्य नारा हो, तर यसले त्यहाँका घरभित्रको पितृसत्ता अर्थात् 'पुरुष मर्दानगी' को मुटुमै प्रहार गऱ्यो । पाकिस्तानी उपन्यासकार मोहम्मद हानिफले त्यस्ता नाराको जवाफमा पुरुषहरूले पनि 'आफ्नो कपडा आफैं सिलाऊ', 'आफ्नो बिग्रेको उपकरण आफैं बनाऊ' जस्ता महिलाले गर्नुपर्ने धेरै कामको सूची अघि सार्न थालेको बताएका छन् । पुरुषहरूले सम्पत्तिको अधिकार र कार्यस्थलमा हुने महिला हिंसाको बहस स्विकार्न तयार रहे पनि ' आफ्नो खाना आफैं बनाउने' कुरा पचाउन सकेनन् । यसले पुरुषहरूका निम्ति आफ्नो काम आफैं गर्नु कुनै ठूलो कठिन युद्धमा धकेलिनुभन्दा कम सकसपूर्ण नरहेको स्थिति र मानसिकतालाई चित्रित गर्छ । 'तिम्रो मोजा कहाँ छ, मलाई के थाहा ?' 'मेरो शरीर मेरो हक' जस्ता सामान्य नाराहरूले समेत तहल्का मच्चाइरहेका हुन्छन । शताब्दियौंदेखि महिलाले धानिरहेको घरको कामलाई निकृष्ट सूचीमा दर्ज गर्ने तर त्यही काम आफूमाथि आइलाग्दा जिम्मेवारी वहन गर्न पुरुषहरू कुनै हालतमा तयार नहुने परिपाटी हामीकहाँ पनि उस्तै छ । आफ्नो मोजा आफैं खोज्न नसक्ने, आफ्नो सर्टमा आफैं आइरन गर्न नसक्ने, खाना पकाएर खान र जुठा भाँडा माझ्न नसक्ने अनि उक्त कामलाई तल्लो स्तरको भन्दै महिलालाई सुम्पने चलन हाम्रो समाजमा पनि उस्तै छ । अझ खास गरी पढेलेखेका र आफूलाई विशिष्ट सम्झिने व्यक्ति र समुदायमै यो प्रवृत्ति व्याप्त छ ।

यदाकदा सामाजिक सञ्जालमा यसबारे बहस भएको पनि देखिन्छ । महिलाले अधिकारको कुरा गर्दा प्रतितर्क गर्नेहरूले 'पुरुषले बाहिर पसिना बगाएर मिहिनेत गरी पैसा कमाएर परिवार धानिरहेको' कथा सुसेल्दै महिलाले घरभित्र गरेको कामको अवमूल्यन गरिरहेका हुन्छन् । महिलाले चुलोचौको सम्हालेकै कारण आफू स्वतन्त्र भएर हिँड्न पाएकामा अनुगृहीत हुनुको साटो पुरुषले उल्टै आफू कमाउने र पाल्ने विशिष्ट श्रेणीमा भएको अहङ्कार गरिरहने परिपाटी छ । आजको समयका महिला घरेलु दास होइनन् । उनीहरूले आफ्ना कदमहरूलाई अर्थोपार्जनका बाहिरी संयन्त्र र वैचारिक कार्यमा संलग्नतातर्फ बढाइसकेका छन् । आफूलाई राजनीतिक, सांस्कृतिक एवम् सामाजिक स्पेसमा पनि पुऱ्याइरहेका छन् । आजका महिला चौघेर ाभित्र थुनिएर घरेलु काम गरी पुरुषलाई बाहिर काम गर्न पठाउने सहयोगी भूमिकामा मात्रै छैनन्, आफैं घरबाहिर को काममा खटिन सक्षम छन् भन्ने अभ्यासहरूबाट पुष्टि भइसकेको छ । त्यसैले आजको महिला अधिकार को नारा 'चुलोबाट निस्क र घरको बन्धन तोड' मा मात्रै सीमित नभएर घरबाट निस्किरहेकाहरूमाथि थोपरि एको दोहोरो कार्यभार व्यवस्थापन पनि हो । बाहिरी कामसँगै घरको कामकाजमा समावेशिताको मुद्दा पनि हो । बदलिरहेका उत्पीडनका सवालहरू बहुआयामिक भएकै कारण तिनलाई सम्बोधन गर्ने आजको आन्दोलनको मुद्दा पनि बहुआयामिक हुनु आवश्यक छ । घर पितृसत्ताको पहिलो अभ्यासशाला पनि हो ।

उत्पीडनको पहिलो चरण घरमै सुरु हुन्छ। त्यसैले क्रमभंगताको पहिलो प्रयास पनि घरबाटै हुनुपर्छ। बाहिर लड्न पनि पहिलो प्रहार घरभित्रकै पितृसत्तामाथि गर्नुपर्छ। आजसम्म पितृसत्ता बाँचिर हनु र महिला उत्पीडन कायम रहिरहनु भनेको लैंगिक समानताको सरोकारमा पुरुषले जिम्मेवारीबोध नगर्नु नै हो। पितृसत्ताले निर्माण गरेको वर्चस्वशाली पुरुषवादको तक्मा जोगाउन उसले आफूमा हुर्काइर ाखेको अहम्को संरक्षण गर्ने भूमिकामा ऊ आफैं उभिइर हनु हो, जुन ऊ स्वयम् र उसका मानवीय संवेगहरू (भावना, प्रेम, समन्वय र सद्भावना) का निम्ति पनि घातक छ। जुन दिन पुरुषले लैंगिक समानता दुवैको सरोकार एवम् सुखको कारण हो भन्ने महसुस गर्छ र घरभित्रबाटै पितृसत्ताको अन्त्य गर्न अग्रसर हुन्छ, महिलाका आधा समस्या एक पलमै समाप्त हुनेछन्। राजनीतिक र सामाजिक संलग्नता महिला सरोकारको अपरिहार्यता हो। तर, महिलाहरू यस्ता स्थानमा पुग्न घरभित्रको पितृसत्ताले असहज र जटिल परिस्थिति उत्पन्न गरेको छ। यो जटिलता भत्काएर मात्रै कुनै पनि महिलालाई बाहिरी संसारसँग साक्षात्कार गर्न सम्भव छ।

**यो धरती**
**मैले आधा टेकेकी छु, तिमीले आधा टेकेका छौ**
**यो आकाश**
**तिमीले आधा छोएका छौ, मैले आधा छोएकी छु**
**यो सृष्टि**
**मैले आधा धानेकी छु, तिमीले आधा धानेका छौ**
**तिमी आधा, म आधा**
**आधा–आधा मिलेर तिमी भएका छौ पूरा, म पनि भएकी छु पूरा**
**तिमीबिना म आधा–अधुरो, मबिना तिमी आधा–अधुरो**
**ममा विद्रोह अनिवार्य थियो, उत्पीडनको चौघेरा तोड्न**
**यद्यपि कदापि छैन प्रतिशोध**
**तिमीलाई निमिट्यान्न पारेर खोज्नु छैन मलाई कुनै अस्तित्व**
**बरू आऊ,**
**आधा–आधा बाँडेर हाम्रा कार्यभारहरु**
**तिम्रा केही सहुलियत र सुविधाहरु**
**मेरा केही कठिनाइ र जटिलताहरु**
**गरौं एउटा समानताको समुन्नत यात्रा ।**

**जाडो मौसममा दम, प्रेसर, मधुमेह लगायतका दिर्घरोगीहरु अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं । न्यानो बस्त्र लगाई प्रसस्त मात्रामा पोसिलो र भ्मोलिलोजन्य अर्गानिक खानपिन गरौं, व्यायाम गरि रोगप्रतिरोध क्षमताको विकास गरौं, खुसी बनौं, स्वस्थ्य रहौं । कोरोना भाइरस संक्रमणको जोखिम कायमै रहेकोले सुरक्षा मापदण्ड कायम गरौं ।**

**सार्वजनिक सूचना**

- जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, वसाइसराइलगायत सम्वन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं ।
- धुरी कर, मालपोत, व्यवसाय कर, घर वहाल करलगायत सम्वन्धित वडा कार्यालयमा गई समयमै तिरि नागरिक दायित्व पूरा गरौं ।
- वातावरण मैत्री, वालमैत्री र समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर पसल, संघसंस्थावाट निस्कने फोहोर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
- पूर्ण सरसफाईका सुचक अनुरुप घर, टोलको व्यवस्थापन गरी पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउन मद्दत गरौं ।

उच्च शिक्षा र रोजगारी त्यसपछि बल्ल गरौं बिहेबारी

**रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा**

# लिम्पियाधुरा विवाद र नक्सा काण्ड



## रतन भण्डारीः जलस्रोत विज्ञ

**नेपालको सार्वभौमिकताविपरीत भएका त्यस्ता कुनै पनि सन्धि–सम्झौता नेपालका हकमा मान्ने र स्वीकार्य हुन्न । नेपाली भूमिबारे नेपालको सहमति, स्वीकृतिविना विगतमा कुनै राष्ट्रले आफूखुसी गरेका गैरकानुनी सन्धि–सम्झौताहरुको कुनै वैधता हुँदैन । सुगौली सन्धिपछि तत्कालीन इष्टइन्डिया कम्पनी सरकारद्वारा प्रकाशित सबै नक्शाहरूमा महाकालीको मुहान लिम्पियाधुरा नै देखाइएको छ ।**

केही वर्षअघि भारत सरकारले नेपालको पश्चिमोत्तर सीमा लिम्पियाधुराबाट कालापानी हुँदै लिपुलेकसम्मको भूभाग आफूतिर पर्नेगरी गलत नक्शा प्रकाशित गरेको थियो । कालापानी भनिने तिल्सी नजीकको सानो पानीको मुहानलाई कालीको मुहान भनेर देखाउदै आएको भारतले पछिल्लो पटक जारी नक्सामा भने लिम्पियाधुरातिरबाट आउने नदीलाई नै काली भनेर लेखेको छ । भारतले नयाँ नक्शामा लिम्पियाधुराबाट आउने नदीलाई काली भनेर स्वीकार्नु राम्रो कुरा हो । तर भारतद्वारा जारी नयाँ नक्सामा लिम्पियाधुराबाट आउने नदीलाई काली भनेर स्वीकारे पनि कालीपूर्वका कुटी, नाभी, गुन्जी, कालापानी र लिपुलेकलाई भने सीमारेखा तानेर आफूतिर पार्ने दुस्प्रयास गरेको छ, जुन भारतीय कदम नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डता विरोधी छ । लिम्पियाधुराबाट कालापानीसम्मको ३ सय ८५ वर्ग किमी (तीन ओटा भक्तपुर जिल्लाको क्षेत्रफल भन्दा बढी) भूभाग आफूतिर पार्ने भारत सरकारको अतिक्रमणकारी नीति भने नयाँ होइन । जब कि नेपाल–अंग्रेज युद्धपछि नेपाल र ईष्ट इण्डिया कम्पनीबिच भएको सुगौली सन्धिको धारा ५ ले नेपालको पश्चिमी सीमा महाकाली नदी निर्धारण गरेको हो ।

सुगौली सन्धिको धारा ५ अनुसार नेपालको पश्चिमी सीमा महाकाली नदी हो, जुन नदीको वास्तविक उद्‍गम दार्चुला जिल्लाको व्यास गर्खाअन्तर्गत पर्ने लिम्पियाधुरा हो । सुगौली सन्धिपछि तत्कालीन इष्ट इन्डिया कम्पनी सरकारद्वारा प्रकाशित सबै नक्शाहरूमा महाकालीको मुहान लिम्पियाधुरा नै देखाइएको छ । सन् १८५६ पछि भने ब्रिटिश इण्डियाले नेपालको पश्चिमी सीमामाथि नक्सामार्फत अतिक्रमणमा थालेको थियो । कम्पनी सरकारले सन् १८५६ पछि प्रकाशित नक्साहरूमा लिम्पियाधुराबाट आउने काली नदीलाई कुटी यंक्ति र लिपुलेक पश्चिम गिरफूबाट आउने खाँ यंक्तिलाई काली लेख्न सुरु गरेको हो । पछि बेलायती उपनिवेशषबाट स्वतन्त्र भएपछि भारतले सन् १९५० को उत्तरार्द्धतिर कालापानी (तिल्सी)मा सुरक्षा चौकी स्थापना गरेको थियो । भारत यतिबेला कालापानीस्थित सानो पानीको मूललाई कालीको मुहान भनेर भ्रम सिर्जना गर्दै आएको छ । हाल लिम्पियाधुरादेखि लिपुलेकसम्मको

३ सय ८५ वर्ग कि.मी भूभाग भारतीय अतिक्रमणमा परेको छ । पछिल्लो पटक भारत र चीनबिच नेपालको सरहदभित्र पर्ने लिपुलेकबाट व्यापारका लागि मार्ग खुला गर्ने आफूखुसी सम्झौता भएको छ । नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डताविरोधी लिपुलेक सम्झौता र कालापानी तथा लिपुलेक भारतभित्र पार्ने भारत सरकारको नयाँ नक्सा नेपालका लागि कुनै पनि हालतमा स्वीकार्य छैन ।

## कालापानीमा भारतीय फौज


कालापानी क्षेत्रमा भारतले कहिलेदेखि सैन्य शिविर राख्यो भन्ने ठोस प्रमाण भेटिदैन । तर, दार्चुला जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी डिल्लीराज जोशीले विसं २०४५ सालमा गृहमन्त्रालयलाई पठाएको प्रतिवेदन अनुसार सन् १९५२ देखि भारतले कालापानीमा अतिक्रमण थालेको देखिन्छ । त्यहीबेलादेखि भारतीय सुरक्षाकर्मी कालापानीमा प्रवेश गरेको घटनाक्रमबाट पुष्टि हुन्छ । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पालामा नेपालमा भारतीय मिलिटरी मिशन भित्रिएको थियो । उनले भारतलाई नेपालको उत्तरी सीमामा १७ ओटा सैन्य चेकपोष्ट राख्न अनुमति दिएका थिए । तीमध्ये एउटा चेकपोष्ट दार्चुलाको तिङ्करमा थियो । ती सैन्य चेकपोष्ट पछि प्रधानमन्त्री कीर्तिनिधि विष्टले सन् १९७० अगष्ट १का दिन हटाएका थिए । त्यतिबेला अरू सैन्य चेकपोष्ट फिर्ता गए पनि तिङ्करको चेकपोष्ट कालापानीमा गएर बसेको पूर्वप्रधानमन्त्री विष्ट बताउँछन् । छाँगरु निवासी नेपाली सेनाका पूर्वसहायकरथी गोपालसिंह बोहराले कालापानीमा सन् १९५९ मेदेखि नै उत्तरप्रदेश ‘आर्म्ड कन्स्टेबुलरीका जवान तैनाथ रहेको बताएका छन् । नेपाल–चीन सीमाङ्कनका बेला नेपाल–चीन संयुक्त सीमा समितिका सदस्य दमनराज तुलाधरले कालापानीमा भारतीय सैन्य क्याम्प रहेको जानकारी परराष्ट्र मन्त्रालयलाई गराएका थिए । नेपाली सेनाका पूर्वजनरल भरतकेशरी सिंहले नेपाल–चीन सीमाङ्कनका बेला नारा इलाकामा रहँदा कालापानी अतित्रमणबारे सरकारलाई रिर्पोटिङ गरेका थिए । नेपाली सेनाका पूर्वमहासेनानी शम्भुशम्शेर जबराले सीमा निरीक्षणका क्रममा कालापानीमा भारतीय प्रहरी देखेका थिए ।

पत्रकार नारायण वाग्लेका अनुसार सन् १९६२ तिर भारतीय सेनाले हिमाली नाकालाई दृष्टिगत गर्दै छियालेक, गुञ्जी र कालापानीमा सैन्य शिविर खडा गरेको थियो । पूर्वप्रशासक, सैनिक अधिकारी, सीमाविद, इतिहासकार, लेखक, बुद्धिजीवीहरूको भनाइका आधारमा भारतले सन् ५० र ६०को बिचमा कालापानीमा सैन्य शिविर खडा गरेको देखिन्छ । हाल भारतले कालापानी क्षेत्रमा इण्डो– टिबेटियन बोर्डर पुलिस फोर्स (आईटीबीपी) तैनाथ गरेको छ । औपचारिक सम्झौता विना अरू मुलुकमा सेना राख्न पाइँदैन । तर भारतले विनाअनुमति नेपाली भूमिमा सुरक्षा फौज तैनाथ गरेको छ । यद्यपि भारतीय अधिकारीहरूले कालापानीमा नेपालले सेना राख्न अनुमति दिएको अनौपचारिक दाबी गर्ने गरेका छन् । तर, नेपालले सेना राख्न अनुमति दिएको कुनै प्रमाण पेश गर्न सकेका छैनन्, सक्दैनन् । नेपालले भने भारतलाई कालापानीमा सैन्य क्याम्प राख्न कुनै अनुमति नदिइएको बताउँदै आएको छ ।

## लिपुलेक प्रकरण

सन् १९९९ मा भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमण भएको थियो । विदेशमन्त्री सिंहको भ्रमणमा लिपुलेकलाई व्यापारिक नाका बनाउने गरी भारत र चीनबिच सम्झौता भएको समाचार १९९९ जुन १८ को टाइम्स अफ इण्डियाले छापेको थियो । समाचार सार्वजनिक भएपछि नेपालमा त्यसको विरोध भएको थियो । त्यसपछि यस

विषयमा १९९९ सेप्टेम्बर २ (२०५६ भदौ १७ ) का दिन रिपोर्टर्स क्लबले काठमाडौंमा अन्तरक्रिया कार्यक्रम गरेको थियो । सो कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत जेड जुबङले लिपुलेकबारे भारत-चीनबिच कुनै सम्झौता नभएको र टाइम्स अफ इण्डियाको समाचार झूटो एवं भ्रमपूर्ण भएको बताएका थिए । सन् २००५ अप्रिलमा चिनियां प्रधानमन्त्री वेन जियाबाओको भारत भ्रमण भयो । प्रधानमन्त्री जियाबाओको भ्रमणका बेला भारत-चीनविच १२ ओटा सम्झौतामा हस्ताक्षर भयो ।




२००५ अप्रिल ११ मा भारत र चीनविच हस्ताक्षरित सम्झौतामध्ये भारतीय विदेश सचिव श्यामशरण र चिनियाँ उप-विदेशमन्त्री दावद्वारा हस्ताक्षरित उक्त सम्झौताको दफा ५ (२) मा मध्ये सेक्टरको लिपुलेक र च्याङ्ला भनज्याङ र पूर्वी सेक्टरको किविथु-दामाईलाई सीमा बैठक बिन्दु विस्तार गर्ने सहमति भएको थियो । भारत र चीनबिच लिपुलेकलाई सीमा बिन्दु विस्तार गर्ने सहमतिपछि २०६२ वैशाख २५ को नेपाल साप्ताहिकमा यसबारे पत्रकार सुधीर शर्माको लेख प्रकाशित भएको थियो । नेपाल साप्ताहिकमा लिपुलेक सम्झौताबारे शर्माको लेख छापिएपछि परराष्ट्र मन्त्रालयले २०६२ वैशाख २७ (२००५ मे १०) गते विज्ञप्ति जारी गर्दै भारत र चीनबिच 'कालापानीबारे कुनै सम्झौता नभएको जनाएको थियो । विज्ञप्तिमा लिपुलेकको नाम भने उल्लेख थिएन । २०६२ जेठ ८ (२००५ मे २१) को नेपाल साप्ताहिकले यही विषयमा सम्पादकीय लेखेको थियो । नेपाल साप्ताहिकको सोही अङ्कमा चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्यको कालापानी सम्बन्धी लेख छापिएको थियो । त्यतिबेला देशमा प्रतिगमनविरोधी आन्दोलन चलिरहेका कारण यो मुद्दा दह्रो गरी उठ्न सकेन राजनीतिक अस्थिरताका बिच लिपुलेक प्रकरण ओझेलमा पर्न गयो ।

लिपुलेकबारे भारतमा भने चर्चा जारी थियो । भारतीय संसद्मा २००७ मार्च १ का दिन सांसद अबु असिम आजमीले भारत-चीन सीमा व्यापारबारे प्रश्न गरेका थिए । सांसद आजमीको प्रश्नको जबाफ दिँदै विदेशमन्त्री प्रणव मुखर्जीले भारत र चीनबिच लिपुलेक, सिक्पिला र नाथुलाबाट सीमा व्यापार सञ्चालनमा रहेको र थप नाका विस्तारका लागि भारतले प्रस्ताव अघि सारेको बताएका थिए । त्यसपछि सन् २०१४ सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति शी जिनपिङको भारत भ्रमण भयो । राष्ट्रपति सिजिनपिङको भारत भ्रमणका बेला भारत र चीनबिच कैलाश-मानसरोवर यात्रीका लागि लिपुलेक र नाथुला नाका खोल्ने सहमति भयो । तर, त्यतिबेला पनि यो मुद्दा खासै उठेन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत र चीनबिच नेपालको लिपुलेक र लिपुसँगै जोडिएको च्याङ्ला र लिपुलेकलाई सीमा व्यापार नाका बनाउने सम्झौता भयो । २०१५ मे १५ (२०७२ जेठ १) जारी ४१ बुँदे संयुक्त विज्ञप्तिको बुँदा २८ मा सीमा व्यापार, दुवै देशका बासिन्दाको तीर्थाटन र अन्य आदान-प्रदानका माध्यमबाट

आपसी विश्वासलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्न सकिनेमा दुई पक्ष सहमत भएको सीमालाई सहकारिता र विनिमय पुलका रूपमा विस्तार गर्दै सम्बन्धलाई अझ विस्तार गर्ने तथा व्यापार वस्तुको सूची वृद्धिका लागि वार्ता गर्न र नाथुला, च्याङ्ला र लिपुलेक र सिप्किलामा सीमा व्यापार बढाउन दुवै पक्ष राजी रहेको कुरामा दुवै देशले सहमति जनाए । यद्यपि भारत-चीनबीच सन् १९५४ अप्रिल २९ का दिन व्यापारी र तीर्थयात्री लिपुलेक भञ्ज्याङबाट आवत-जावत गर्न सम्झौता भएको र भारतीय प्रधानमन्त्री राजीव गान्धीको चीन भ्रणका बेला (१९८८ डिसेम्बर १९-२३) थप सम्झौता भएको भनिएको छ । तर, यदि भारत-चीनबीच विगतमा नेपालको सहमति विना लिपुलेक सम्बन्धी कुनै सम्झौता भएको भए त्यसको कुनै अर्थ र औचित्य रहन्न । नेपालको सार्वभौमिकताविपरीत भएका त्यस्ता कुनै पनि सन्धि-सम्झौता नेपालका हकमा मान्ने र स्वीकार्य हुन्न । नेपाली भूमिबारे नेपालको सहमति, स्वीकृति विना विगतमा कुनै राष्ट्रले आफूखुसी गरेका गैरकानुनी सन्धि-सम्झौताहरूको कुनै वैधता हुँदैन ।

## महाकालीको मुहान लिम्पियाधुरा

नेपाल-भारतबिचको पश्चिमी सीमा निर्धारण गर्ने मूल आधार सुगौली सन्धि हो । सुगौली सन्धिको धारा ५ अनुसार नेपालले महाकाली नदी पश्चिमको भूभाग छोडेको हो । सुगौली सन्धिद्वारा निर्धारित सीमारेखा फेरबदल हुने गरी नयाँ मुलुक र शारदा-टनकपुर बाँध निर्माणमा सट्टा पट्टा भएको जमिनबाहेक) नेपाल, ब्रिटिश इण्डिया र स्वतन्त्र भारतबिच अरू कुनै सन्धि सम्झौता भएका छैनन् । तर, महाकालीको उद्‌गमस्थल लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३ सय ८५ वर्ग कि.मी. नेपाली भूमि भारतीय अतिक्रमणको चपेटामा परेको छ । ऐतिहासिक तथ्य प्रमाण, नाप नक्शा, जलविज्ञानका आधारमा महाकालीको उद्‌गमस्थल लिम्पियाधुरा पूर्वको सम्पूर्ण भूभाग नेपालको हो । लिम्पियाधुरा महाकालीको उद्‌गम देखाउने नाप-नक्शा, तथ्य प्रमाण, पत्राचार, तिरो तिरान, लालमोहर, इस्तिहार र सनद निम्नानुसार छन्ः

## पत्राचार

सन् १८१७ फेब्रूअरी ४ का दिन ईष्ट इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे आदमले काठमाण्डौंस्थित आवासीय प्रतिनिधि एडवर्ड गार्डनरलाई गभर्नर जनरलका तर्फबाट पत्र लेखेका छन् । सुगौली सन्धि भएको एक वर्षपछि लेखिएको यस पत्रमा आदमले गार्डनरलाई काली नदीको पूर्वमा पर्ने व्यास प्रगन्ना चौतरिया बम शाहको दाबी अनुसार नेपालको ठहरिन्छ, तसर्थ त्यो ठाउँ नेपाल सरकारका अधिकारीलाई बुझाउनु भनी निर्देशन दिएका छन् । कम्पनी सरकारको उक्त आधिकारिक पत्रले सुगौली सन्धि अनुसार कालीको मुहान लिम्पियाधुरा र लिम्पियाधुरा पूर्वका कुटी, नावी, गुञ्जी, तिङ्कर र छाँगरु गाउँलाई नेपालको भूमि भनेर स्वीकारेको छ ।

## कुमाउँका प्रशासकलाई निर्देशन

ईष्ट इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले गभर्नर जनरलकोतर्फबाट कुमाउँका कार्यवाहक कमिश्नर जी.डब्ल्यू ट्रेललाई सन् १८१७ मार्च २२ मा अर्को पत्र लेखेका छन् । कालीपूर्व ब्यास प्रगन्ना र त्यहाँका भोटिया (व्यासी-सौका) जमिनदारहरूको निवेदनसँग सम्बन्धित यस पत्रमा जे आदमले कुमाउँका कमिश्नरलाई कालीपूर्वको ब्यास प्रगन्नासहितको भूभाग सुगौली सन्धि अनुसार नेपालको भएकाले ती गाउँहरू नेपाललाई सुम्पन भनेर लेखेका छन् । पत्रमा ब्यास प्रगन्नाका भोटिया जमिनदारहरूले ब्रिटिश शासनअन्तर्गत रहन पाउँ भनी निवेदन दिए पनि सुगौली सन्धि अनुसार व्यास प्रगन्ना, त्यहाँका गाउँ र जमिन नेपालको भएकाले ब्रिटिश सरकार त्यहाँका जमिनदार र बासिन्दालाई

आफू मातहत पार्न जतिसुकै इच्छुक भए पनि नसक्ने बेहोरा उल्लेख छ । कम्पनी सरकारको यस आधिकारिक निर्देशनसहितका पत्रहरूले काली पूर्वका कुटी, नावी, गुञ्जी, छांगरू, तिङ्कर गाउँहरू नेपाल सरहदभित्र रहेको तथ्य निर्विवाद छ ।

## तिरो तिरान

मालपोत कार्यालय बैतडीमा छांगरु, तिङ्कर, गुञ्जीका बासिन्दाले विसं. १९६२ असार १८ तथा १९९३ चैत २० सम्म तिरो तिरान गरेका दुर्लभ अभिलेखहरू भेटिएका छन् । विसं. १९९७ मंसिर २७ गते खड्ग निशाना भएको तिरो तिरान सम्बन्धी मोठ बैतडी मालमा अझै सुरक्षित छ । सुगौली सन्धिले कालीलाई सीमा नदी निर्धारण गरेपछि कालीपूर्वको व्यास क्षेत्रका यी गाउँहरूबाट विसं. १९९७ सम्म पनि नेपालमा तिरो तिरान हुँदैआएको र नेपाली प्रशासनअन्तर्गत रहेको कुरा पुष्टि हुन्छ ।

## लालमोहर - इस्तिहार - सनद

कम्पनी सरकार र नेपालबीच सन् १९२० मा शारदा ब्यारेज निर्माणका लागि सम्झौता हुँदा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरले महाकालीको उद्‌गम लिम्पियाधुराबारे कुरा उठाएका थिए । राणाकालमा बैतडीअन्तर्गतको तत्कालीन ब्यास गर्खाका बासिन्दाका नाममा जारी लालमोहर-इस्तिहार-सनदहरू गुञ्जी, नावी, तिङ्कर र छाँगरुवासीहरूसँग अझै सुरक्षित छन् ।

## जनगणना

नेपाल सरकारले विसं. २००९ मा पूर्वाञ्चल र २०११ मा पश्चिमाञ्चलमा जनगणना गरेको थियो । हालको दार्चुला तत्कालीन बैतडी जिल्लाअन्तर्गत थियो । बैतडी अन्तर्गतको तत्कालीन ब्यास गर्खा (दरा) मा ६ ओटा गाउँहरू थिए । २०११ को जनगणनाले ब्यास गर्खाका ६ ओटा गाउँको घरधुरी सत्त्या ४ सय ३४ तथा कूल जनसत्त्या १,८१६ देखाएको छ । २०१८ सालमा व्यास क्षेत्रका गुञ्जी,नावी, कुटी, तिङ्कर र छांगरु गाउँहरूको जनगणना वरिष्ठ पत्रकार भैरव रिसालको मातहत भएको थियो ।

## जलविज्ञानका आधारमा कालीको मुहान

कुन नदी मूल र कुन सहायक भन्ने कुराको टुङ्गो नदीको लम्बाई, नदीले ओगटेको जलाधार क्षेत्र, नदीमा रहेको पानीको मात्रा, नदीको गहिराई र नदीको क्रमाङ्कका आधारमा लगाइन्छ । सबैभन्दा ठुलो जलाधार ओगटेको, अरू सहायक नदीभन्दा लामो दूरीबाट बगेर आउने, सहायक नदीहरुभन्दा पानीको मात्रा बढी भएको र गहिरो नदीलाई जलविज्ञानका आधारमा मूल नदी मानिन्छ । लिम्पियाधुरा उद्‌गमित काली नदीको पानीको आयतन बढी भएको, जलाधार क्षेत्र पनि ठुलो भएको, अन्य सहायक नदीहरुभन्दा टाढाबाट बगेर आउने र गहिरो भएकोले काली नदीका रुपमा रहेको छ ।

## अन्तमाः

लिपुलेक, कालापानीबाट लिम्पियाधुरा सम्मको नेपाली सार्वभौम भूभाग आफूतिर पार्ने गरी भारत सरकारद्वारा जारी गरिएको पछिल्लो नक्साप्रति नेपाल सरकारले औपचारिक रुपमा कडा विरोध जनाउनुपर्दछ । भारतले बिगत एकदशक यता नेपाल-भारतबिच संयुक्त रूपमा बनाइएको भनिएका सीमा नक्सा (स्ट्रीप म्याप) मध्ये सुस्ता र कालापानीको नक्साबाहेक अरूमा हस्ताक्षरका लागि नेपाल सरकारलाई बारम्बार दबाब दिँदै आएको छ । स्ट्रीप म्यापमा नेपालको असहमतिकै कारण हस्ताक्षर हुन सकेको छैन । तसर्थ नेपाल सरकारले भारतद्वारा जारी नक्साप्रति औपचारिक विरोध जनाउँदै भारत चीनबीच भएको लिपुलेक सम्झौता खारेजी, कालापानी लिपुलेक क्षेत्रमा तैनाथ भारतीय फौजको फिर्ती र लिम्पियाधुरालाई नेपाल-भारत र चीनबिचको त्रिदेशीय विन्दू कायम गराउन कूटनीतिक तहबाट आवश्यक कदम चाल्नु जरूरी छ ।

# मानव चिन्तनको विकास

**मानव सभ्यताको अध्ययन गर्दा थाहा हुन्छ, मान्छेको समृद्धि नदी, खोला नालाको किनारमा भएको छ । सभ्यताको विकासको सिलसिलामा आदिम युग, दास युग, सामन्ती युग र पुँजीवादी युगको विकास भएको छ । कुनै समय मान्छेहरुलाई यतिसम्म अन्धभक्त बनाइएको थियो कि मरेपछि स्वर्ग जाने टिकट किन्नुपर्दथ्यो**



मनु बि.क.

मानव जीवनमा चिन्तनको निकै महत्व रहेको छ । आज हामी औँलाले विश्वलाई घुमाउन सक्ने भएका छौँ, विज्ञान र प्रविधिको विकासले विश्व एक घर जस्तो बन्न सफल भएको छ । संसारभरिका घटनाहरू क्षण भरमै थाहा पाउन सकिने भएको छ । यी सब कुरा बिना मिहिनेत आफसे आफ भएको होइनन् । यो सबै सफलता मानिसले प्राप्त गर्नुमा चिन्तनको ठुलो भूमिका छ । मानव चिन्तनको विकास हुनुमा मानव श्रम आवश्यकता र ज्ञानेन्दियहरूले निकै ठुलो भूमिका खेल्यो । मान्छे जब जन्मियो वा मानवको रूपमा विकास गऱ्यो उसका आवश्यकताहरू तमाम थिए । प्रारम्भिक कालमा तत्कालका आवश्यकता बाँच्नको लागि गर्नुपर्ने सङ्घर्ष निकै कठोर थियो । प्रारम्भिक कालमा आजको जस्तो मान प्रतिष्ठाको लागि गर्नुपर्ने सङ्घर्षभन्दा बाँच्नकै लागि गर्ने सङ्घर्षमाथि थियो । मान्छेमा भोक, प्यास, जाडो, गर्मी, दु:ख–सुख, घाम पानी, हुरी बतास मीठो, नमीठोको अनुभूति हुँदैनथ्यो भने मानव चिन्तनले यति धेरै विकास गर्ने थिएन । जब मानवले मानवको रूपमा विकास गर्दै गयो ऊ जङ्गली अवस्थामा प्रकृतिमा रहेका जङ्गली जनावर तथा कन्दमूलमा निर्भर भएर मानव जीवन अस्तित्वमा रह्यो । जङ्गली युगमा मान्छेहरू सामुहिकतामा बस्नु पर्दथ्यो । यसो नगरेमा जङ्गली जनावरको आक्रमणबाट मारिनुपर्दथ्यो । एकअर्काको जीवन अस्तित्वको लागि मानिसहरू समूहमा बस्ने, समूहमा नै सबै काम गर्नु नै पर्दथ्यो । मानव जीवनमा ढुङ्गाले हानेर सिकार गर्नु निकै कठिन काम थियो । त्यसबेला नजिक जानुपर्ने र जङ्गली जनावरमाथि प्रहार गर्नु पर्ने भएकाले मान्छे मारिन पनि सक्थे । जङ्गली जनावरको आक्रमणमा पर्न सक्थे । तर जब मानिसले धनुषको विकास गऱ्यो । त्यो विकास हुनु आफैमा अत्यन्त महत्वपूर्ण आविष्कार थियो । धनुष र वाण बनाउन मान्छेले निकै मिहनत गर्नुपऱ्यो । यो बनाउँदा कसरी बङ्ग्याउने कसरी धनुष बनाउने भनेर सामूहिक रूपमा नै आफ्नो ज्ञानको विकासले धनुषको जन्म भयो । जब धनुषको निर्माण भयो तब सिकार खेल्न निकै सजिलो भयो । टाढा टाढाबाट नै जङ्गली जनावरहरू मार्न सजिलो भयो । यसले समय र मिहनत कम लाग्यो ।

प्रारम्भिक चरणमा जनावरका छाला, रौं बाट मान्छेले आफ्नो जिउ ढाकेर न्यानो बनाउने काम गरे, मासुबाट खाना, जगली फल कन्दमूलबाट आहाराको आवश्यकता पूर्ति गर्दै गयो । मासु काँचै खानुपर्ने थियो । जङ्गलमा डुल्दै हिंड्दा मान्छेले सिकार गरी फालेका हड्डी मासुको

गन्ध थाहा पाएर जङ्गली कुकुरहरू मान्छेले गरेको सिकारको वरिपरि झुम्मिन थाले । कुकुरहरू मान्छेकै वरिपरि बस्न थालेपछि मान्छेले कुकुरबाट धेरै फाइदा लिन थाले । एक जङ्गली जनावरहरू लखेट्न कुकुरहरूले मदत गर्दथे, दुई जङ्गली जनावरको आक्रमणबाट मान्छेलाई बचाउथे । जङ्गली जनावरलाई लखेटेर मान्छेलाई सुरक्षा दिन्थे र सिकार गर्न सहयोगी भूमिका खेल्दथे । कुकुरबाट यति धेरै फाइदा पाइसकेपछि मान्छेले कुकुरलाई पाल्तु बनाएर राख्न थाले, त्यसकारण पशुपालन युगको सबभन्दा पहिलो पाल्तु जनावर कुकुरलाई मानिन्छ । कुकुरको सहारा र धनुषको विकास भएपछि मान्छेले जङ्गलमा धेरै मात्रामा सिकार गर्न जान्यो । सिकार धेरै गर्न जानेपछि बच्चा तथा माउ जनावरहरू नमारिकन पक्रेर ल्याई घरमा पाल्ने सोचको विकास भयो, यसरी घरमै ल्याएर पाल्दा सिकार गर्न दुःख गर्नु नपर्ने भयो भने अर्कातर्फ घरमा पाल्दा दुध पनि पाइयो यसले मान्छेलाई धेरै फाइदा भयो ।

जब जनावरहरू ल्याएर आफू जहाँ बसेको हो त्यही ल्याएर पाल्न थालेपछि उनीहरूको घुमन्ते स्थिति रहेन । उनीहरूसँगै बस्नुपर्ने भयो यसले स्थायी बसोबासको आवश्यकता भयो । जङ्गली जनावर ल्याएर पाल्न थालेपछि तिनीहरूले दिसा गरेको ठाउँमा फालिएका फलफूलका दानाहरू राम्रोसंग हुर्किए । फलफूल खाइसकेपछि त्यसको दानाहरू जमिनमा गाड्ने, तिनीहरू उम्रिएपछि घरमा बसेर रेखदेख गर्ने काम महिलाहरूले गरे । यसले कृषि युगको सुरू भयो, मान्छेले फलफूल मात्र रोपेन, खाद्यान्नको रूपमा अन्य खान योग्य बीजहरू पनि रोपे । अर्कातर्फ जब जङ्गलमा चट्याङ परेर आगलागी भयो। आगोमा पाकेका मासुहरू मान्छेले खान थाले, यसले खाना मासु मीठो भयो । मान्छेले आगोको सङ्ग्रह गर्न थाल्यो । जब आगो सङ्ग्रह गर्नुपर्ने भयो मान्छेले आगोको जतन गर्न पनि एकै ठाउंमा बस्नुपर्ने भयो । आगोबाट मान्छेहरू धेरै फाइदा लिए । रातमा जङ्गली जनावरको आक्रमणबाट बच्न मद्दत गऱ्यो । अर्को उनीहरूलाई चिसोमा न्यानो भयो आगोको सङ्ग्रहले मान्छेले धेरै कुरा सङ्ग्रह गर्न जान्यो । सुरूमा मान्छे आगोसित डरायो । तर पछि आगोलाई नै साथी बनायो । मान्छे बाच्नका लागि श्रम गऱ्यो । श्रमले मान्छेको दिमाग विकास भयो ।

मान्छेले समूहमा काम गऱ्यो । सम्पति पनि सामूहिक थियो । मान्छेले प्रकृतिको कठिनाइसँग जुध्नुपर्दथ्यो । प्रकृतिमा आँधी हुरी, पानी भूकम्प, बाढी सम्भव छ पहिरो जस्ता प्राकृतिक विपत्तिसंग जुध्नुपर्दथ्यो । कैयौंले यी संग जुद्धा हार्नुपर्दथ्यो हुन या मर्नुपर्दथ्यो । प्रकृतिमा यसरी बदलाव आउनु निकै आश्चर्यको विषय हुन्थ्यो । मान्छेले कल्पना गर्दथ्यो कि कुनै अदृश्य अलौकिक शक्ति छ र यस्तो भन्ने मान्छेले सोच्थ्यो । मान्छेले सिकार गर्न जानु भन्दा पहिले रातमा सुत्दा सपना देख्यो मान्छेले सपना कसरी आउंछ यो पनि केही होला भन्ने सोच्यो मान्छेले अलौकिक शक्तिमाथि विश्वास गर्ने भयो । मान्छेको सोचाइको विकास यसरी हुँदै आयो । मान्छेले अनुभव गर्ने चिसो तातो मीठो, नमिठो थाहा पाउने चेतना र राम्रो नराम्रो महसुस मन भएकै कारण चिन्तनको विकास गर्न सम्भव भयो ।

जब अलौकिक शक्तिमाथि विश्वास गर्न थाल्यो मान्छेमा धर्म, पूजा पाठकों विकास भयो । सुरूमा यो प्राकृतिक घटनासित डराएर त्यसैलाई पूजा गर्न थाल्यो । जस्तै नदीमा बाढी आउंछ, बाढी

नआओस् भनेर काम पूजा गऱ्यो, प्राकृतिक विपत्ति नआओस् भनेर मान्छेले पूजा गऱ्यो । धर्म कर्मको विकास भयो । जब मान्छेले आगो पत्ता लगायो, पशुपालन गर्न थाल्यो र खेती गर्न थाल्यो मान्छे एकै ठाउँमा बस्न थाल्यो । घुमन्ते जीवन छोडेर एकै ठाउँमा बस्न थाल्यो । उसले धातुको प्रयोग गर्न थाल्यो । धातुमा सबभन्दा पहिले मान्छेले प्रयोग गर्न थालेको धातु तामा थियो । आगोको सहायताले पत्ता लगाउन सजिलो भयो । तामा सजिलै पग्लने र जम्ने गुण भएकाले तामाको सहायताले खेती गर्ने हतियार बनायो । यसले मान्छेलाई काम गर्न सजिलो र छिटो गर्न मद्दत मिल्यो । जङ्गलहरू ठुलो मात्रामा फंडानी गर्न, खेती गर्न तामाका हतियारहरूले सजिलो भयो । यसले उत्पादन अत्याधिक मात्रामा हुन थाल्यो । उत्पादन बढी मात्रामा हुन थालेपछि यहाँ असमानताको जन्म भयो । मान्छेले सिकार खेल्न हिंड्दा देखेका जनावरहरूका कलाले नांच्न नक्कल गर्न सिक्यो । सिकार गर्नुभन्दा पहिले आज यस्तो किसिमको जनावर मिलोस् भनेर कामना गरी चित्र बनाएर हिंड्ने गर्दा मान्छेले चित्र कोर्न सिक्यो । त्यो मात्र हैन मान्छेले जनावरका छालाहरू लगाएर उ जस्तै उभिने कला पनि विकास गऱ्यो ।

समयक्रमसँगै मान्छेले अनेक सीपहरू विकास गर्दै गयो । अनुभवहरू हासिल गर्दै गयो । खेती युगको सुरू भएपछि मान्छेलाई खाद्यान्न तथा लुगाको अभाव हुन छोड्यो । खेतीबाट उत्पादनका रेसाहरूबाट कपडा बुन्न थाल्यो । त्यसका आफूलाई चाहिने सामाग्रीहरू बनाउन जान्यो । माछा मार्न जाल र डोरीहरू बुन्न जान्यो । मान्छेको ज्ञानको विकास हुँदै गयो । मान्छेको चिन्तनको विकास भयो । मान्छेले अलौकिक शक्तिमा विश्वास गर्दा तिनैकै पूजा गर्न थाल्यो र धर्मको जन्म भयो । धर्मले यस मानव समाजमा अनवरत राज गऱ्यो । धर्मको आडमा नै मान्छेले मान्छेलाई शोषण गर्ने माध्यम बनाए । धर्मकै रक्षार्थ विभिन्न श्लोकहरूको निर्माण गरिए साथै समाजमा घटेका तमाम जालफेल पडयन्त्र त्यसले निम्त्याएका दुःखद स्थिति र त्यस दुःखद स्थितिबाट पाउने अनेक काल्पनिक तथा यथार्थ परक धारणाहरूको विकास हुन थाल्यो । पहिले पहिले लिपी अक्षरको विकास नभएको समयमा पनि मानवमा माया, घृणा, ममता आवश्यकता बिछोडका पीडाहरू त हुन्थे है । तिनीहरूलाई मानव मस्तिष्कमा मानव हृदयमा व्यापक मात्रामा चोट पुऱ्याउथे भने दुःखमा दुःखलाई भुल्न वा बिर्सन सुखमा खुसीयाली मनाउन जे गर्न पनि भावनाहरू पोख्नुपर्दथ्यो । त्यसबेला मान्छेहरूले पुस्तादेखि पुस्तासम्म आफ्ना भावनाहरू कानदेखि कानसम्म जिब्रोदेखि जिब्रोसम्म भन्ने सम्झने गर्दथे। सामूहिक रूपमा बस्दा समूहका ठुला मान्छेले गरेका कुराकानी व्यवहार सवैबाट अर्को सानो पुस्ताले सिक्थ्यो ।

जब अक्षरको विकास भयो उसले ढुङ्गामा तामाका पत्रहरूमा रूखका पातहरूमा खोपेर लेख्न थाल्यो । यसले कापी, कलमको विकास गर्न मद्दत गऱ्यो । सुरूमा मयूरको प्वांखले आफैले बनाएको रङ्गले लेखेका मान्छेले पछि कलमको विकास गऱ्यो । कागजको निर्माणपछि मात्र भएको पाइन्छ । तर मानव ज्ञान, अनुभव भावना र अनुभूतिहरू संधै रहे । यसले नै मान्छेले सोच्न सक्यो । हामी इतिहास पढ्दा थाहा हुन्छ अमेरिकामा युरोप बासीहरूको प्रवेश हुनुपूर्व त्यहाँ कुनै लिपी नै थिएन रे । पछि जब पुँजीवादको विकास भयो युरोप महादेशका मान्छेहरू स्पेन,

फ्रान्स इङ्गल्यान्डबाटपानी जहाजबाट मान्छेहरू प्रवेश गरे । अमेरिका पत्ता लागिसकेपछि त्यसरी प्रवेश गर्ने होड चल्यो । त्यति बेलासम्म पनि अमेरिकीहरूको त्यहांका वास्तविक आदिवासीहरू रेड इण्डियनहरूको आफ्नो लिपी थिएन । जब युरोपका मान्छेहरू त्यहां पुगे उनीहरूले नै लिपी लिएर पुगेका थिए । तर त्यसरी जानेहरू पादरीहरू थिए । तर त्यहां रेड इण्डियनहरूका बिचमा आफ्नै भाषा, चालचलन बोलीचाली भने थियो । उनीहरू एक पुस्तादेखि अर्को पुस्तासम्म आफ्ना कुराहरू भन्ने सुन्ने गरेर सिकेका थिए । त्यहाँ युरोपका पादरीहरू पुगेपछि नै उनीहरूले साथमा अक्षर अक्षरको साथसाथमा बाइबल पनि लिएर गएका थिए ।

मानव सभ्यताको अध्ययन गर्दा थाहा हुन्छ, मान्छेको समृद्धि नदी, खोला नालाको किनारमा भएको छ । सभ्यताको विकासको सिलसिलामा आदिम युग, दास युग, सामन्ती युग र पुँजीवादी युगको विकास भएको छ । दास युगमा दासहरूको नारकीय जिन्दगी, सामन्ती युगमा किसानहरूको दयनीय अवस्था तथा पुंजीवादी युगमा मजदुरहको दुःखदायी अवस्था रहेको हुन्छ । यी अवस्थामा पनि अनुभूतिहरूको सङ्कलन हुँदै गयो । मान्छेले आफ्नै उत्पति, पृथ्वीको उत्पत्ति, रोग, भोक, शोकको कुरा । दुःख सुखका कुरा दुखबाट कसरी मुक्ति हुन्छ भन्ने कुरा सोच्न थाल्यो । यो संसारको निर्माण कसरी भयो ? प्राणी वोट बिरूवाको निर्माण कसरी भयो, कसरी विकसित भयो भन्ने विषयमा व्यापक चिन्तन मनन गर्न थाले । कसैले यो उत्पति पानीबाट भयो भने, कसैले यसको उत्पत्ति सानोभन्दा सानो तत्व विद्यमान रहेकाले त्यसबाट नै सबै उत्पत्ति भयो भने । कसैले हावा, पानी, आगो तापबाट सबैको सिर्जना भयो भने कसैले सबैभन्दा अजय शक्ति छ त्यसैकारणबाट नै यी सबै भौतिक कुराको निर्माण भएको कुरामा विश्वास गरे । यसले यस समाजमा आद भौतिकवादको विकास भयो । मान्छेले भाषा, कला, साहित्य, राजनीति, कानुन सबैको विकास गर्दै गयो । यसरी विकास हँदा मान्छेले आफूलाई जे जसरी फाइदा हुन्छ त्यही विधिलाई अपनाउंदै गयो ।

राज्यको उत्पत्ति भएसँगै सामाजिक धार्मिक विश्वासलाई प्रयोग गरेर आफ्नो सत्ता टिकाइ राख्ने खेल खेल्यो यतिसम्म कि मध्ययुग जस्तो अन्धकारको युग पनि मानवले भोग्नुपऱ्यो । मान्छेहरू अरू सबै छोडेर चर्च, धर्म, पोप र पादरीको भनाइमा नै विश्वस्त हुनथाले । जुन समयमा तर्क, ज्ञान कला भन्ने कुरा केवल चर्च माथिकै विश्वास भएको थियो। कुनै समय मान्छेहरूलाई यतिसम्म अन्धभक्त बनाइएको थियो कि मरेपछि स्वर्ग जाने टिकट किन्नुपर्दथ्यो । पादरीले ईश्वर र जनताको बीचमा स्वर्ग जाने माध्यमको काम गर्दछन् भन्ने भ्रम छरिएको थियो तर सबैको राज सधैंभरि चल्दैन भनेझै मान्छेहरूले धार्मिक आवरणमा भएको चरम शोषणको विरोधमा बोल्न थाले । आफ्नो आन्तरिक क्षमतामा विकास गर्न थाले मान्छेले धर्मसुधार आन्दोलन चलाउन थाले भने आफ्नो ज्ञानको विकासमा जोड दिनथाले। कला साहित्यमा विशेष रूचि देखाउन थाले । युरोपमा कला साहित्य सुधार तथा पुनः उत्थानका लागि आफै जाग्न थाले । यसलाई धार्मिक सुधार आन्दोलन तथा पुर्नजागरणकाल भनिन्छ ।

वाइबलमा सूर्यले पृथ्वी घुम्छ भन्ने मान्यता स्थापित थियो । त्यतिबेला कोपर्निकस भन्ने वैज्ञानिकले पृथ्वीले सूर्यलाई घुम्छ सूर्यले

पृथ्वीलाई घुम्दैन भन्ने कुरा बोले । उनले अत्यन्तै साधारण उपकरणको माध्यमबाट ३० वर्षसम्म अध्ययन गरे भने ब्रमाण्डमा अनेकौ ग्रहहरू छन् । सबैले सूर्यको वरिपरि घुम्छन् । त्यति मात्रै हैन पृथ्वी आफ्नै कक्षामा पनि घुम्दछ । यो भनाइ चर्चको विरूद्धमा थियो । उनकै भनाइलाई थप प्रष्टिकरण गर्दै विज्ञानका सहिद जर्दानो बुनोले दृढतापूर्वक भने कि ब्रह्माण्डको कुनै सीमा छैन । पृथ्वी ब्रहमाण्डको कुनै केन्द्र होइन, न त सूर्य नै हो ब्रमाण्ड अनगिन्ती ताराहरूको समष्टि हो । जसमा हाम्रो सूर्यजस्तै बहुत टाढा छ र सूर्यकै आसपास ग्रहहरू घुमे जसरी ग्रहहरू घुम्छन् । उनको यो भनाइ आएपछि धार्मिक अधिकारीहरूले उनलाई आठ वर्ष जेल राखे । तर उनी आफ्नो भनाइ छोड्न मानेनन् पछि धार्मिक अदालतले उनलाई जिउंदै जलाउने आदेश दियो त्यही भएर उनलाई विज्ञानका सहिद भनिन्छ । त्यस्तै ग्यालिलियो ग्यालिलिले दुरदर्शक यन्त्रको विकास गरे र उनले ब्रमाण्डको थप अध्ययन गरे । चर्चले उनलाई जेल हाले । जेल हालेपनि उनी जेल भित्रै अध्ययन गरेर पञ्चामा लेखेर बाहिर पठाउन सफल भए । उनले पनि गल्ती गरे भनेर स्वीकार गर्न कडा दबाब थियो । तर जेलमा सड्न तयार भए तर आफ्नो विचार बदलेनन् । मान्छे आफूजस्तै मान्छे कलाकै माध्यमबाट बनायो । जस्ताको त्यस्तै बनाउन सक्ने अद्भुतकला मान्छेले देख्न र अनुभव गर्न सके । जस्तै लियोनार्दो दाभिन्चीले हातैले आफ्ना अद्भुत कला देखाए । यसको प्रभाव के रह्यो भने मान्छे नै स्वयम सिर्जनाको शक्ति हो। मान्छेले आ–आफ्नो ज्ञानबाट अनेक कुरा सिर्जना गर्नसक्छ । अलौकिक शक्ति भएको कारणले यो सबै सम्भव भएको होइन । त्यस्तैगरी जब उन्नाइसौँ शताब्दीमा जीव विकासको सिद्धान्त चार्ल्स डार्विनले पत्ता लगाए, खोज अनुसन्धान गरे । त्यसपछि सर्वशक्तिमान अलौकिक शक्तिले विकास भएको नभई सङ्घर्षले नै सबै जीवहरूको विकास भएको कुरा मान्छेले विश्वास ग¥यो । उता वंशाणुगत विशेषताको अध्ययनले कसरी उस्तै उस्तै पुस्ता बन्छन् भन्ने कुराको खोज ग¥यो । वैज्ञानिकहरूको आणविक अध्ययनले पृथ्वीमा विद्यमान अनेक तत्वहरू अणु परमाणुको खोज ग¥यो । यसरी मानव चिन्तनको विकास हुँदै आयो र आज हामी यो अवस्थामा आइपुगेका छौँ । विश्वलाई औँलाको सहाराबाट हेर्न र बुझ्न सक्ने भएका छौं । मान्छेले यदी व्यापक विरोध, दमन, उत्पीडन कठिनाइ, यातना, मृत्युको बाबजुद चिन्तन विकासमा निरन्तर लागिरह्यो । अनेकौं नियम कानुनहरू बनाएर चिन्तनलाई रोक्न खोजेपनि चिन्तन विकासको क्रम रोकिएन । मान्छेले चिन्तन गरिरह्यो । पछिल्लो अवधिमा साम्राज्यवादी होडका कारण भएका दुईटा विश्वयुद्धहरू, पहिलो र दोस्रो विश्वयुद्धपछि मान्छेले आफन्ती गुमाउनु पर्दाको पीडाका कारण यसबाट छुटकारा पाउन मानव अधिकारका कुरा आए । मान्छेले युद्धमा धेरै मान्छे रगत बगेर मरेको देखिसकेपछि रगत परिपूर्ति गर्ने हो भने त मान्छेलाई बचाउन सकिन्छ कि भनेर सोच्दा मान्छेले मानव शरीरमा अरूको रगत दिन लिन सक्ने ज्ञानको विकास ग¥यो । मानवले आदिदेखि हालसम्म पनि आफ्नै चेतना, आवश्यकता, अनुभवले ज्ञानको खोज अनुसन्धान गरिरह्यो । मानव चिन्तनको विकास गरिरह्यो । जब एक कुराको आविष्कार भयो त्यसबाट फाइदा सम्पूर्णलाई भयो । मानव चिन्तनकै विकासले मान्छेले हरेक कर्ममा छिटो छरितो गर्नसकेको छ ।

# विकास धानिरहेछन् महिला



बुद्धि पुन, सल्यान

सल्यानमा विकास निर्माणका काममा उपभोक्ता समितिदेखि कामदारसम्म महिला सहभागिता बढेको छ । गाउँमा पुरुषको उपस्थिति कम भएपछि उपभोक्ता समितिदेखि विकास निर्माण कार्यमा महिलाहरू मात्रै हुने गरेका हुन् । गाउँघरमा भइरहेका प्रायः सबै समितिका सदस्य र कामदार महिलाहरू मात्रै भेटिन्छन् । पुरुष रोजगारी र अध्ययनका लागि बाहिर गएपछि गाउँको विकासलाई महिलाहरूले अघि बढाएका हुन् । स्थानीय तहले तय गरेका विकास निर्माणका काम र प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा पनि प्रायः महिलाहरू छनोट भएका छन् । महिलाहरुले चुलोचौको हुँदै घरायसी काम मात्रै गर्नुपर्ने र विकास निर्माणका कार्यहरुमा पुरुषहरु मात्रै सक्रिय भएर लाग्ने पुरानो अवस्था अहिले छैन । अहिले गाउँका विकासमा महिलाहरु सक्रिय भएका छन् । विकासमा महिलाहरुलाई नामका लागि मात्रै सहभागी बनाउने र अन्य सबै काम पुरुषले गर्ने परिपाटीको पनि महिलाहरुले अन्त्य गरेका छन । एकातिर पुरुषहरु गाउँघरमा कम हुने र अर्कोतिर महिलाले पनि विकास निर्माणमा काम गरेर देखाउने अवसरका रुपमा सल्यानका महिलाहरुले विकासमा नेतृत्व लिन थालेको उनीहरु बताउँछन्।

सल्यानको कालीमाटी गाउँपालिका-७ च्याङमा मन्दिर निर्माणका लागि गाउँपालिकाबाट तीन लाख रुपैयाँ विनियोजन भयो । मन्दिर निर्माणको लागि स्थानीय पवित्रा पुन आफै उपभोक्ता समितिको अध्यक्ष हुनुभयो । महिलाहरुको सक्रियतामा उपभोक्ता समितिको अध्यक्ष, सचिव, कोषाध्यक्षसँगै

सबै पदमा महिलालाई सहभागी बनाएर मन्दिर निर्माण गरिएको छ । आँट गरेर विकास निर्माणका काममा नेतृत्व लिन थालेको र समस्या पनि खासै नभएको अध्यक्ष पुनले बताउनुभयो । 'समाजमा हुने विकास निर्माणका कार्यहरुको महिलाले नै जिम्मेवारी लिएर पूरा गर्न सक्छन्, बिहान साँझ घरको काम गऱ्यो, दिनभर विकासको काममा सक्रिय भएर लाग्यो'- पुनले भन्नुभयो । शारदा नगरपालिका-१० मा गोरेटो बाटो बनाउन प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत पाँच लाख ७७ हजार रुपैयाँ विनियोजन भयो । पैयाँखर्कदेखि पैयाँखर्क मसानघाटसम्म जाने बाटोको स्तरोन्नतिमा पनि महिला सहभागिता धेरै छ । बाटो बनाउने काममा अहिले आठजना महिला हुँदा पुरुष दुईजना मात्रै छन् । वडाअध्यक्ष कृष्णबहादुर बोहराले पछिल्लो समय विकासमा महिलाको सहभागिता बढेको बताउनुभयो ।

'पुरुषहरु रोजगारीको लागि होस् या अन्य कामको लागि बाहिरै जान्छन्, गाउँमा महिलाको संख्या धेरै छ, बिहानसाँझ घरायसी काम गर्ने महिलाहरु दिउँसोको समयमा विकासका काममा जोडिएका छन्'- उहाँले भन्नुभयो । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमले महिलालाई विकासमा जोडेको उहाँको भनाइ छ । उनीहरुले एक सय दिनको रोजगारी पाउँछन् । सुख्खायाममा खेतीपाती पनि राम्रो नहुने भएपछि फुर्सदिला बनेका महिलाहरु विकास निर्माणका काममा एकजुट भएका छन्

## डिभिजन वन कार्यालय खलंगा प्यूठानको अनुरोध

- वन डढेलोले सयौं वर्ष लगाएर हुर्के वढेका दुर्लभ वनस्पती, वन्यजन्तु र जैविक विविधताको निमेशभरमै नाश गर्ने, जंगलमा रहेका खानेपानीका पाईपहरु जली नष्ट पार्ने, कहिलेकाहिं वस्तीमा आगो सर्न गई ठुलो परिमाणको जनधनको क्षती हुने, माटोको गुणमा परिवर्तन ल्याउने, वायुमण्डलमा कार्वनडाईअक्साईडको मात्रा वढ्न गई स्वासप्रश्वास प्रणालीमा असर पार्ने र जलवायु परिवर्तनमा समेत प्रत्यक्ष असर पार्ने हुँदा वन डढेलो समाजकै कलंकको रुपमा रहेको जघन्य अपराध हो । यस्ता व्यक्तिलाई सामाजिक रुपमै वहिस्कार गरौं ।
- वन ऐन २०७६ मा भएको व्यवस्था वमोजिम जंगलमा आगो लगाउने व्यक्तिलाई वन जंगल क्षती वापतको रकम असुल उपर गरी ३ वर्षसम्म कैद र रु.६०,०००÷– जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ । त्यसैले वन जंगलमा आगो लगाउने व्यक्तिको सुराक लगाई पक्राउ गर्न सहयोग गरौँ
- यदि वन जंगलमा आगो लागिहाले तुरुन्तै आम उपभोक्ताहरु तथा सम्पूर्ण स्थानीयहरु मिली नियन्त्रण गर्ने गरौं र प्रकृतीका अनमोल सम्पदाको रक्षा गर्ने गरौं ।

## डिभिजन प्रमुख

# शैक्षिक सुधारको खोजिमा गौमुखी








अग्निधर चन्द बोहोरा

प्युठानको उत्तरी क्षेत्रमा पर्ने गौमुखी गाउँपालिका अहिले बिद्यमान शैक्षिक अवस्थामा शैक्षिक सुधार कसरी गर्न सकिन्छ भन्ने चिन्तनका साथ सो विषयको गहन अध्ययन गर्दै अघि बढिरहेको छ। सामुदायिक विद्यालयमा हुँदै गरेका राम्रा र कमजोरी पक्षलाई केलाइ राम्रो र गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयलाई थप कसरी गुणस्तरीय बनाउन सकिन्छ र कमजोर अवस्था भएका विद्यालयलाई कसरी उत्कृष्ट बनाउने उदेश्यका साथ आफ्नो अध्ययन तथा अनुगमन कार्य अघि बढिरहेको छ।

कुनैपनि क्षेत्रको विकास तथा उन्नति गर्न गर्नको लागि सर्वप्रथम शिक्षा क्षेत्रमा विकास हुनु जरूरी हुन्छ । यदि शिक्षाको विकास हुन सक्दैन भने अन्य क्षेत्रको पनि विकास र परिवर्तन सम्भब हुँदैन । सायद यहि गहन दृष्टिकोणलाई हृदयङ्गम गरेर होला, गौमुखी गाउँपालिकाले नयाँ शिक्षा नीति निर्माण र शैक्षिक क्षेत्रमा परिवर्तनको उत्कट चाहना राख्दै एउटा शैक्षिक सुधार सुझाव योजना कार्यदल"गठन गरेको छ। उक्त कार्यदलमा पाँच सदस्यीय रहोको छ। गाउँपालिकाले सो कार्यदललाई गाउँपालिकामा रहेका ४५ वटा विद्यालय र अन्य बालविकास केन्द्रहरूको अनुगमन तथा सुपरिवेक्षणको जिम्मा दिंदै ती बिद्यालयहरूको शैक्ष्णिक, भौतिक, प्रशासनिक, आर्थिक आदि क्षेत्रको अनुगमन गर्दै तथ्यांक संकलन गर्ने जिम्मा समेत दिएको छ। कार्यदलले निश्चिति समयभित्र सबै विद्यालयको स्थलगत अनुगमन र अध्ययन गरि विद्यालयमा देखिएका विभिन्न अवस्था र समस्याहरू केलाउँदै, सत्य तथ्य प्रतिवेदन पेश गर्ने छ। साथै प्राप्त प्रतिवेदनको आधारमा बिद्यालयमा देखिएका समस्याहरूको सुधारको लागि यथासक्य प्रयास गर्ने र विद्यालयको उन्नत र गुणस्तर शिक्षण सिकाइ क्रियाकलाप

तथा सिकाइ उपलब्धिमा गर्ने गाउँपालिकाको मिहिन लक्ष्य रहेको गाउँपालिकाले जनाएको छ ।

प्रस्तुत शैक्षिक सुधार सुझाव योजना कार्यदलले प्रत्येक विद्यालयहरूको सत्य तथ्य डाटा संकलन गर्दै ,सबैको प्रोफाइल निर्माण समेत गर्ने छ।सो प्रोफाइल निर्माण भएपछि तत बिद्यालयहरूका हरेक स्तिथीहरू पुस्तिका मार्फत एउटा ऐनाको रूपमा छर्लङ्ग देख्न पाइने कुरा कार्यदलका एक सदस्यले बताएका छन।यो शैक्षिक प्रोफाइल निर्माण कार्य सहायक पक्ष हो भने, गहन र प्रमुख पक्ष उदेश्य चाहिँ शैक्षिक बिकास सुधार गर्नु नै हो।उहि लगानी उहीँ प्रकारको जनशक्ति परिचालित हुँदा कुनै विद्यालयमा गुणस्तरीय पठनपाठन हुनु, भौतिक, आर्थिक, प्रशासनिक आदिमा नमूनायोग्य हुनु तर सोही मापदण्डका विद्यालयमा भने बिल्कुल निम्नस्तरीय हुनु, कतिपय अवस्थामा हरेक क्षेत्रमा कमजोर स्थिति किन सिर्जना भयो? भन्ने कुराको गहन र यथार्थ अध्यन नै गाउँपालिकाले बुझ्न, अध्यन गर्न र निराकरण गर्न चाहेको विषय नै यहि हो। त्यसकारण यहि शैक्षिक सुधार सुझाब योजना कार्यदलको तथ्यगत सर्बे प्रतिवेदनको आधारमा आगामी शैक्षिक सत्रमा भाबी शैक्षिक योजना र रणनीति बनाइने लक्ष्य रहेको छ। गाउँपालिकाको योजना र शैक्षिक सुधार सुझाब कार्यदलको दुरगामी शैक्षिक योजना आगामी दशवर्षे शैक्षिक रणनीति निर्माण गर्दै, सोही योजनामुताबिक अघि बढ्नु र आगामी शैक्षिक सत्रमा गाउँपालिकाका ४५ वटा विद्यालयलाई छनोट गरी प्रत्येक वडाबाट कम्तिमा एक विद्यालय नमूना विद्यालयको रूपमा छनोट पनि गर्नु रहेको छ। सम्भवित नमूनायोग्य विद्यालयहरूलाइ नमूना विद्यालय बनाउन आवस्यक भौतिक, आर्थिक, शैक्षिक कुराहरु यथासक्य पूरा गरेपछि मात्र नमूना बन्न सक्ने छन् । आगामी शैक्षिक सत्रमा कक्षाकोठामा कही न कहीँ धेरथोर मात्रमा भएपनि गुणात्मक परिवर्तन हुने अपेक्षा र लक्ष राख्दै उक्त कार्यदल आफ्नो कार्यक्षेत्रमा डटेर खटिएको छ।

गाउँपालिका स्तरीय शैक्षिक स्थितिको अवस्था, सुधारका उपायहरु तथा भाबी रणनीतिका बारेमा गाउँपालीकामा पटक पटक छलफल, अन्तक्रिया तथा बैठकहरू पनि सम्पन्न भएर गत माघ २२ गतेदेखि सो कार्यदल विभिन्न विद्यालयको स्थलगत रिपोर्टिङ र तथ्यांक संकलनम सशक्त रूपमा जुटेको छ। हाल गाउँपालिकाका ३२ वटा विद्यालयको अनुगमन तथा सुपरिवेक्षण कार्य सप्पन्न भैसकेको छ ।

## कृषक महानुभावहरुमा हाम्रो अनुरोध

**- व्यवसायिक रुपमा उन्नत जातको पशु पालन व्यवसाय गरि देश विकासको आर्थिक आधार बनाऔं**

**- पशुपालन तथा पशुजन्य पदार्थ प्रशोधनमा नविनतम अभ्यासहरु अवलम्बन गरौं,**

**- उत्पादनहरुको सुनिश्चितता सन्तुलित पशु आहाराको लागि हरियो पोसिलो घाँसको प्रयोग गरौं**

**- कृषि व्यवसाय सञ्चालन गर्नुपूर्व वा सञ्चालन मारि सकेका कृषकहरुले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहका कृषि केन्द्रमा सूचिकृत गरौं**

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**परियोजना कार्यान्वयन इकाई खलंगा, प्युठान**

# प्राणमञ्च प्रकाशनका चौथो वर्ष



पदम प्रसाद पोखेल

महान दार्शनिक थोमस मन (**Thomas Maan**)ले **Everything is politics** अथवा (राजनीति नै सबैथोक हो) भनेका छन् । हामीले राजनीतिशास्त्रमा पनि सबैको नीति र नीतिको राज नै राजनीति हो भनेर पढेका छौं । त्यसैले राजनीतिक नेतृत्व उच्च नैतिकताको साथ इमानदार देशभक्त र स्वाधीन हुनुपर्छ । जस्तोसुकै परिस्थितिमा पनि देश र जनताको चौतर्फि हकहित र अधिकारीको लागि निडरतापूर्वक कार्य गर्नुपर्ने हुन्छ । त्यसो भयो भनेमात्र मुलुक जनताको चौतर्फि हितका लागि जनउत्तरदायी सरकार र प्रशासनिक संयन्त्रको अर्थ हुन्छ । तर विडम्बना नेपालको राजनीतिक दलका तथाकथित नेताहरुको पदीय दुर्दशा निकै दयनीय छ । विकृति संसदीय यो व्यवस्थामा खाली कुर्सी प्राप्तिको लडाइँ र सत्ता मोह झनै बल्झिँदै जादा सुदुरपारिका लाखौं जनहरु निकै निराशा र कुण्ठामा जिउन विवश छन् । भर्खर सम्पन्न भएको चुनावले सरकार परिवर्तनका लागि दोस्रो पटकसम्म अपवित्र गठबन्धनको सामना गरिसकेको छ । यसले गर्दा अबको पाँच वर्षसम्मको कुर्सीजात्रा दौड निकै रोमाञ्चक हुने देखिन्छ । बहुदलीय व्यवस्थाको ३३ वर्ष र संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाले १५ वर्ष पार गरिरहँदा पनि मुलुकमा अर्थ-राजनीतिक, सामाजिक/साँस्कृतिक अन्धविश्वास र कुरिती लगायत समस्याहरू जहाँको त्यहीं छन् । नेपालको पत्रकारीता क्षेत्र पनि यस्ताखाले विकृतिबाट विमुख रहन सकेको छैन । त्यसकारण एकातिर मुलुक र जनताको चौतर्फि हकहित र अधिकारीको पक्षमा निडरतापूर्वक लेख्ने/बोल्ने पत्रकार तथा त्यसका संस्थान र व्यक्तिहरू एक्लिदै ओझेलिँदै गएका छन् भने अर्कोतिर पित पत्रकारीताको आहालमा डुवेका साम्राज्यवाद परस्त मिडिया र त्यसका संचालहरू विदेशी हस्तक्षेप र दादागिरीको कठोर प्रचारमा रमाउदै महिमागान गरिरहेका छन् । यसमा सहि के हो र गलत के हो भन्ने द्वन्द्वात्मक नियमको भूमिका देशभक्तहरूले मूल्याङ्कन गर्नुपर्ने हुन्छ । त्यसो त देशभरका संचार जगत समयमै सतर्क भयो भनेमात्र मुलुकका शासकहरूलाई सतर्क गराउने आवाज वुलन्द गर्न सहिन्छ । नेपालको संसदीय राजनीति अमेरिकी र भारतीय जासुसका छायाँमा हराएको छ । यो निकै दुःखद पक्ष हो ।

सत्ताको वैभव र आफ्नो कुर्सी जसरी पनि सुरक्षित राख्नको लागि मुलुक नै बन्धक राख्ने शासकहरुको दुश्चक्रले गर्दा आधुनिक नेपाल निर्माणको कालदेखिनै देश झनपछि झन जर्जर र पराजित अवस्थामा पुगेको छ । स्मरण रहोस् : पृथ्वीनारायण : शाहले बाइसे, चौबीसे राज्यलाई विजय गरि सिंगो नेपाल निर्माण गरेपछिको नेपाल नै आधुनिक नेपाल हो । नेपालको संसदीय राजनीतिको लामो अस्थिरताको कै कारण गरिबी, बेरोजगारी, अशिक्षा, सामाजिक सांस्कृतिक अन्धविश्वास र कुरिति लगायत समस्याहरु जहाँको त्यहीं छन् । भ्रष्टाचार, महंगी, कालोबजारी र दण्डहीनताले चरमचुलि नाघेको छ । राष्ट्रघाती एमसीसी परियोजना सदनबाट पास भएसँगै नागरिक स्वतन्त्रता र राष्ट्रिय स्वाधीनता माथि निर्मम हमला भएको छ । साम्राज्यवादी देश अमेरिका र भारतले देशका सबै अंगहरु (कार्यपालिका, न्यापालिका र व्यवस्थापिका) मा चौतर्फि हमला गर्दै नेपाल स्थित उसका कठपुतलीहरुद्वारा झनै बलियो नियन्त्रण जमाउने र धमिलो पानीमा माछा मार्ने एक नम्बर सिपालु माझीको खेल खेलिरहेका छन् । अन्धभक्त सरकार भारत र अमेरिकी

हस्तक्षेपको खुला समर्थन गर्दै उनीहरुकै भजनमण्डली गरिरहेको छ । स्थायी सरकारले मात्रै मुलुकका तमाम समस्याको समाधान गर्छ भन्ने संसदीय राजनीतिक दलका नाराहरु अमेरिकी र भारतीय जासुसका छायाँमा हराएका छन् । लिपुलेक- लिम्पियाधुरा र कालापानी तथा सुस्ता क्षेत्रमा भारतीय गुण्डा पक्षले दैनिक सिमा अतिक्रमण गरि देशको भुगोल झनै खुम्च्याइरहेको छ ।

स्थानीय तहदेखि केन्द्र सरकारका जनप्रतिनिधि, कर्मचारी तथा मन्त्रीहरु आर्थीक चलखेलको चरम बिन्दुमा पुग्दै नेपाललाई एसियामै प्रथम तथा विश्वकै एक नम्बर भ्रष्टाचार हुने मुलुक दर्ज गर्न गरिएको होडबाजीले इमानदार देशभक्त, क्रान्तिकारी तथा परिवर्तनकामी स्वाभिमानी जनतालाई चरम निरासा र आक्रोशमा पुऱ्याएको छ। भ्रष्ट प्रशासनको ढिलासुस्ती र लापरवाहिले आम नागरिक सामान्य सेवा लिन घुस दिन बाध्य भएको छ भने लाचार कर्मचारी प्रशासन अनेकन वहानाबाजी गर्दै पक्का गरेको घुस रकम गर्वका साथ लिन्छ । देशमा विद्यमान यस्ताखाले तमाम समस्या, उत्पीडन, बेथिति र अनियमितताको भण्डाफोर गर्दै जनतामाझ सत्य तथ्य सुचनाको संवाहक आम संचार माध्यम हो । जनउत्तरदायी र विधिको शासनको स्थाइत्वको लागि सोचेअनुरुपले घचघच्याउन नसक्नु संचार माध्यमको विडम्बनापूर्ण स्थिति नै हो । नेपालको पत्रकारीता क्षेत्रमा पनि विकृति र असफल सिद्ध संसदीय राजनीतिको यो वा त्यो रुपमा ह्वास्स ढकार आइरहन्छ । उदाहरणका रुपमा राष्ट्रघाती एमसीसी परियोजनाको निर्लज्ज प्रचारप्रसार गर्ने, कानुनी रुपमा वर्जीत लागुऔषध तथा मदिराको खुलायम प्रचार तथा अन्य बहुराष्ट्रिय कम्पनीका बनिबनाउ रिपोर्टिङ गरेर पैसा कमाउने धन्दाहरुलाई राख्न सकिन्छ। यसकारण मुलुकको अहितमा विदेशी एजेन्टहरुद्वारा संचालित गिरोहबाट देशभरका संचार माध्यमहरु समयमै सतर्क रहन जरुरी छ ।

विकृत मानसिकता, पलायनता, निराशा, परनिर्भरता र आत्मसमर्पणवादकोको शुलीबाट मुक्त हुनु मानव समाजको आधारभुत सर्त हो । समाज र देशका यावतखाले साझा समस्याको समाधानको खातिर हामीले पनि ऐक्यबद्धता जनाउँदै हामीले 'आमुल परिवर्तन र निश्पक्षको वाहक' को नाराबमोजिम प्राणमञ्च राष्ट्रिय मासिक प्रकाशनको तेस्रो वर्षगाँठ पूरा गरेका छौं आरोह-अवरोह र उतारचढावका सयौं सिंढीहरूलाई कुशलतापूर्वक पार गर्दै हामी चौथो वर्षमा प्रवेश गर्दै गर्दा केही रहस्यमय श्रृङखलाहरुको व्याख्या गर्नैपर्छ। प्रकाशन दर्ता गर्ने क्रममै जिल्ला प्रशासन कार्यालय प्युठानले लामो पुर्वाग्रह राख्यो। सुरुका दिनमा सहायक प्र.जि.अ.ले विभिन अनावश्यक तिकडमसहित बहानाबाजी गर्दै दर्ताको लागि आवश्यक कागजात संगलग्न पेस गरिएको फाइल हरायो सम्म भने। प्र.जि.ले कुनै समस्या नभएको दोहोऱ्याइरहे पनि झन्डै ६ महिना पर सारिएको थियो । पछि पंतिकार स्वम उपस्थिति भएपछि धेरै छलफलको आवश्यकता परेन। हाम्रो पहिलो प्रकाशन ०७६ माघमा प्रकाशन भयो १२ पृष्ठको विश्लेषणात्मक पत्रिकाको रुपमा । त्यतिबेला प्रशासनको अनावश्यक निगरानीका कारण हाम्रो काममा धेरै नै बाधा पुगेको थियो। पत्रिकाको कार्यालयस्थित जुम्रीमा छापामार शैलीमा तथाकथित सर्च अपरेसन गरि कार्यालय प्रयोजनका लागि राखिएका दर्जनौं पुस्तक, नोटबुक तथा दायरीहरु बरामत गरेर लगियो भने प्रकाशनको कामको सिलसिलामा विजुवार बजार निस्केका प्रस्तावित व्यवस्थापक बालबहादुरलाई बिनाकारण गिरफ्तार गरि झुठो मुद्दामा १८ दिन सम्म गैरन्यायिक हिरासतमा राखियो । उता जिल्लाभर सम्पूर्ण निकायमा 'फलानो पत्रिकालाई कुनै सहयोग नगर्नु' भनेर प्रशासनबाट उर्दी जारी गरियो। हामी सकेसम्म सुझबुझ र चनाखो बनेर यो सबै नाटकलाई हेर्दै कामलाई निरन्तर रुपमा अगाडि बढाइरहेका थियौं । दाङ र प्युठानमा पंतिकार बसेका सबै ठाउँमा आतङक मच्चाइरहेको अवस्थामा पनि उच्चस्तरीय सतर्कताकै कारण सुरक्षित साथ पत्रिकाको अन्तिम रुप दिन सफल भएका थियौं ।

जनपक्षीय पत्रकारीताको मुल मर्मलाई आत्मसाथ गर्दै शोषण, उत्पीडन, अराजकता, कमिसनखोर, भ्रष्टाचार र अनियमितता को विरुद्ध तथा राष्ट्रिय स्वाधीनता र जन अधिकारको पक्षमा हामीले निरन्तर कलम बुलन्द गरिरहेका छौं । हामीले दोस्रो

अंकको प्रकाशन पश्चात् तेस्रो अंकको तयारी गरिरहेको अवस्थामा मुलुकमा कोरोना कहरका नाउँमा सरकारले अकस्मात बन्दाबन्दीको घोषणा गऱ्यो । लकडाउनकै कारणले देशका १८ लाख भन्दा बढी नागरिक पुनः गरिबीको रेखामुनि परेको तथ्यांक सार्वजनिक भएको छ । कोरोना कहरको प्रत्येक्ष मारमा हाम्रो प्रकाशन पनि नपर्ने कुरै भएन । कोभिड कै कहरको कारण हाम्रो प्रकाशन पनि कार्ययोजना मुताबिक नियमित प्राकशन गर्न सकेका थिएनौं । यो बिचमा दलाल प्रशासनिक संयन्त्रको दुष्कर्म र भ्रमका पर्दाहरु काफी रुपमा चिर्दै उनका नाङ्गापनलाई जनमानसमा उदाङगो पार्न सफल पनि भएका छौँ । अथक मेहनत र परिश्रम गरेर अझ दबिएका उत्पीडितहरुको आवाजलाई सशक्त बनाउने हाम्रो अभियान जारी नै छ। तेस्रो वर्षसम्मको प्रकाशनको दौरानमा हामीलाई एकाध पुर्वाग्रहिबाहेक विभिन्न निकायका दिग्गज व्यक्तित्वहरुले निकै हौसला, प्रेरणादायी सल्लाह सुझावको अविश्मरणिय हातेमालो गर्नुभएको छ। पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी नभएको र नेतातन्त्र भएको दललीकृत एवं आत्मसमर्पणवादी राज्य प्रशासनसँगको हाम्रो लडाईं सकिएको छैन। यो लडाई शोषण र उत्पीडनमा परेका आम नेपाली जनताको मुक्ति र अधिकारलाई कुण्ठित गर्दासम्म जारी नै रहन्छ। हामी हरेक जालझेल र षड्यन्त्रको निरन्तर पर्दाफास गरिरहेका छौँ र गरिरहने पनि छौँ ।हामीले आमूल परिवर्तनसहितको समुन्नत समाज एवं एकताबद्ध राष्ट्र निर्माणमा हमेसा हातेमालो गर्नेछौँ । जनताका खास मुद्दा र पेचिला समस्याहरुको निरन्तर ओकालत गरिरहने छौं र मुक्तिकामी जनताको स्वतन्त्रता र अधिकारको ग्यारेन्टी गर्ने एकमात्र अस्त्र वैज्ञानिक समाजवादी राज्य व्यवस्थाको पक्षमा जोडदार वहस पैरवी पनि गर्नेछौं । अन्यायपूर्ण थिचोमिचो र दमनकारी दुस्साहसको सदैव डटेर खिलाप गर्नेछौं ।

अन्त्यमा, प्रतिक्रियावादीहरुको अत्यन्तै सङकट र दमनपूर्ण मुस्लोको विरुद्ध थालिएको प्रकाशन आफै कैयौं दमनका श्रृङखलाहरु पार गर्दै हामी अगाडि बढिरहेका छौं। यो बिचमा हाम्रो कार्यालयबाट दादागिरी शैलीमा खोसिएका सम्पूर्ण पाठ्यपुस्तक तथा अन्य स्टेसनरी पनि फिर्ता गर्न सफल भएका छौँ । गत वर्षको असोजबाट हामीले १२ पृष्ठको प्राणमञ्च पत्रिकालाई स्तरिकृत गर्दै ७६ पृष्ठको किताव (म्यागेजिन) को रुपमा प्रकाशन गरिरहेको छौँ । छापा सञ्चार माध्यममा प्रविधिको डिजिटलाइजेसनसँगै नयाँ वहस र छलफल जारी छन् । समय र परिवेश निश्चित रुपमा फेरिएको छ । यो बदलिँदो परिस्थितिमा पनि हामीले झोलाभरी बोकेका किताबहरुलाई असाध्यै माया, सद्भाव र सहभागीता जनाउँदै मुक्त कण्ठले राखिदिनुभएको छ । यस मानेमा हामी हाम्रो समस्त पाठकवर्गमा असिम सम्मान र सम्झनासहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । हामीले हाम्रो प्रकाशनलाई साविकका रात्ती अञ्चलका सबै जिल्लामा राम्रो उपस्थित जनाउन सफल भएका छौँ भने नवलपरासी बर्दघाटदेखि जाजरकोट तथा भैरहवादेखि सुर्खेतसम्म सम्बन्ध फिँजाउन सफल भएका छौँ । चौथो वर्षसम्मको यो अभियानमा हामीले एच्ब्लब्ल्त्रृज्ब ऋइः अनलाइन प्रकाशनलाई पनि सँगै लगिरहेका छौँ । प्राणमञ्च मिडिया प्रालिमार्फत हामीले दाङको घोराही, नेपालगञ्जको कोहलपुर, रुपन्देहीको बुटवल तथा सल्यानको श्रीनगरबाट मुख्य शाखा कार्यालयहरु सञ्चालन गरिरहेका छौँ । मध्यवेल्टका यी सबै जिल्लाहरुमा आंशिक रुपमा पुग्न सफल भएका छौँ । यद्यपि ग्राहकवर्ग, विज्ञापनदाता, शुभेच्छुकहरुको अपार माया र सद्भाव हुँदाहुँदै पनि कतिपय जटिल परिस्थितिमा नियमितता दिन सकेका छैनौँ । यसप्रति हामी क्षमाप्रार्थी छौँ र आगामी दिनहरुमा अविरल कोसेली पस्किरहने प्रतिबद्धता पनि व्यक्त गर्दछौँ । यसबीचमा हामीप्रति आलोचनात्मक सल्लाह सुझाव र प्रतिक्रिया दिनुहुने आदरणिय पाठक वर्ग, सुवेच्छुक सबैप्रति हार्दिक नमन छ । हामीले यो जटिल परि स्थितिमा तयहाँहरुको यो प्रकारको उल्लासमय माया र प्रतिबद्धताप्रति हामी अत्यन्तै ऋणी पनि छौँ ।आफ्नो अमुल्य समय खर्चेर नियमित आफ्नो सिर्जनात्मक लेख रचना उपलब्ध गराउने सम्पूर्ण स्तम्भकार / सर्जक, विज्ञापनदाता तथा सबै जिल्ला स्थित रिपोर्टहरु प्रति पनि सहृदय कृतज्ञता छौं । हामी सबैको सहभागिता, सल्लाह, सहयोग र निरन्तरको खबरदारीले मात्र जनमैत्री पत्रकारिताको तरवारलाई अझै धारिलो बनाउन सक्नेछौं।

# के होला अमेरिका-चीन युद्धको प्रभाव ?

"चीन अमेरिकाले पहिले सामना गरेकोभन्दा भिन्न प्रकारको शत्रु हो, जो युद्धलाई अमेरिकी धर्तीभित्रै महसुस हुने गरी विस्तार गर्न सक्षम सैन्य, आर्थिक र प्राविधिक शक्ति हो। चीनसँग रहेका १३ सय ५० ब्यालिस्टिक र क्रुज मिसाइलहरू अहिले नै अमेरिका र उसका प्रशान्तीय मित्रशक्ति जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायतमाथि प्रहार गर्न तम्तयार छन्। साथमा अमेरिकाले विश्वको सबैभन्दा ठूलो नौसेना र एसियाको सबैभन्दा ठूलो वायुसेना भएको प्रतिद्वन्द्वीविरुद्ध मूल भूमिबाट हजारौं माइल पर युद्ध लड्नमा एकदमै कठिनाइ उत्पन्न हुनेछ।"

रस ब्याबेज



इन्डो-प्यासिफिक (हिन्द प्रशान्त) क्षेत्रमा ठूलो युद्धको सम्भावना दोस्रो विश्वयुद्धपछि अहिले सबैभन्दा बढी प्रबल बनेको छ । चीनले ताइवानमाथि गर्ने आक्रमणले त्यो युद्ध सुरू हुन सक्छ । चीनका राष्ट्रपति सी जिनपिङले ताइवानलाई मुख्य भूमि चीनसँग एक गराएरै छाड्ने बताएका छन् । चीनको कम्युनिस्ट पार्टीको शासन ताइवानलाई कब्जामा लिन सक्नेगरी र अमेरिकालाई प्रत्यक्ष चुनौती दिँदै क्षेत्रीय अधिपत्य कायम गर्न सक्नेगरी सैन्य, आर्थिक र औद्योगिक शक्ति बनिसकेको छ । यसबाट अमेरिकाको महत्वपूर्ण रणनीतिक स्वार्थहरु जोखिममा परेको छ । ताइवानमाथि चीनको आक्रमण सफल भएमा अमेरिका र हिन्द प्रशान्त क्षेत्रमा रहेका उसका साझेदार मुलुकका प्रतिरक्षा शृंखलामा छिद्र बन्नेछ । त्यसले पश्चिमी प्रशान्त क्षेत्रमा अमेरिकाको रणनीतिक स्थितिलाई गम्भीर रूपमा कमजोर मात्र बनाउँदैन, ताइवानमा

जाडो मौसममा दम, प्रेसर, मधुमेह लगायतका दिर्घरोगीहरु अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं । न्यानो बस्त्र लगाई प्रसस्त मात्रामा पोसिलो र झोलिलोजन्य अर्गानिक खानपिन गरौं, व्यायाम गरि रोगप्रतिरोध क्षमताको विकास गरौं, खुसी बनौं, स्वस्थ्य रहौं । कोरोना भाइरस संक्रमणको जोखिम कायमै रहेकोले सुरक्षा मापदण्ड कायम गरौं ।

सार्वजनिक सूचना

- जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइसराइलगायत सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं ।
- धुरी कर, मालपोत, व्यवसाय कर, घर बहाल करलगायत सम्बन्धित वडा कार्यालयमा गई समयमै तिरि नागरिक दायित्व पूरा गरौं ।
- वातावरण मैत्री, वालमैत्री र समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर पसल, संघसंस्थाबाट निस्कने फोहोर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
- पूर्ण सरसफाईका सूचक अनुरुप घर, टोलको व्यवस्थापन गरी पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउन मद्दत गरौं ।

उच्च शिक्षा र रोजगारी त्यसपछि मात्र गर्ने गरौं बिहेबारी

सत्यवति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

निर्माण हुने उन्नत सेमिकन्डक्टर तथा अन्य महत्वपूर्ण उपकरणमाथिको अमेरिकी पहुँच पनि अवरूद्ध हुनेछ । सत्तामा आएदेखि जो बाइडेनले बारम्बार आइपरे ताइवानको रक्षा गर्ने बताएका छन् । तर, वासिंगटनले विना सोचविचार चीनसँग भिड्नबाट जोगिन आवश्यक छ । किनभने चीनसँगको युद्ध अमेरिकीहरूले पहिले कहिल्यै सामना नगरेको स्तरको हुनेछ । अमेरिकी नागरिकमा सेनालाई देशबाट टाढा लड्न पठाउने बानी छ । तर, चीन अमेरिकाले पहिले सामना गरेकोभन्दा भिन्न प्रकारको शत्रु हो, जो युद्धलाई अमेरिकी धर्तीभित्रै महसुस हुने गरी विस्तार गर्न सक्षम सैन्य, आर्थिक र प्राविधिक शक्ति हो । अस्ट्रेलियाको रक्षा मन्त्रालयसहित कैयौँ निकायमा व्यावसायिक रणनीतिक विश्लेषक र रक्षा योजनाकारका रूपमा मैले युद्ध कसरी सुरू हुन्छ र त्यो कसरी अघि बढ्नेछ भन्ने अध्ययन दशकौँ गरेको छु । साथै युद्धको समयमा चीनले सञ्चालन गर्न सक्ने सैन्य र गैरसैनिक अभियान पनि मेरो अध्ययन क्षेत्रमा पर्छ । मेरो अध्ययनका आधारमा म विश्वस्त छु, चीनसँगको सम्भावित युद्ध अमेरिकाका लागि निकै गम्भीर हुनेछ । त्यसैले अमेरिकी नागरिकहरू पनि यसबारे बढी सचेत हुन आवश्यक छ । चीनको सैन्य परिदृश्य मात्रै पनि डरलाग्दो छ । अमेरिका र उसका मित्रशक्ति जवाफी कारबाहीमा उत्रिनुअघि नै चीनले केही घण्टाभित्रै ताइवानका मुख्य रणनीतिक निसानाहरू नियन्त्रण गर्न तीव्र हवाई, समुद्री र साइबर आक्रमण सुरू गर्न सक्छ । ताइवान अमेरिकाको मेरिल्यान्ड राज्यभन्दा थोरै ठूलो छ । यदि हामीले सन् २०२१ मा अफगानिस्तान र काबुल कति छिटै तालिबानको हातमा गएको थियो भन्ने ख्याल गर्‍यौं भने चीनले ताइवान कब्जा गर्न सक्ने अपेक्षाकृत छोटो समयलाई महसुस गर्न सक्नेछौँ । चीनसँग रहेका १३५० ब्यालिस्टिक र क्रुज मिसाइलहरू अहिले नै अमेरिका र उसका प्रशान्तीय मित्रशक्ति जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायतमाथि प्रहार गर्न तम्तयार छन् । साथमा अमेरिकाले विश्वको सबैभन्दा ठूलो नौसेना र एसियाको सबैभन्दा ठूलो वायुसेना भएको प्रतिद्वन्द्वीविरूद्ध मूल भूमिबाट हजारौं माइल पर युद्ध लड्नमा एकदमै कठिनाइ उत्पन्न हुनेछ । यो महिना अमेरिकाको आकाशमा देखिएका बेलुनलाई धेरै अमेरिकीले अमेरिकी सार्वभौमसत्तामाथि चिनियाँ हस्तक्षेप माने । युद्धको समयमा चीनले अमेरिकी भूमिमा गर्न सक्ने विनाशकारी हस्तक्षेपको तुलनामा यो घटना सामान्य हुन सक्छ ।

यी कठिनाइका बाबजुद अमेरिकी सैन्य योजनाकार परम्परागत युद्ध लड्न रूचाउँछन् । तर, चिनियाँहरू धेरै विस्तारित युद्ध लड्न तयार छन्, जुन अमेरिकी समाजको गहिराइसम्म पुग्नेछ । चीनले अमेरिका विगत एक दशकदेखि राजनीतिक र सामाजिक संकटमा फसेको मान्ने गर्छ । चिनियाँ राष्ट्रपति सी जिनपिङ विभिन्न अवसरमा 'पूर्वको उदय हुँदै गर्दा पश्चिमको ह्रास भइरहेको' भन्ने गर्छन् र अमेरिकाको सबैभन्दा ठूलो कमजोरी उसको घरेलु मोर्चामा रहेको मान्छन् । मलाई विश्वास छ कि राष्ट्रपति सी अमेरिकीहरूलाई विभाजित गर्न र दीर्घकालीन द्वन्द्वमा संलग्न हुने तिनको इच्छालाई कमजोर पार्न बहुआयामिक अभियान चलाउन तयार छन् । यसलाई चिनियाँ सेनाले 'दुस्मन विखण्डन' भन्छ । विगत दुई दशकभित्र चीनले यस्तो शक्तिशाली रणनीतिक तथा साइबर युद्ध क्षमता विकास गरेको छ, जसले सहजै अमेरिका र उसका मित्र सरकार, मिडिया संगठन, व्यवसायी र नागरिक समाजभित्रसम्म हस्तक्षेप गर्न सक्छ । जुन तिनको विघटनका लागि प्रयोग गरिनेछ । यदि युद्ध सुरू भयो भने चीनले यसलाई सञ्चारमा बाधा पुर्‍याउन र झुटो तथा अन्य जाली सूचना फैलाउन प्रयोग गर्नेछ । तिनको उद्देश्य भ्रम सिर्जना गर्ने, विभाजन तथा अविश्वास बढाउने र निर्णय प्रक्रियामा बाधा पुर्‍याउने हुनेछ । चीनले यसलाई विद्युतीय तथा सम्भवतः भूउपग्रह वा सम्बन्धित पूर्वाधारमाथि भौतिक आक्रमण गरेर थप विध्वंसात्मक बनाउन सक्छ । यी कारबाहीहरू चीनले साइबर हमलालाई बिजुली, ग्यास, पानी, यातायात, स्वास्थ्य सेवा र अन्य सार्वजनिक सेवा अवरूद्ध बनाउन प्रयोग गर्नेछ । चीनले यससम्बन्धी क्षमता

पहिले नै प्रदर्शन गरिसकेको छ । ताइवानमा चीनले चलाएका मिथ्या सूचना अभियान र अमेरिकामा भएका ह्याकिङका गम्भीर घटना यसका केही उदाहरण हुन् । राष्ट्रपति सी जिनपिङले चीनको राजनीतिक युद्ध क्षमतालाई 'जादुई हतियार' बताउने गरेका छन् । चीनले आपूर्ति शृंखला र जहाजी ढुवानीमाथिको आफ्नो प्रभुत्वलाई पनि हतियारका रूपमा प्रयोग गर्न सक्छ । अमेरिकीहरूमाथि यसको प्रभाव गहिरो हुनेछ । अमेरिकी अर्थतन्त्र धेरै मात्रामा चिनियाँ स्रोत र त्यहाँ निर्मित सामानमा निर्भर छ, जसमा धेरै सैन्य सामग्री पनि छन् । अमेरिकी उपभोक्ताहरू इलेक्ट्रोनिक्सदेखि फर्निचर र जुत्तासम्म अधिकांश मध्यम मूल्यको चिनियाँ-निर्मित आयातमा भर पर्छन् । यी सामानको ठूलो हिस्सा चिनियाँ व्यापारिक हितको नियन्त्रणमा रहेका समुद्री मार्ग हुँदै ढुवानी गरिन्छ, जुन व्यापारीहरू अन्तिममा चीनको पार्टी-राज्यप्रति जवाफदेही हुन्छ । युद्धले यो व्यापार (साथै अमेरिकी र उसका मित्रशक्तिको चीनसम्मको ढुवानी) रोक्नेछ । चिनियाँ उत्पादनको अमेरिका अपूर्ति रोकिएसँगै अमेरिकी व्यापारको एक विशाल दायरा पक्षाघात हुनेछ । यो व्यापार पुनर्स्थापित गर्न महिनौँ लाग्न सक्छ । केही वस्तुहरूको आपत्कालीन भण्डारण गर्नुपर्ने हुन सक्छ । मुद्रास्फीति र बेरोजगारी बढ्नेछ, विशेषगरी अर्थव्यवस्था युद्ध अभियानका लागि पुनः निर्देशित गरिएका वेला जब केही वाहन निर्माताहरूलाई विमान निर्माण गर्न वा खाद्य-प्रशोधन कम्पनीलाई प्राथमिकताका औषधिहरूको उत्पादनमा रूपान्तरण गरिनेछ । ठूलो आर्थिक अनिश्चितताको कारणले अमेरिका र अन्य देशमा स्टक एक्सचेन्जहरूको व्यापार अस्थायी रूपमा रोक्न सक्छ । दोस्रो विश्वयुद्धलगायत युद्धमा जितका लागि अमेरिकाको औद्योगिक सामार्थ्य महत्वपूर्ण बनेको थियो । तर, अहिले नयाँ युद्ध सुरू हुँदा अमेरिकीहरूले तिनको औद्योगिक सामर्थ्य कमजोर भएको र चीन यस विषयमा अगाडि रहेको तितो यथार्थ स्वीकार गर्न बाध्य हुन सक्छन् । चीन अहिले धेरै मानकका आधारमा प्रमुख विश्वव्यापी औद्योगिक शक्ति हो । सन् २००४ मा अमेरिकी औद्योगिक उत्पादन चीनको दोब्बरभन्दा बढी थियो जबकि सन् २०२१ सम्ममा चीनको औद्योगिक उत्पादन अमेरिकाको भन्दा दोब्बर भइसकेको छ । चीनले अन्य कुनै पनि देशको तुलनामा धेरै जहाज, स्टिल र स्मार्टफोन उत्पादन गर्छ । चीन सैन्य औद्योगिक अर्थतन्त्रको मेरूदण्ड मानिने रसायन, धातु, भारी औद्योगिक उपकरण तथा विद्युतीय उत्पादनमा पनि विश्व नेता हो । अझ महत्वपूर्ण, युद्धमा अति आवश्यक हुने उन्नत हतियार निर्माणमा अमेरिका अब चीनलाई उछिन्न सक्षम नरहेको देखिएको छ । यो कुरा युक्रेन युद्धबाट स्पष्ट भइसकेको छ । किभलाई सैन्य हातहतियार दिँदा केही प्रमुख सैन्य प्रणालीहरूको अमेरिकी स्टकहरू घटेको छ । तिनको पूर्तिका लागि वर्षौं लाग्न सक्छ । हिन्द प्रशान्त क्षेत्रमा हुने युद्धमा आवश्यक हुने हतियारको तुलनामा युक्रेन युद्ध सानो हुनेछ । त्यस अवस्थामा अमेरिकाले के गर्न सक्छ त ?

सैन्य मोर्चामा, पश्चिमी प्रशान्त क्षेत्रमा अमेरिकी सेनामाथि हुने चीनको आक्रमणको जोखिम कम गर्न अमेरिकाले पहिलेदेखि जारी सबलीकरण र विविधीकरण कार्यक्रमलाई गति दिनुपर्छ । देशभित्र परम्परागत मिडिया तथा सामाजिक सञ्जाललाई चिनियाँ जाली सूचनाबाट थप सुरक्षित पार्ने तरिकाहरू खोज्नका लागि ठोस प्रयास चालिनुपर्छ । अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति शृंखलाहरू अमेरिकाभित्र वा मित्र राष्ट्रहरूमा सार्ने प्रक्रिया सुरू गर्नुपर्छ । अमेरिकाले विश्वव्यापी उत्पादनमा आफ्नो प्रभुत्व पुनर्स्थापित गर्न दीर्घकालीन रणनीतिक अभियान नै चलाउन आवश्यक छ । कमजोरीहरू सम्बोधन गरेर बलियो प्रतिरोधात्मक शक्ति निर्माण गर्नु युद्धबाट बच्ने उत्तम माध्यम हो । तर, यसमा समय लाग्नेछ । त्यतिन्जेलसम्म, वासिंगटनले परिस्थितिलाई थप तनावपूर्ण हुन नदिन र बेइजिङसँग वार्ता कायम राख्नु महत्वपूर्ण हुन्छ । यो महिना अमेरिकाको आकाशमा देखिएका बेलुनलाई धेरै अमेरिकीले अमेरिकी सार्वभौमसत्तामाथि चिनियाँ हस्तक्षेप माने । युद्धको समयमा चीनले अमेरिकी भूमिमा गर्न सक्ने विनाशकारी हस्तक्षेपको तुलनामा यो घटना सामान्य हुन सक्छ ।

# अठार मगरातको पर्यटकीय नगरी थवाङ



के.वि मसाल

कुनै बेला रोल्पाको नाम सुन्ने बित्तिकै मानिसहरु डराउथे । द्वन्द्वको समयमा रोल्पा घर भने पछि घर धनिहरुले डेरा समेत दिन डराउथे । समग्रमा रोल्पाली भनेपछि हेर्ने र बुझ्ने दृष्टिकोण नै सबैले भिन्न बनाउथे । द्वन्द्व समाप्त भै सकेपछि आजकल रोल्पाको त्यो बुझाई कथा मात्र बनेको छ । तर अहिले थवाङको अवस्था परिवर्तन भएको छ । लुम्विनी प्रदेश रोल्पा जिल्लाको ऐतिहासिक थवाङ गाउँ अहिले गाउपालिका भएको छ । थवाङ गाउँपालिका अहिले थवाङ, मिरुल र उवा गरी पाचँ वडमा बिभाजित भएको छ । थवाङ गाउँ गाउँपालिका भएपछि १ र २ वाडमा बिभाजन भएको छ । समुद्री सतहबाट २ हजार मिटरको उचाईमा रहेको थवाङ गाउँ थवाङ खोलाको किनार र पहाडको फेदीमा पर्दछ । करिब १ हजार घरधुरी रहेको साविकको थवाङमा हाल २ सय २९ घरधुरी बसोबास गरिरहेका छन् । काठको फलेक र स्लेट ढुंगाले छाना छाइएका गुजुमुज्ज र बाक्ला घर थवाङको विशेषता हो । घरहरुमा प्राचिन कला संस्कृति झल्कने हस्तकला समेत अंकित गरिएका छन् ।

थवाङ अहिले ग्रामीण पर्यटनको विकासमा जुटेको छ । पर्यटनकै बिकासको लागि पछिल्लो समय थवाङमा पुर्वाधारको विकास हुन थालेको छ । आजभोली कच्ची भएपनि सबै वाडमा मोटर मार्ग पुगेको छ । परम्परागत शैलीका घर ढुङगाका छाना पहिलो पटक थवाङ पुग्ने पर्यटक गाउँ देख्दै छक्क पर्दछ । तर अहिले थवाङ गाउँका मौलिक घरहरु धेरै परिवर्तन हुन थालेका छन् । थवाङको मौलिक संस्कृति जोगाउन चुनौति हुन थालेको छ । संस्कृति हरेक जातीको पहिचानसँग जोडिएको हुन्छ । त्यसको संरक्षण भएन भने पर्यटकहरुलाई के देखाउने ? सभ्यता संस्कार संस्कृति र सम्पदालाई समाजले संरक्षण गर्न सकेन भने परमपरागत चल्दै आएको सस्कृति लोप हुँदै जान्छ । मौलिक संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए जातीगत पहिचान हराउछ । यो कुरा थवाङबासीले बुझ्न जरुरी छ । तर अब थबाङबासीहरुले कला र संस्कृतिलाई सरक्षण गर्न लागि परेका छन् । पर्यटन विकासको लागि यो राम्रो पक्ष हो । थवाङका हरेक बस्तीमा ढुंगा बिछ्याएर गाउँलाई नै सफासुग्घर राखिएको छ । सहिद स्मृति क्याम्पस, सहिद स्मृति पार्कसमेत समुदायले नै सञ्चालन र रेखदेख गरिरहेका छन् । कम्युनिष्ट राजनीतिको बारेमा चासो राख्ने पर्यटकहरुलाई थवाङ पुग्नै पर्दछ । थवाङ पुगेपछि थवाङमा कसरी कम्युनिष्ट राजनीतिको सुरुवात भयो ? कसरी जनता संगठित भए ? किन

थवाङबासी जनता सामूहिक निर्णय मान्दछन् ? आदी कुराहरु थवाङ पुगेपछि पर्यटकहरुले अध्यन गर्नुपर्छ । इतिहास खोज्दै जाने हो भने थवाङमा २०१२ सालमा कम्युनिष्टको बीजारोपण भएको थियो । कृष्ण झाँक्री नामका मुखियाले गाउँमा सुँगुर, बंगुर खुला नछोडन आदेश गरे । झ्याली पिटाए र कटुवाललाई हाक हाल्न समेत लगाए । तर, गाउँलेले मुखियाको आदेशलाई टेरेनन् । गाउँको स्थिति फेरिएन । त्यसपछि मुखियाले सुँगुर, बंगुरलाई भरुवा बन्दुक, खुकुरी र भालाले हान्न थाले । विरोधमा बोल्ने हिम्मत कसैमा भएन । अत्याचार सहिसक्नु नभएपछि बरमन बुढा



लगायतका युवाहरु प्रतिकारमा उत्रिए । मुखियाले प्युठानबाट प्रहरी बोलाए । मुद्दा चल्यो, बरमन जेल पुगे । बरमन बुढालाई प्युठान कारागार पुऱ्याइयो । संयोगवश बरमन बुढाको भेट कम्युनिष्ट नेता मोहनविक्रम सिंहसँग जेलमा भयो । मोहनविक्रमले उनलाई कम्युनिष्टको शिक्षा दिए । बरमन थवाङ फर्केपछि थवाङमा कम्युनिष्ट राजनीति सुरु भयो । उनीपछि प्यूठान कारागार पुगेका मुखिया कृष्ण झाँक्री पनि कम्युनिष्ट दीक्षित कार्यकर्ता भएर थवाङ फर्के । पछि जेलबाट छुटेका मोहनविक्रम थवाङ पुगेर कमिटी गठन गरी बरमन बुढाको नाममा मुखिया पद हस्तान्तरण गरेपछि थवाङमा कम्युनिष्ट राजनीतिको औपचारिक सुरुवात् भएको हो ।

थवाङ गाउँको सामूहिक निर्णय प्रणाली परिचय हो । थबाङ राज्यको दमन विरुद्ध सधै संघर्षमा उत्रिने थवाङका बासिन्दा सामूहिक निर्णय प्रणालीको परिचय रहेको छ । सामूहिक निर्णय गर्ने परिपाटीकै कारण थवाङ सधैंभरी विद्रोही देखिएको हो । आदिवासी जनजाति समाजमा व्यक्तिलाई भन्दा समाजलाई ठूलो मानिन्छ र समाजको नाइकेलाई आदरका साथ सत्कार गर्ने र उसैको पछिलाग्ने चलन छ । नत्र थवाङ जनयुद्धको आधार इलाका हुन सम्भव थिएन । थवाङका धेरैजसो मानिसहरु राजनीतिक अगुवाले जे निर्णय गर्छन त्यसको अहिले पनि हुबहु कार्यान्वयन गर्छन् । थबाङका अगुवाहरुले यसपालि फलानालाई भोट हाल्ने है भन्यो भने सबैले उसैलाई भोट हाल्दछन । कसैलाई भोट नदिने है भने पछि भोट दिदैनन् । माओवादीको सशस्त्र विद्रोहमा थवाङबाट मात्रै २८ जना मारिएका थिए । मारिनेमा पाँच महिला पनि थिए । ३१ जना अपाङ्ग भए भने १४ महिला एकल हुन पुगे । एक जना अझैं बेपत्ता छन् । थबाङ क्षेत्रमा बढी मानवीय क्षति जेलबाङमा भयो । जेलबाङका मात्रै ७३ जनाले ज्यान गुमाए । राज्यका पक्षबाट जेलबाङका ६३ जनाको ज्यान गएको थियो । थबाङकै छिमेकी मिरुलमा ३३ जनाले ज्यान गुमाएका थिए । थबाङदेखि पूर्वको उवामा पनि युद्धको अवधिभर २२ जनाको ज्यान गएको थिए ।

थवाङ गाउँमा किन जाने ? यसको उत्तर खोज्ने हो भने हामी किन अरुको गाउँमा जान्छौं भन्ने कुरालाई गाँसेर हेर्न सकिन्छ । थवाङमा प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले थवाङको पर्यटन क्षेत्र फराकिलो छ । थवाङ ऐतिहासिक साँस्कृतिक

महत्व भएको अठार मगरातको बसोबास भएको पर्यटकिय गाउँ हो । थवाङका मगरजातिहरुले खाम भाषा बोल्दछन् । रोल्पालाई खाम भाषामा उताको बस्ती भनिन्छ । खामभाषीहरुको बाहुल्यता भएको कारण थवाङ गाउँपालिकाको क्षेत्रमा मात्र नभएर रोल्पाका अधिकाँश गाउँ, ठाउँको नामको पछाडि वाङ शब्द जोडिएको छ । खाम भाषामा वाङ अर्थ हुन्छ चौर । थवाङ पनि खाम भाषाकै नाम हो । मगरखाम भाषामा थवाङको अर्थ माथी उठेको अथवा पहाडको काखको चौर भन्ने हुन्छ ।

तालिम गरेको स्थल लामुहिखार र कम्युनको अभ्यास भएको स्थल राचिवाङको अवशेष पनि हेर्न सक्दछन् । त्यसैगरी उवाको वज्यू वराजुवाङ मन्दिर, जलाकी जन्तरे हुन् भने मिरुलको जाया, टुटु,भित्रिवन सांस्कृतिक क्षेत्रमा पनि पर्यटकहरु पुग्ने गर्दछन् । थवाङमा अहिले होमस्टे सन्चालनमा आएको छ । गाउँमा पुग्ने ग्रामीण पर्यटकहरुलाई खाना बस्नको कुनै समस्या हुँदैन । तर अब थवाङले पर्यटकहरुका लागि होमस्टेको संभावना भएका गाउँहरु उवाको थर्पु, गुराँसे, मार्घी खर्क,





मगर खामको बाहुल्य क्षेत्र रहेकाले थवाङ गाउँको जनजीवन, भाषा, संस्कृति हेर्न पर्यटकहरुको आकर्षण बढदै गएको छ । मगर समुदायको बाक्लो बसोबास भएको थबाङ, जेलबाङ, उवा, मिरुल लगायतका गाउँमा युद्धबाट प्रत्यक्ष प्रभावित भएका थिए भने सबैभन्दा बढी मानवीय क्षति पनि तीनै गाउँमा भएको थियो । ती गाउँमा मगर खाम भाषा संस्कृति, रहनसहन र चालचलन एउटै छ । थवाङ पुग्ने ग्रामीण पर्यटकहरुको लागि यी सबै कुराहरु रुचिका साथ सोधखोज गर्ने गर्दछन । अको तर्फ थवाङ पुगेपछि पर्यटकहरुले माओवादी जनयुद्धसँग सम्बन्धित सम्पदा सिज स्तम्भ, छापामारहरुले

फुन्टिवाङ, खेरवाङ र लाटावाङमा पनि होमस्टे सन्चालनमा ल्याउनु पर्दछ ।

असार महिना थवाङमा मगर जातीको भूम्या सुरुहुन्छ । भूम्या पर्व रोकब्याधी नलागोस, दैवीप्रकोपबाट बचियोस र राम्रो अन्नबाली फलोस भनेर मगर समुदायले मनाउने गर्दछन । यो पर्व थबाङ मात्र होइन मगर जातीहरुको बस्ती भएको सबै गाउँमा मनाउने गर्दछन । वर्षा सुरु हुनु भन्दा अगाडि प्रकृतिको पूजा गर्ने चलन १८ मगरात क्षेत्रमा बसोबास गर्ने मगरहरुको प्रचलन छ । मगरहरुले परम्परागत प्राकृतिक पूजा गरेपछि उनीहरुको

नाचगान र खानपिन गर्दछन् । मगर भेषभुषामा सजिएर युवायुवती, बूढापाकाहरु आपसमा मिलेर बिभिन्न बाजागाजा, जस्तै दमाहा, टेम्पो, ढोल, झर्रा, सनाई र भ्यालीको तालमा दिनभरि नाच्ने गर्छन् । भूम्याजस्तै जस्तै ढिकुरे नाच, छुरे पैसेरु, सिंगारु नाच, नचारु नाच, मयुरपंखे नाच र टप्पा समेतको नाच पनि देखाइन्छ । थवाङमा हरेक वर्षको भुम्या पर्व हेर्नका लागि विभिन्न जिल्ला देखि ग्रामीण पर्यटकहरु पुग्ने गर्दछन् ।

थवाङ पुगेपछि पर्यटकहरु जलजला, सुनछहरी र विवाङ दह पुगेनन् भने उनिहरुको यात्रा अधुरो हुन्छ । पर्यटकलाई जलजलाको मनमोहक दृश्य, सयौं थरिका फूल तथा दलदले जमीनले विशेष आकर्षण गर्दछ । अर्को तर्फ सुनछहरी झरना र विवाङ दहले पनि पर्यटकहरु रमाउछन् । द्वन्दकालमा सबैभन्दा धेरै शहीद भएको गाउँ जेल्वाङ, ऐतिहासिक गाउँ थवाङ, द्वन्दमा प्रयोग गरिएका वंकर, युद्धकालमा तयार गरिएका जनवादी विद्यालय, जननमूना अस्पताल, जनसहकारी, जनकम्युन आदि स्थलहरु पर्यटकहरुले रुचिपुर्वक अध्यन अवलोकन गर्ने गर्दछन । थवाङ भ्रमणको लागि जाने ग्रामीण पर्यटकहरुले प्रकृतिक सौन्दर्यता अवलोकन गर्न मात्र नभएर रोल्पाको जनजीवन, भाषा, सस्कृति र जनयुद्वको समयमा घटना घटेका गाउँहरुको बारेमा पनि अध्यन गर्न रुचि राख्दछन् । रोल्पामा घुमफिरमा जाने पर्यटकहरुको पहिलो रोजाइनै थवाङ गाउँ र जलजला पहाड पुग्ने इच्छा हुन्छ । मगर खाम भाषाबाट जलजलालाई गोङ भनिन्छ । थवाङबाट चलावाङ र तिरिवाङ हुदै करिवन ५ घन्टाको यात्रामा जलजला पुग्न सकिन्छ। जलजला पहाड सामुन्द्रिक सतहबाट ३ हजार १९३ मिटरको उचाइमा रहेको छ । जलजला पहाडमा लोपोन्मुख सेतो लालीगुरासका फूल पाइन्छ । पौराणिक कथा अनुसार वाह्रभाई वराहको जन्म धौलागिरीमा भएको र त्यहिबाट जलजला पहाडमा २२ वहिनी बजुको आगमन भएको विस्वास गरिन्छ । त्यसैले कैलु वराहको पुजा गरेपछि २२ वहिनी रानी वज्यूहरु को पुजा गर्ने प्रचलन छ । रोल्पालीको मात्र नभएर जलजला अन्य जिल्लाबासीको पनि धार्मीकस्थल हो । जलजलामा तिन बटा वराहको मन्दिर रहेका छन् । जसलाई कैलु वराह, वजु वराह, र सहदे वराह भन्ने गरिन्छ । प्रत्येक बर्षको वैशाख, जेष्ठ र जनैपूणिमाको दिन जलजलामा मेलापनि लाग्ने गर्दछ ।

जलजला पहाड पछिल्लो समयमा नेपालको राजनैतिकसँग पनि गासिएको छ । आजभोलि जलजला पहाडलाई राजनैतिक र वलिदानीको केन्द्रको रुपमा लिने गरिएको छ । जलजला पहाडको शिरमा सहिद स्मृति स्तम्भ निर्माण गरिएको छ । अझैपनि जलजला पहाडमा राता हसिया हतौडाका झण्डा फरफराएको देखिन्छ । जलजलाबाट रोल्पाको भूगोल मात्र होइन रुकुम जिल्लाको सिस्ने हिमाल र अनगिन्ती लेक,वेसि र प्राकृतिक सौर्न्दयताको आनन्द लिन सकिन्छ । जलजलाको झाँक्री थान अर्थात कैलु ब्राह थानमा झाँक्री मगर पुजारी छन् भने अरु मन्दीरमा रोका मगर पुजारी छन् ।

जलजलामा तत्कालिन नेकपा माओवादीले संचालन गरेको रेडियो जनगणतन्त्र ९५.१ मेगाहर्ज दुई बर्षसम्म जलजलाबाट भूमिगतरुपमा प्रशारण गरिएको थियो । जलजला प्राकृतिक, धार्मिक र युद्ध पर्यटनको सम्भावना बोकेको पहाड हो । घाँसे मैदानी, दलदले क्षेत्रमा पानी जम्ने र जमिन हल्लिने भएकोले जलजला नयाँ पर्यटकहरुको लागि आर्कषणको गन्तब्य बन्दैछ । केहि वर्ष अगाडीदेखि जलजलामा स्थानीय समुदायले चरिचराउ बन्द

गरी संरक्षण गरिएको छ । यस क्षेत्रमा लोप हुन लागेको दुलर्भ रातो पाण्डासमेत संरक्षण भएको छ । चैतदेखि भदौसम्म प्राकृतिक फूलबारीमा रुपान्तरित हुने जलजला दर्जनौं प्रजातिका गुराँस फुलले राताम्य हुने गर्दछ। जलजला जादा बाटोमा ढकमक्क फूलेका फूलहरु, गुचुमुच्च मगरबस्ती, खोलानाला, पहाड र हरियाली वनजंगल यात्राको आनन्द बेग्लै हुन्छ । द्वन्द्वकालका अवशेषहरु, कम्युनहरु, गुरिल्लाहरुको तालिमस्थल, बंकर अनि द्वन्द्वका कथाहरु प्रशस्तै सुन्न र अवलोकन गर्न पाइन्छ। गुरिल्लाहरुले प्रयोग गरेका गोरेटोहरुमा यात्रा गर्दै विभिन्न थरिका फूलहरु, चराचुरुंगी, वनस्पति, छंलछंल बग्ने खोलानाला, अग्ला पहाड र झरनाहरुले पर्यटकहरुलाई आनन्द दिलाउछ । जलजलाबाट सिस्ने, पूथा, धौलागिरी, अन्नपूर्ण हिमश्रृंखलाहरुको दृश्यावलोकन पनि गर्न सकिन्छ । जलजलाबाट जन्तरे तिलाचन हिरछेडा हुँदै ढोरपाटनसम्म गुरिल्ला पदमार्गमा यात्रा गर्न पनि सकिन्छ। तर पदमार्गमा होटल सुविधा नभएकाले खाना बस्नको लागि क्याम्पिङ गर्नुपर्छ ।

पर्यटनको विकास जती भन्न सजिलो छ त्यसलाई व्यवहारमा उतार्न धेरै धेरै कठिन पनि छ । दुर दराजका गाउँ पर्यटकहरु पुग्नको लागि गाउँ पर्यटकहरुलाई सुबिधा हुने पुर्वाधारको बिकास गर्न पर्दछ । गाउँमा सडक यातायात, सूचना प्रविधि,खानाबस्नको लागि होमस्टे अथवा होटल, स्वच्छ पिउने पानी, सार्वजनिक शौचालय, विद्युत, फोहोरमैला व्यवस्थापन जस्ता पुर्वाधार पर्यटकको पहिलो रोजाइमा पर्दछन्। अब थवाङले आम्दानीका स्रोत खोज्नु पर्दछ। पर्यटनको बिकासले स्रोत र साधनलाई आम्दानीको राम्रो माध्यम बनाउन सके थवाङको जीवनस्तरमा सुधार आउछ। थवाङलाई अब नयाँ सोच अनुसार स्थानिय सरकारको योजना हुनु पर्दछ । पर्यटनको बिकासको लागि थवाङ संग गुरुयोजना बन्नु पर्दछ। गाउँमा जाने सबै मानिसहरु पर्यटक हुदैनन् । पर्यटक हुनलाई गाउँमा पुगेपछि पैसा खर्च गर्ने मात्र पर्यटक हुन्छन । अन्यथा पैसा खर्च नगरी गाउँ ठाउ भ्रमण गरेर फर्कने पर्यटक हुदैनन्। ती अवलोकन कर्ता मात्र हुन्छन । अब पर्यटनको बिकास गर्न थवाङबासीले कृषिको उत्पादन बढाउनु पर्दछ । जुन उत्पादन गाउँमा पुग्ने पर्यटकहरुले किन्न सकुन्। थवाङ जान आजभोली धेरै बाटोहरु छन । थवाङ अहिले दाङ घोराही, रोल्पाको लिवाङदेखि र पूर्वी रुकुमको मध्यपहाडी राजमार्गमा पर्ने भुमे गाउँपालिकाको खावाङ बगरदेखि महत गाउँ हुदै थवाङ गाउँ सडक सञ्जालमा जोडिएको छ । घोराहीबाट होलेरी, दहवन नुवागाउँ हुदै शहीद मार्गबाट दारबोट, कोर्चावाङ, घर्तीगाउँ ओवाङ दुईखोली, कुरेलीको खरिबोट, मिरुलको टुटूबजार, र छेर्वाङ हुँदै १३४ किलो मिटरको यात्रामा थवाङ पुगिन्छ। लिवाङ देखि घर्तीगाउँ हुदै ७४ कि.मि.को.कच्ची सडक यात्रामा पनि थबाङ पुग्न सकिन्छ। अर्को मार्ग हो सुलिचौर–फुलिवन, उवा हुदै थवाङ ५७ किलो मिटरको दुरी पर्दछ।

## सार्थकता पाउला त सुरुङमार्गले ?

# सिद्धबाबाको डिजाइन सकेर थालियो डाइभर्सन



प्रदेश सरकारले सिद्धबाबाको विकल्पमा नयाँ सडक योजना अघि बढाएको थियो। सिद्धबाबा-दोभान खण्डको वैकल्पिक मार्गका रूपमा पाँच वर्षअघि झुम्सा-चरङ्गे सडक निर्माण सुरु गरे पनि यो सडकमा बढीमा चार महिना मात्र सवारी गुड्न सक्छ।





विकाश पराजुली

बुटवल,

मृत्यु मार्गका रूपमा परिचित छ- सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडकखण्ड अन्तर्गत पर्ने सिद्धबाबा क्षेत्र । वर्षा र हिउँदमा बर्सेनि यहाँ जाने पहिरोमा परी धेरैले ज्यान गुमाउने गरेका छन् ।

यसैको निराकरणका लागि भन्दै हाल राजमार्गको यस क्षेत्रमा सुरुङमार्ग निर्माण गर्ने पूर्वतयारी थालिएको छ । सिद्धबाबा क्षेत्रमा एक हजार १२६ मिटर लम्बाइको सुरुङमार्ग बन्नेछ भने जोखिमयुक्त ठाउँमा प्यानल निर्माण हुने बताइएको छ । एमालेका उपाध्यक्ष तथा रुपन्देही- २ का सांसद विष्णु पौडेलको अग्रसरतामा बहुप्रतीक्षित सिद्धबाबा सुरुङमार्गको 'ग्लोबल टेन्डर' भएको थियो। अहिले डिजाइनको काम सकिएर डाइभर्सनको काम भइरहेको छ ।

सुरुङमार्गको काम हेर्ने डिभिजन सडक कार्यालय (बुटवल)का प्रमुख होमबहादुर एसीले अहिले बिहान र राति बुटवल-झुम्सा सडक बन्द गरेर मुख्य काम सुरु गर्नुअघि डाइभर्सन निर्माण भइरहेको बताए ।

उनका अनुसार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म र राति १० बजेदेखि बिहान ३ बजेसम्म उक्त सडकखण्ड अन्तर्गतको हेडबक्समा

डाइभर्सनको काम भइरहेको छ। सिद्धबाबा क्षेत्रमा एक हजार १२६ मिटर लम्बाइको सुरुङमार्ग बन्नेछ भने जोखिमयुक्त ठाउँमा प्यानल निर्माण हुने बताइएको छ। सुरुङमार्गको बीचमा तीन वटा एक्जिट अर्थात् बाहिर निस्कने द्वार समेत बन्नेछ।

सिद्धबाबा क्षेत्रमा यसअघि पहिरो र जोखिम रोक्न विभिन्न विकल्प अगाडि सारिए पनि सफल





नभएपछि सुरुङ मार्गको योजना अघि बढेको हो। यसअघि जोखिमयुक्त क्षेत्रमा करोडौँ खर्च गरेर 'रकसेट' र 'हाफ टनेल' बेन्च कट लगायतका ६ विकल्प प्रयोग गरिएको थियो। अहिले निर्माण क्षेत्रमा ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशनले कम्पनीले कार्यालय स्थापना गरेर काम सुरु गरेको छ। कार्यालय स्थापना गर्नुअघि विद्युत् लाइन विस्तारको काम भइसकेको थियो।

सुरुङमार्ग तिनाउँ गाउँपालिका वडा नं. २ सिद्धबाबामा रहेको सिद्धबाबा मन्दिरको उत्तरतर्फबाट सुरु भई दोभान नजिकै रामापिथेकस पार्क अर्थात् हेडबक्ससम्म बन्नेछ। सात अर्ब ३४ करोड २१ लाख लागत अनुमान गरिएको सुरुङमार्ग स्विस सरकारको विकास सहयोगमार्फत निर्माणका लागि भौगर्भिक अध्ययन (जियोलोजिकल सर्भे) गरिएको थियो। सुरुङमार्ग पाँच वर्षभित्र बन्ने गरी ठेक्का गरिएको छ। ठेक्का लगाएको एक वर्ष पूरा भएको छ। डिभिजन प्रमुख एसीले सुरुङमार्ग निर्माणका लागि डीपीआरको काम सकेर सडक विभागमा पेश भएको बताए। उनले डीपीआर परीक्षण गरी सरकारले स्वीकृत गरेपछि सुरुङमार्गको मुख्य निर्माण सुरु हुने बताए। सिद्धबाबा क्षेत्रमा यसअघि पहिरो र जोखिम रोक्न विभिन्न विकल्प अगाडि सारिए पनि सफल नभएपछि सुरुङ मार्गको योजना अघि बढेको हो। यसअघि जोखिमयुक्त क्षेत्रमा करोडौँ खर्च गरेर 'रकसेट' र 'हाफ टनेल' बेन्च कट लगायतका ६ विकल्प प्रयोग गरिएको थियो। 'म अर्थमन्त्री हुँदा यसको लागत अनुमान बराबरको रकम सुनिश्चितता गरिसकिएको छ। अब निर्माणको काम गुणस्तरीय र समयमै सम्पन्न गराउन समन्वयको भूमिका निर्वाह गर्नेछु', उनले भने।

विस २०१८ सालदेखि खन्न सुरू गरेको बुटवल-पाल्पा सडकमा २०२८ सालदेखि सवारीसाधनको आवागमन हुन थालेको थियो। अहिले दैनिक दुई हजारभन्दा बढी सवारीसाधन यो राजमार्ग हुँदै गुड्छन्। धेरैजसो यो राजमार्ग हुँदै पाल्पा,

स्याङ्जा, गुल्मी, पोखरा, बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङ र अर्घाखाँची आवतजावत गर्छन् । पूर्व अर्थमन्त्री भन्छन्- बजेटको अभाव हुन दिन्नँ । एमाले उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री विष्णु पौडेलले ड्रिम प्रोजेक्टका रूपमा रहेको सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि बजेटको अभाव हुन नदिने बताए । उनले सुरुङमार्गको मुख्य काम सुरु भएपछि यसलाई छिटो सम्पन्न गराउन र बजेट अभाव हुन नदिन आफू लागिपर्ने बताए । म अर्थमन्त्री हुँदा यसको लागत अनुमान बराबरको रकम सुनिश्चितता गरिसकिएको छ । अब निर्माणको काम गुणस्तरीय र समयमै सम्पन्न गराउन समन्वयको भूमिका निर्वाह गर्नेछु', उनले भने।

## सिद्धबाबाको धर्मशाला हट्ने

सुरुङमार्गको कारण तिनाउ गाउंपालिका वडा नं. ३ मा रहेको सिद्धबाबा मन्दिर क्षेत्रको धर्मशालालाई भने हटाउनुपर्ने भएको छ। ' मन्दिर नै अन्यत्र सार्ने हल्ला समेत चल्यो। तर त्यो होइन। मन्दिरलाई नै जोगाउने गरी धर्मशालाको केही भाग हटाउनुपर्ने भएको छ', उनले भने । सिद्धबाबा मन्दिरलाई जोगाउने गरी सुरुङमार्गको डिजाइन बनेको र धर्मशालालाई हटाएर त्यहाँ डाइभर्सन बनाइने बताइएको छ । सिद्धबाबा मन्दिर विकास समितिका अध्यक्ष सन्तोषकुमार शेचरनले धर्मशालाको केही भाग हट्ने भए पनि मन्दिर भने त्यही नै रहने चिनियाँ प्राविधिकको टोलीले आफूहरूलाई बताएको सुनाए । मन्दिर नै अन्यत्र सार्ने हल्ला समेत चल्यो। तर त्यो होइन। मन्दिरलाई नै जोगाउने गरी धर्मशालाको केही भाग हटाउनुपर्ने भएको छ', उनले भने।धर्मशाला पनि कहिले हटाउनुपर्ने भन्ने बारे ठेकेदार कम्पनीबाट आधिकारिक पत्र आफूहरूलाई नआएको उनले बताए । चुरे क्षेत्रको घना जङ्गलमा प्रारम्भिक वातावरणीय परीक्षण समेत नगरी सोझै डोजर लगाएर ट्र्याक खोलिँदा यहाँ अत्यधिक पहिरो खस्ने समस्या हुँदा चार महिना मात्र यो सडक प्रयोगमा आउने गरेको छ । सुरुङमार्ग सुरुआत हुने विन्दुबाट सवारी साधन आवागमनलाई डाइभर्ट गर्न राजमार्गको बायाँतिर रहेका व्यावसायिक सटरसहित धर्मशालाको केही भाग हटाउनुपर्ने उनले बताए ।

## वैकल्पिक सडक सुस्त गतिमा

प्रदेश सरकारले सिद्धबाबाको विकल्पमा नयाँ सडक योजना अघि बढाएको थियो। सिद्धबाबा-दोभान खण्डको वैकल्पिक मार्गका रूपमा पाँच वर्षअघि झुम्सा-चरङ्गे सडक निर्माण सुरु गरे पनि यो सडकमा बढीमा चार महिना मात्र सवारी गुड्न सक्छ । ४० करोड बढी रकम खर्च भइसकेको यो सडक प्रदेश सरकारको गौरवको आयोजना हो। पाल्पाको तिनाउ गाउँपालिका- ३, झुम्सादेखि चौकी भञ्याङबाट चरङ्गे हुँदै महेन्द्र राजमार्ग जोड्न वैकल्पिक मार्गको नयाँ ट्र्याक खोल्न सुरु गरिएको थियो । चुरे क्षेत्रको घना जङ्गलमा प्रारम्भिक वातावरणीय परीक्षण समेत नगरी सोझै डोजर लगाएर ट्र्याक खोलिँदा यहाँ अत्यधिक पहिरो खस्ने समस्या हुँदा चार महिना मात्र यो सडक प्रयोगमा आउने गरेको छ।

# मानव विकासबिना पूर्वाधार विकास सम्भव छैन



शिवराज पौडेल

**प्रमुख प्रशासकीय अधिकृत**
**नौबहिनी गाउँपालिका, प्यूठान**

**प्राणमञ्च म्यागेजिनको अतिथि वार्ताको स्तम्भमा यहाँलाई हार्दिक स्वागत छ**

हाम्रो पालिकाको समग्र विषयवस्तुतथा अन्य समसामयीक विषयमा विचार राख्ने अवसर प्रदान गरेकोमा यहाँ लगायत यस प्राणमञ्च मिडियाको परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछुं ।

**गाउँपालिकाका पछिल्ला गतिविधिहरु कसरी अगाडि बढिरहेका छन् ? पूर्वाधार विकास र मानवीय विकास किन सँगसँगै जान सकेको छैन? तपाईंको विचारमा प्रमुख विषय पुर्वाधार कि मानवीय चेतनाको विकास ?**

गाउँपालिकामा पछिल्ला दिनहरूमा कार्यक्रम अत्यन्त तदारूकताका साथ अगाडि बढिरहेका छन् । सबै प्रकारका विकास योजनाहरू सम्झौता भएका छन् । ठेक्कापट्टा पनि सबै भई कार्यानवयनको चरणमा छन् । हाल नौबहिनीको पूंजिगत विकास बजेटको प्रगती ३५ प्रतिशतको हाराहारीमा भएको छ । यसबाट सजिलै अनुमान गर्न सकिन्छ कि यहाँ विकास निर्माणका कार्यहरू एकदमै उत्साहजनक हिसाबले सम्मन्न भइरहेका छन् । जहाँसम्म पूर्वाधार र मानव विकासको कुरा छ यी विषय एका आपसका बाधक नभइ परिपूरक हुन् । अर्थात पूर्वाधार विकासबिना मानव विकास र मानव विकास विना पूर्वाधार विकास सम्भव छैन यी दुवै विषय सँगसँगै अगाडी

बढ्दा मात्र विकास ले सार्थकता पाउनेछ ।

**यहाँको शिक्षा, स्वास्थ्य, सडक लगायत विकासका खास सुचकहरु कमजोर अवस्थामा छन् यसलाई उकास्ने छडी के हुनसक्छ ?**

हो, पक्कै पनि यो पालिका आफैमा भूगोलले ठगिएको पालिका हो । यहाँको मानव विकास निकै पछाडी नै छ । त्यसैले नै शिक्षा र स्वास्थयमा अझै पनि केही सूचक नकारात्मक छन् ।यसलाइ उकास्ने कडी भनेकै शिक्षामा आमुल सुधार गर्ने र बालविवाह उन्मुलन गर्नु नै हो । साथै स्वास्थयमा पुर्वाधार वृद्धि गरी सेवाको विकेन्द्रिकरण गरी वडा वडामा विस्तार गर्नु हो ।

**स्तरीय पठन संस्कृति, खोजमा आधारित अध्ययन संस्कार र इमानदारी सकृयताको अभावले राजनीतिक, सामाजिक, आर्थिक लगायतका क्षेत्रमा ठुलो असर छ । यसले मानव विकास सुचाङकहरु अत्यन्तै कमजोर अवस्थामा छन्, असल देशभक्त नागरिक निर्माण गर्न अध्ययन, चेतनाको सशक्तीकरण र स्वाबलम्बीपनको विकास गर्ने कसरी सकिएला ?**

हो, तपाइले भनेका विषय निकै महत्वपूर्ण छ । विद्यार्थीको जग भनेकै स्तरीय, सभ्य पठन पाठन हो । जसलाई गाइड गर्ने भनेको असल राजनीतिले हो । अर्कोतिर अब देशभक्त नागरिक निर्माण गर्न नागरिकहरूलाई विकासका हरेक चरणकमा सहभागिता गराउनु पर्दछ ।साथै अधिकारवादी संस्कृति जुन रूपमा पछिल्लो समय मौलाउदै गएको छ यसलाई निरूत्साहित गर्नु पर्दछ ।साथै नागरिकहरूलाई प्राविधिक ज्ञान सिपको माध्यमबाट विस्तारै उत्पादन संग जोड्ने र आत्मनिर्मभरता संग संगै स्वरोजगार बनाउदै लैजानु पर्दछ ।




**पालिकामा आर्थिक मितव्ययीता र सुशासनसहितको सेवाभावको अभाव छ भन्ने जनगुनासो छ, यसलाई कसरी हेर्नुभएको छ? किन जिम्मेवार र जनउत्तरदायी कर्मचारी प्रशासन बन्न सकेको छैन**

अन्य कुन पालिकामा कस्तो छ मलाई थाहा भएन तर जहाँसम्म हाम्रो पालिकाको कुरा छ गत आर्थिक वर्षमा महालेखा कार्यालयले औल्यएको बेरूजु हेर्नु, त्यसमा जम्मा २ लाख हाराहारी मात्र बेरूजु आएको छ त्यो पनि सैद्धान्तिक मात्र । यसबाट प्रस्ट बुझ्न सकिन्छ की नौबहिनी गाउँपालिकाका कुनै पनि प्रकारको आर्थिक अनियमितता छैन । साथै सेवा प्रवाहमा आम नागरिकलाई दिने सेवा सुविधामा कुनै कन्जुस्याइ गरिएको छैन । टाढाबाट आउने सेवा ग्राहीलाई पहिलो प्राथमिकता दिइएको छ । हाल प्रशासकीय भवन निर्माणाधिन भएकोले हालको कार्यालयबाट सोचे अनुरुप सेवा प्रवाह गर्न सकिएको छैन, तर सेवाको गुणस्तरमा कुनै कमी हुन दिइएको छैन ।

**पछिल्लोपटक आर्थिक बेरुजुलाई शुन्यमा झार्ने प्रतिस्पर्धा पनि छ ? के यो गाउँपालिले पनि आर्थिक पारदर्शिता सहित शुन्य बेरुजु सम्भव छ ? छ भने कसरी ? छैन भने किन ?**

प्रतिष्पर्धा भन्दा पनि नेपालको कानूनको पालना हो । नीति नियम र कानुन बनाएर मात्र खर्च गर्ने परिपाटी स्भखयिउ गर्दा वित्तिकै आर्थिक पारदर्शिता कायम हुने र बेरूजु स्वत शुन्यमा झर्छ । बेरूजु शुन्यमा झार्न सम्भव छ । जब कानून अनुसार कार्यक्रम र विकास निर्माण हुन्छन् तव बेरूजु आफै शुन्यमा झर्छ ।

**निर्वाहमुखी पशुपालन र ऋणात्मक कृषि उत्पादनमा रहेका यहाँका निमुखा किसानहरुको सशक्तीकरण र कृषकबाट उत्पादित वस्तुहरुको बजारिकरणमा पालिकाले किन जिम्मेवारी लिन सकेको छैन ?**

पालिकाले हरेक वर्ष कृषि र पशुमा निकै नै रकम खर्च गरिरहेको छ, तर पनि अपेक्षित रूपमा नतिजा हासिल गर्न सकिरहेको छैन । किनकी किसानहरू कस्ता भए भन्नुहुन्छ भने बजेट लैजान र पार्न अगाडी सर्ने तर सो अनुरूप कार्यानवयन नगर्ने र कामचोर संस्कृको विकास भइरहेको छ । । यसलाई निरूत्साहित पार्न अब नतिजामा आधारित अनुदान प्रणाली साथै उत्पालदनमा आधारित कृषि कार्यक्रमहरू सञ्चलन गर्नुपर्दछ । र त्यसरी उत्पादन भएका कृषिजन्य सामग्रीहरू पालिकाले खरिद गरिदिने परिपाटीको विकास गर्न सकेमा यो समस्या हल हुन्छ ।



**दिगो विकास र जनउत्तरदायी प्रशासनको कडि टुट्नुमा भ्रष्टाचारजन्य गतिविधिको विगविगी मुख्य समस्याको रहेको विज्ञहरुको ठहर छ यसलाई न्युनिकरण गर्न कसरी सकिएला त ?**

हो, भ्रष्टाचार सामाजिक रोग हो । यसको निराकरण नभएसम्म राष्ट्र खोक्रो हुँदै जाने हो । यसलाई न्यूनीकरण कुनै एक पक्ष मात्र जिम्मेवार भएर हुँदैन । सबै पक्ष जिम्मेवार हुनु पर्दछ । सर्वप्रथम प्रधानमन्त्रीस्तरबाट यसको पहल हुन जरूरी छ । अख्तियार जस्ता निकाय भनेका त केबल साधन मात्र हुन् । जबसम्म सरकार स्वयं भ्रष्टाचार नियन्त्रण गर्न अग्रसर हुँदैन तबसम्म यो रोग रहिरहन्छ । यसलाई न्यूनीकरण गर्न स्थानीय स्तरमा कानून बमोजिम खर्च गर्ने परिपाटी विकास गर्नुपर्दछ । साथै स्थानिय जनसमुदायलाई पनि क्रियाशिल गराउनुपर्दछ । गाउँ-गाउँमा युवा क्लप गठन गरी रचनात्मक खवरदारी गरिरहनु पर्दछ ।

**गाउँपालिकाका सम्पन्न भएका वा जारी गौरवका विकासे आयोजना केही छन् कि ? विकास बजेटको कार्यान्वयनको अवस्था कस्तो छ ?**

हाम्रो पालिकाभित्र कैयौं महत्वपूर्ण कार्यक्रमहरू छन्। जस्तै आगामी ५ वर्षमा ५ वटा गौरवका सडक निर्माण गर्ने यो सरकारको योजना छ । जस्तै बहाने डामृ रोल्पा जोड्ने मोटर बाटो, बहाने लुङ, बल्ले खोला मैरामारै सडक लगायत छन् । हाल विकास बजेटको कार्यानवयनको अबस्था अत्यन्त सन्तोषजनक छ। हालसम्म ३५ प्रतिशत विकास बजेटको प्रगती भइसकेको छ । जुन अरू पालिकाको तुलनामा निकै माथी छ ।

**कर्मचारी प्रशासन र जनप्रतिनिधिको कडि अझैपनि जोडिएको छैन भन्ने आम गुनासो छ, तपाई रहेको पालिकामा हालत कस्तो छ ?**

हाम्रो पालिकामा कर्मचारी र जनप्रतिनिधीको बीचमा कुनै पनि प्रकारको असमझदारी छैन । निकै नै राम्रो पारस्परीक सम्बन्ध छ । मिलेरै अगाडी बढीरहेका छौँ ।

**विकास निर्माणको काममा हुने भ्रष्टाचार लगायतका अनैतिक काममा यस पालिको अनुगमन समितिले कतै पनि कारबाही गरेको देखिदैन, यसको मतलब सबै मिलिजुली खाने परिपाटी त होइन ?**


कारवाही त अनियमित गरेको पाइएमा गर्नेहोला नी संयोगको कुरा त्यस्तो समस्या देखिएको छैन । जब स्टीमेट अनुसार काम हुन्छ भने के कारवाही गर्ने, कसलाई गर्ने ? मिलिजुली खाने भन्ने शव्द नै गलत छ। सबै पालिकामा त्यस्तो छैन कतै होला । राम्रा अभ्यास पनि हुदैछन् । अब विकास निर्माणलाई गति दिन र अनियमितता रोक्न टोल विकास संस्था गठनको तयारीमा छौ। अन्तयमा. हाम्रो पालिकामा भएका गतिवधि बारे मलाई जानकारी गराउने मौका दिनुभएकोमा यहाँ र यहाँको मिडियालाई धन्यवाद दिन चाहन्छु ।

# कता जाँदै छ मुलुकको अर्थतन्त्र ?

**लघुवित्त संस्थाहरूमध्ये धेरैले अस्वाभाविक रूपमा धेरै व्याजदर असुलेका समाचारहरू निरन्तर आइरहेपछि त्यसको असर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत ५९ लघुवित्त कम्पनीहरूको सेयर मूल्यमा परेको छ । नेप्से सूचकांक ओरालो लगाउने एउटा कारक लघुवित्त कम्पनीहरू भएका छन् ।**



अच्युत वाग्ले




करिब दुई महिनायता भारतीय सीमावर्ती सहरहरूमा प्रति १०० भारू नेपाली १५०-१५५ रूपैयाँमै सटही हुन थालेका समाचार बाक्लै आइरहेका छन् । औपचारिक सटही दर १०० भारूको १६० नेरू स्थिर (पेग्ड) रहे पनि यसअघि अनौपचारिक बजारमा २०० नेरूसम्ममा कारोबार हुने गरेको देखिएको थियो । सीमानाकाहरूमा 'एक भारू-दुई नेरू' को दरमा पैसा साट्ने दलालहरू छ्यापछ्याप्ती सक्रिय हुन्थे ।

२. पछिल्लो समय नेपालतर्फ हुने आयातमा उल्लेख्य कमी आएको छ । र, निर्यात पनि बढेको छैन । नेपालको मुख्य भन्सार नाका वीरगन्जबाट दैनिक १ हजार ३ सय वटासम्म मालवाहक ट्रक भित्रिने गरेकामा अहिले त्यो संख्या ४-५ सयमा झरेको छ । गत आर्थिक वर्षका पहिलो सात महिनामा आयातका १ लाख ३८ हजार र निर्यातका १७ हजार मालवाहक सवारीसाधन आवागमन गरेकामा यस आर्थिक वर्षका सात महिनामा मालवाहक सवारी आवागमनको संख्या ४२ हजारले घटेको छ । निर्यातको परिमाण नै पनि आधा भएको छ । भन्सार विभागको माघ मसान्तसम्मको तथ्यांक अनुसार आयात २० प्रतिशतले घटेर ९ खर्ब १९ अर्ब र निर्यात २९ प्रतिशतले घटेर ९३ अर्ब ४१ करोड रूपैयाँ मात्र छ ।

३. गत तीन सातामा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राध्यापक भोला थापा नेतृत्वको टोलीले पूर्वको विराटनगरदेखि पश्चिमको दार्चुलासम्म सतहमार्गबाट भ्रमण गर्‍यो । त्यसबीच पर्ने सानाठूला सहरका दर्जनौं शैक्षिक संस्थाका सञ्चालकहरूसँगको अन्तरक्रियाबाट के नयाँ वास्तविकता सामुन्ने आयो भने, निजी विद्यालय

र कलेजहरूमा आफ्ना केटाकेटी पढाइरहेका अभिभावकहरूले शिक्षण शुल्क चाहेर पनि समयमै तिर्न सकिरहेका छैनन् । बक्यौता संस्थाले धान्न नसक्ने अवस्थातर्फ उन्मुख छ । साना-मझौला व्यापार-व्यवसाय गर्ने अभिभावकहरूको आम्दानी स्वाट्टै घटेको छ । व्यवसाय चलाऊन बजारमा त्रेताहरु छैनन् । र तिनमा आश्रित रोजगार हरूले पनि तलब/ज्याला पाउन सकेका छैनन् । यो समस्या सतहमा देखिएभन्दा चिन्ताजनक रूपले व्यापक र दूरगामी असरको देखिन्छ ।

**४**. लघुवित्त कम्पनीहरूलाई लगाम लगाउने नाममा नेपाल राष्ट्रबैंकले १५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने गरी 'नयाँ' निर्देशिका जारी गरेको छ । लघुवित्त संस्थाहरूमध्ये धेरैले अस्वाभाविक रूपमा धेरै व्याजदर असुलेका समाचारहरु निरन्तर आइरहेपछि त्यसको असर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत ५९ लघुवित्त कम्पनीहरूको सेयर मूल्यमा परेको छ । नेप्से सूचकांक ओरालो लगाउने एउटा कारक लघुवित्त कम्पनीहरु भएका छन् । विवादास्पद व्यवसायी दुर्गा प्रसाईंले बैंक, लघुवित्त र सहकारीले २० लाख रूपैयाँसम्मको कर्जा मिनाहा गर्नुपर्ने माग मात्रै राखेनन्, ती संस्थाका कर्मचारीलाई कालो मोसो दल्ने दस्ता नै खडा गरेर त्यसो गर्न उक्साउँदै काठमाडौंमा साता लामो माइकिङ र गत शनिबार जुलुससम्म गराए ।

**५**. सम्पत्ति शुद्धीकरणको अनुगमन गर्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को एसिया-प्रशान्त समूह (एपीजी) ले नेपाल 'ग्रे लिस्ट' पर्ने खतरानजिक आइपुगेको प्रतिवेदन दिएको छ । विगत दस वर्षमा वित्तीय अपराध नियन्त्रणसम्बन्धी आवश्यक कानुन बनाउने पर्याप्त तदारूकता नलिँदा वा भएका कानुन कार्यान्वयन नहुँदा नेपाल यो जोखिमसमीप आइपुगेको हो । यसरी 'ग्रे लिस्ट' मा परेको मुलुकलाई अन्तर्राष्ट्रिय विकास साझेदारहरु, खास गरी बहुराष्ट्रिय संस्थाहरूले आर्थिक अनुदान र ऋण सहायता नियन्त्रण गर्ने सम्भावना रहन्छ ।

## भएको के हो ?

उल्लिखित ताजा उदाहरणहरु अर्थतन्त्रका बजार प्रणाली, नीति निर्माण र आर्थिक सुशासन तीनवटै आयाममा देखिएका समस्याहरूका एकीकृत परिणति हुन् । ती सबै आयाममा देखिएका समस्याहरूले आर्थिक चक्र (इकोनोमिक साइकल) र अर्थ प्रणाली (इकोनोकिम सिस्टम) लाई एकसाथ जोखिममा पारेका छन् । समस्याको साझा कारण आम मानिसको खर्चयोग्य आय अस्वाभाविक रूपले घट्नु र क्रयशक्ति खस्किनु हो । अर्थप्रणालीमा आप्रवाह हुने पैसाको स्रोत रेमिट्यान्सबाहेक केही छैन । सरकारले पुँजीगत खर्च विनियोजनको २० प्रतिशत मात्र गर्न सकेको छ । निर्यातको वास्तविक आय नगण्य छ । राजस्व लक्ष्यको ३९ प्रतिशत मात्र उठेको छ । बजारमा माग कम भएपछि व्यवसाय, तिनको आय र रोजगारी खस्कनु स्वाभाविक आर्थिक दुश्चक्र (भिसियस साइकल) हो ।

नेपाली अर्थतन्त्र सम्पूर्ण रूपले आयातनिर्भर हुनुको यो ज्वलन्त जोखिम हो । यहाँको आर्थिक चक्र निरन्तर चल्नका लागि आयात अपरिहार्य भइसकेको छ । प्रत्यक्ष र परोक्ष दुवै जोड्दा सम्पूर्णप्रायः राजस्व आयातमै निर्भर छ । व्यापार-व्यवसाय आयातित तयारी वस्तुमा र

उद्योग अर्धप्रशोधित कच्चा पदार्थमा निर्भर छन् । रोजगारीको नियति पनि त्यही हो । सडकछेउमा मकै पोलेर बेच्ने, नाङ्लो पसल राख्ने वा ठेलामा फलफूल-तरकारी बेच्ने सबैको स्वरोजगारी र व्यापारका आधार आयातित वस्तुहरु नै हुन् । भारूको मूल्य घट्नुमा भारतीय पर्यटक बढी आउनु, अवैध कारोबार बढ्नु, हुन्डी भारत भएर नेपाल भित्रिनु आदि 'हाइपोथेसिस' चर्चामा छन् । तिनको पनि आंशिक असर होला । तर, यसको पनि चुरो कारण नेपाली बजारमा वस्तुको मागमा कमी आउनु र आयात कम हुनु नै हो । खासमा, नेपाली बजारमा (ठूला मेसिन, औजार, सवारीसाधनबाहेक) झन्डै ९० प्रतिशत वस्तुहरु चरम न्यून बिजकीकरण गरी भन्सारबाट भित्र्याइन्छन् । बजारमा २ हजार रूपैयाँ पर्ने जुत्ता-कपडाको सामान्यतः २ सय रूपैयाँको मात्र बिजक देखाइन्छ । व्यापारीहरूले यसरी फरक पारिएको मूल्य भारतीय निर्यातकर्ताहरूलाई तिर्न अवैध भारू बजार प्रयोग गर्छन् । यसका अवैध तर संगठित कारोबारकर्ताहरूले चाहिएका बेला चाहेजति भारू जोहो गर्ने हैसियत राख्छन् । तर, अहिले वस्तुको माग नै घटेर आयात कम भएपछि ती कारोबारीहरूले प्रक्षेपण गरेअनुरूप भारूको माग भएन । उनीहरूले जम्मा गरेको रकम चलायमान नभएपछि सस्तोमा बेच्ने अल्पकालिक र केही स्थानमा मात्र देखिएको प्रवृत्ति हो ।

मौका पर्दा 'दुईको एकमा' भारू व्यापार गर्नेहरु यिनै व्यापारी हुन् । अहिले सामान्य सस्तो दरमा भारू बेच्दा उनीहरूको खुद नाफामा खासै फरक पर्दैन । राष्ट्रबैंकले डलरमा भारू किनेर बजार धानेको तथ्यप्रति कमैको ध्यान गएको छ । आधा आर्थिक वर्षमै राष्ट्रबैंकले २ अर्ब २८ करोड डलर बेचेर १ खर्ब ८६ अर्ब भारू किन्दा पनि नेपालको विदेशी मुद्रा सञ्चितिमा भारूको हिस्सा २३ दशमलव ६ प्रतिशतबाट बढेको छैन ।




**के गर्ने ?**

नीतिगत अन्योल र शासकीय तदर्थवाद समस्याको चुरोमा छ । राज्यको आर्थिक र औद्योगिक विकासको मोडल, शिक्षा नीति/प्रणाली र रोजगारी एवम् सामाजिक कल्याणका उपायहरूबारे बृहत्तर आयामहरूको प्रस्टता धेरै टाढाको अपेक्षा भइसकेको छ । अर्थतन्त्रलाई चलायमान बनाइराख्न आवश्यक कानुन-नियमहरु बनाउन र लागू गर्न पनि राज्य चुकेको छ । राजनीति अर्थतन्त्रका समस्याप्रति निरपेक्ष देखिएको छ । राज्यको निर्णय प्रक्रियालाई अपहरण गरिरहेको छ । राज्य चलाउनेहरूको पहिलो प्राथमिकता पैसा असुल्ने 'आकर्षक' सरकारी कार्यालयहरूमा ' आफ्ना मान्छे' पठाउने आतुरी सनातन छ । यो अभ्यास अब सम्पूर्णतः लज्जाहीन र खुलेआम भएको छ । यसको तीव्र कुप्रभाव प्रशासनिक प्रभावकारिता र आर्थिक सुशासनमा परेको छ । क्षणिक स्वार्थहरूको जालो उच्च राजनीतिक र प्रशासनिक तहसम्म यसरी फैलिएको छ कि मुलुकको हितका उपाय र मार्गचित्रबारे चिन्ता

**आम भाष्य यस्तो सृजना गरिएको छ कि, देशमा अर्थतन्त्रका यी समस्या बुझेको, समस्या समाधान गर्न सक्ने कुनै विज्ञ, अर्थशास्त्री र योजनाविद् छैन । विषयगत ज्ञानशून्य र निहित स्वार्थयुक्त राजनीतिक नेतृत्वले जे गर्दै छ, त्यो नै अन्तिम सम्भव उपाय हो । यही आत्मघाती सन्देश दिने कसरत सबै प्रकृतिको सत्ताले निरन्तर गरेको छ ।**

राज्यसत्ताका सञ्चालकहरूमा अर्थतन्त्रको अवस्थाप्रति चिन्ता र समस्या समाधानमा पहल गर्ने राजनीतिक इच्छाशक्तिसमेत प्रदर्शन हुन नसक्नु अहिलेको मुख्य चुनौती हो ।

सम्पत्ति शुद्धीकरण नियन्त्रण लगायतका तीन दर्जन विधेयक विगत संसद्मा वर्षौं थन्किए । ती पारित नभई अघिल्लो संसद्को पदावधि सकियो । न्यून बिजकीकरण छाया अर्थतन्त्रको एउटा मूल कारक भइसक्दा पनि राज्य प्रत्युत्पादक नीति र अभ्यासहरूमै रूमलिएको छ । विगत बीस वर्षमा केन्द्रीय बैंकले मौद्रिक नीतिको 'टेम्प्लेट' समेत बदल्न सकेको छैन । जुनसुकै दलको सरकार आए पनि दुर्गा प्रसाईं प्रवृत्तिले व्यक्त गर्ने मञ्चहरु नै अब सायद बाँकी छैनन् । यस्तो चिन्ता गर्नेहरु निर्णायकहरूका दृष्टिमा अक्सर उपहास र वैरभावका पात्र भइरहेका छन् । यसका पछाडि गम्भीर विकृतिहरु छन् । उच्च तहमा बस्नेहरूको ध्येय असल नीति बनाउने र कार्यान्वयन गर्नेमा छैन । विदेशी नागरिकता वा स्थायी बसोबासको निस्सा लिनेहरु अहिले ठूलै संख्यामा सार्वजनिक पदमा छन् । आफैं नभए, तिनका छोराछोरी नफर्कने गरी विदेश पलायन भएका छन् । त्यसैले यो जमातको मूल तिकडम अवैध बाटोबाट पैसा जम्मा गरी विदेश पठाउने र अन्ततः घरघडेरी पनि बेचेर उतै पुँजी पलायन गराउने छ । अहिले प्रत्येक ठूलो व्यापारिक घरानाको एउटा महत्त्वपूर्ण सदस्य गैरनेपाली

नागरिक (एनआरएन) मा दर्ता भएको छ । यसका पछाडि द्रुत र तीव्र पुँजी पलायनको उद्देश्य छ भन्ने घामजत्तिकै छर्लंग छ । राज्य यसमा मुकदर्शक मात्र भएर बसेको छ । सारमा, यी सबै वर्गमा मुलुकलाई समुन्नत बनाउने इच्छा र उद्देश्य दुइटै छैन । तर, राज्य सञ्चालन प्रभावतः तिनकै कब्जामा छ ।

नीति निर्माणको दार्शनिक आधार नै खण्डित गर्ने नियतले निर्णायक संस्थाहरूले काम गरिरहेका छन् । लघुवित्त एउटा जल्दोबल्दो उदाहरण हो । मानौं, राष्ट्र बैंकले तोकिदिएको ब्याजको १५ प्रतिशतको सीमा गरिब वर्गसुहाउँदो छ । अथवा, वाणिज्य बैंकहरूलाई तोकिएको निर्देशित क्षेत्र कर्जाको नियम र लघुवित्तहरूलाई थप एक तहको बिचौलिया बनेर नाफा असुल्ने संरचना अर्थतन्त्रका लागि लाभकारी हो ।

यथार्थमा, यो कल्याणकारी राज्यका दृष्टिले सर्वथा प्रतिकूल अभ्यास हो । लघुवित्तहरूबाट अपेक्षा गरिएको सामाजिक बैंकिङ हो जसले आफ्नो तीनखम्बे – समुदायहरूमा आधारित रहने, वास्तविक अर्थतन्त्रलाई प्रत्यक्ष टेवा पुऱ्याउने र व्यवसायका नयाँ मोडलहरूमा लगानी गर्ने – सिद्धान्तलाई अंगीकार गर्छ । मौद्रिक प्राधिकारीलाई यो चेत आएको देखिएको छैन । संरचनागत परिवर्तन गर्ने हिम्मत नगरेर ब्याजदरको सीमा तोक्ने कसरत यसैको परिणाम हो । राज्य सञ्चालकहरूबाट अर्थतन्त्र चरम उपेक्षामा परेको अर्को उदाहरण हो- सरकार सञ्चालक शक्तिशाली दलहरूबाट हुने अर्थमन्त्रीको छनोट । पात्रहरूको नाम लिनैपर्दैन, गणतन्त्र स्थापना भएयताका १६ वर्षमा १३ वटा सरकार र १७ पटक अर्थमन्त्री फेरिए । यसरी फेरिएकामध्ये ११ पटक उच्च नेतृत्वको निकट भएका कारण शक्तिशाली बनेका तर अर्थतन्त्रबारे औपचारिक शिक्षा नलिएका, अक्सर आर्थिक पद्धति र नेपाली अर्थतन्त्रको संरचनाबारे सामान्य ज्ञानसम्म नभएकाहरु अर्थमन्त्री बनाइए । त्यस्तै, सम्पत्ती शुद्धीकरणविरूद्धका कानुनहरु बन्न नसकेर नबनाइएका होइनन्, नचाहेर नबनेका हुन् ।

अझ खराब, राजनीतिक दलहरु र नेतृत्वको यो मनोमानीपूर्ण रवैयाप्रति नागरिक समाज र मिडियाले पनि यथोचित प्रश्न उठाइदिएनन् । राष्ट्रिय बहस अर्थतन्त्रको अवस्थाबारे केन्द्रित भएको सन्देश अखबारका समाचार शीर्षक, रेडियो-टेलिभिजनका अनगिन्ती 'टक शो', प्राज्ञिक वर्गबीच हुने वार्ता/छलफल र प्रशासन संयन्त्रको कार्यशैलीले विरलै दिन सकेका छन् । सबैलाई रातारात अनवरत फेरिने राजनीतिक नाटकका परिदृश्यको रोमाञ्चले लठ्याएको छ ।

आम भाष्य यस्तो सृजना गरिएको छ कि, देशमा अर्थतन्त्रका यी समस्या बुझेको, समस्या समाधान गर्न सक्ने कुनै विज्ञ, अर्थशास्त्री र योजनाविद् छैन । विषयगत ज्ञानशून्य र निहित स्वार्थयुक्त राजनीतिक नेतृत्वले जे गर्दै छ, त्यो नै अन्तिम सम्भव उपाय हो । यही आत्मघाती सन्देश दिने कसरत सबै प्रकृतिको सत्ताले निरन्तर गरेको छ । अनि, नेपाली अर्थतन्त्रको दुरवस्थाको कारक कतै अन्यत्र खोज्नुपर्छ र ?

# स्थानीय उत्पादनमा बजार समस्याको बाबजुत
# प्यूठानी अल्लोको ब्राण्डीङ गर्दै चित्रकली



**मधुसुदन पोखेल, प्यूठान**

यसो त नेपालमा स्वदशी उत्पादन र त्यसको बजारीकरणमा सरकारले कुनै पहलकदमी ल्याउन सकेको छैन् । जसले गर्दा नेपाली बजारको आयात प्रतिशत तीन गुणा बढी छ । देशमा न राज्यको लगानीमा नयाँ उद्योग धन्दा खुलेका छन् न त निजी क्षेत्रले पनि प्रशस्त मात्रामा रोजगारीको सिर्जना गर्न सकेको छ । यसको प्रत्यक्ष मारमा बेरोगार युवा शक्ति परेको छ र यो वा त्यो रूपमा दिनको १५ सयका दरले विदेशीन बाध्य छन् । नेपालको आयातमुखी बजार र बढ्दो बेरोजगारी समस्यालाई मध्यनजर गर्दै स्वरोजगार हुदै अरूलाई पनि रोजगारी दिन सफल छिन् स्याउलिवाङकी चित्रकली बुढा । वन जंगलमा रहने बेवारिसे अल्लोसँग उनको आर्थिक उपार्जको बलियो आधार बनेको छ । हो, उनले विगत लामो समयदेखि सिस्नाको भुवाबाट बनेका कपडाले  प्यूठान चिनाएको छ । चित्रकलीको टिमले तयार गरेका सिस्नोका कपडाहरू स्वदेश मात्र होइन विदेशमा समेत निर्यात हुने गरेको छ । उद्यमी चित्रकलीले सानो लगानीबाट सुरू गरेको कोठीहिमाल अल्लो कपडा सानो फर्म आज उद्योगको रूपमा विकास भएको छ । चित्रकलीले बनाएका कपडा हिजोआज प्यूठान मात्र नभएर देशभरका उद्यमीहरूको लागि प्ररणा र उर्जाको स्रोत भएको छ भने उनले पनि राम्रो आम्दानी गर्दै आएकी छन् ।हअश गरिएको को सिस्नोबाटै बनेका अल्लाका कपाडाहरू प्रयोग गर्नाले सुगर, प्रेसर भएका विरामीहरूका लागि फाइदा हुने विश्वास छ । अल्लोबाट बनेका कपडाहरू विभिन्न संघ सस्थाहरूले

मायाँको चिनोको रूपमा अतिथिहरूलाई दिने गरेको र प्यूठानमा मायाँको चिनो भनेर चिनीने अल्लोको उत्पादनले समग्र प्यूठानलाई चिनाएको छ । पत्रकार महासंघ प्यूठानका सचिव प्रकाश वैद्यले नेपाल पत्रकार महासंघ प्यूठानले पनि यसको विकास र प्रबर्द्धनमा टेवा पुगोस् भन्ने उद्दश्यले हरेक कार्यक्रममा अल्लोको सामाग्री मायाको चिनोको रूपमा प्रदान गरिने गरेको बताए । चित्रकलीकोलगायतको सहभागीतामा प्यूठानमा २०६३ सालबाट अल्लोका कपडाहरू उत्पादन गर्न थालिएको हो । कोठिहिमाल अल्लोउद्योग बाट परिचित चित्रकलिको अल्लोको कपडाले उत्पानलाई आम सर्वसाधारणको पहुँचमा ल जान सकिने उनको धारणा छ । बजारमा नक्कली अल्लोको बिगबिगी भएकोले त्यसबाट सचेत रहन पनि उनले आग्रह गरिन् । १ लाख ५० हजार लगानीबाट सुरू गरिएको उद्योग १ करोडको हाराहारीमा रहेको उनको भनाई छ । उद्योग फस्टाउनमा परिवारको साथ राम्रो भएकोले वार्षिक ७० देखि ८० लाख बराबरको कारोबार हुने समेत चित्रकलीको भनाई छ । कोभिड महामारी तथा वैङकहरूको चर्को व्याजदरका कारण उद्योग सञ्चालनमा समस्या भएको बुढामगरले गुनासो गरिन् ।




पछिल्लो समय राम्रो बजार पाएको छ । चित्रकलीले अल्लोबाट ढाका टोपी, झोला, गलबन्दी, कोट, स्टकोट, जुत्ता, जस्ता सामाग्री उत्पादन गर्छिन् । सरकारको बजारीकरणको स्पष्ट नीति नहुँदा सोचेजस्तो लगानी र विकास गर्न धौ-धौ परिरहेकाले यसको निम्ति सरकारले लघु उद्यमीहरूको लगानी सुरक्षित गर्नुपर्ने बताइन् । माग राम्रो भएपनि उत्पादन लागत बढी पर्ने भएकोले बिक्रिवितरणमा समस्या भएको उनले बताइन् । बजारमा सस्तो सामान खोज्ने ग्राहक धेरै भएको बताउँदै उनले सरकारले कपडा उत्पादनमा अनुदान दिन गरेको खण्डमा अल्लो स्थानीय तह तथा घरेलु उद्योग समितिले पनि चित्रकलीको उद्योगलाई केहि सहयोग गरेका छन् । स्थानीय सरकारले उद्योग विस्तार र उत्पादित बस्तुलाई विक्रिमा सहजता दिएको छ । नौबहिनी गाउँपालिकाका अध्यक्ष डिलबहादुर थापाले चित्रकलीको स्वरोजगारप्रतिको संघर्ष र लगानीले लघु उद्यम विकासमा नयाँ कोशेढुङ्गा भएको बताए । उनले चित्रकली जस्ता उद्यामीहरूले उत्पादन गरेका स्थानीय उत्पादनहरूलाई सिको गरी स्थानीय सरकारले उद्योगलाई राम्रो विस्तार गर्न सके स्वदेशमै स्वरोजगारका बाटाहरू खुलाउ सकिने र त्यसको प्रबर्द्धनमा आफू लागि परिरहेको पनि जिकिर गरे ।

# शिक्षा फ्रेमसहितको हार्डवेयर हो भने नैतिक चेतना सफ्टवेयर हो: पोख्रेल

**शिक्षा कुनैपनि मुलुकको चौतर्फि विकासको मेरुदण्ड हो । जुन देशको शिक्षा नीति देशको माटो सुहाउँदो र बिज्ञान प्रविधिमा आधारित एवं वस्तुवादी हुन्छ, त्यस देशले समग्र विकासको शिखर हासिल गर्न कुनै आइतबार कुर्नुपर्दैन । नेपालको कमजोर एवं बेवारिसे शिक्षा नीतिले एकातिर समाजमा दक्ष जनशक्ति उत्पादन हुन सकको छैन भने अर्कोतिर शिक्षित भनिएको अधिकांश युवा जमात पनि यो वा त्यो रुपमा विदेश पलाएन हुन विवस छ । देशको लथालिंग शैर्क्षिक अवस्था तथा अन्य समसामयिक विषयमा लिवाङ रोल्पामा अवस्थित बालकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक मधु पोखे्रलसँग पत्रिकाका प्रबन्धक टंक प्रकाश केसीले गरेको अन्तरंग कुराकानीको सारसंक्षेप**:



मधु पोख्रेल

**देशको शैक्षिक अवस्थालाई कसरी हेर्नुभएको छ ? नेपालको शैक्षिक विकासक्रमको इतिहास बताइदिनुस् न ।**

देश विकासको प्रमुख आधार नै शिक्षा हो । जबसम्म समानुपातिक रूपले शिक्षाको विकास हुन सक्दैन, तबसम्म समाज अचेतनशील हुन्छ । अचेतनशील समाज र सामाजिक अवस्था नै मानव विकास सुचाङ्कको दृष्टिले निकै पछाडी हुन्छ । संसारको अभ्यासलाई हेर्ने हो भने सुचाङ्कमा पछि परेको समाज वा राष्ट्रलाई नै अविकासको सुचिमा सबैभन्दा माथी राखिन्छ । त्यसैले गर्दा विकासका पुर्वाधार हरूको पनि पुर्वाधारको रुपमा शिक्षा लाई लिईन्छ ।

तर दुखको कुरा भन्नुपर्छ, नेपालमा शिक्षाको विकासक्रम जुन रुपमा हुनुपर्थ्यो अथवा भनौं शिक्षाक्षेत्रले जुनरूपमा प्राथमिकता पाउनुपर्थ्यो , त्यस अनुरूप प्राथमिकता पाउन सकिरहेको छैन । राज्यको उपल्लो निकायमा पुग्नेहरूले अझै पनि शैक्षिक विकासको लागि विद्यालय विश्वविद्यालयमा लगानी गर्ने कि सड्क तथा पुलमा लगानी गर्ने भन्ने सवालमा असान्दर्भिक बहस सृजना गरिरहेका छन । शिक्षाक्षेत्रसग अरू क्षेत्रहरूको तुलना नै हुन सक्दैन तर भईरहेको छ । यसले के कुरालाई प्रष्ट उजागर गरेको छ भने, हाम्रो देशमा शिक्षाको विकास प्राथमिकतामा परेको छैन । नियमित कार्य संचालनमा बाहेक राज्यको लगानी शिक्षाक्षेत्रमा अत्यन्त न्यून छ । जवसम्म लगानी हुँदैन , तबसम्म प्रतिफल पनि प्राप्त हुँदैन । समग्रमा भन्दा विद्यमान अबस्थामा शिक्षाक्षेत्रको विकासकालागी कुनै गोष्टि तथा सेमिनारहरूमा नाराले प्राथमिकता पाए

पनि कार्यक्रमका हिसाबले ओझेलमै परेको छ ।

**नेपालको दुईखाले शैक्षिक नीतिले देशको समग्र क्षेत्रमा पारेका अल्पकालीन, मध्यकालीन र दिर्घकालिन असर के-के हुन् ?**


हाम्रो देशमा विद्यमान शैक्षिक निति अनुसार उत्पादित शैक्षिक जनशक्ति र अवस्थालाई हेर्दा यसका समुचित प्रभावहरू प्रष्ट देखिन्छन् । शिक्षा सार्वजनिक सरोकारको विषय हो । सर्वसुलभ रूपमा सहज वातावरणमा जनमुखी शिक्षा प्राप्त गर्नुपर्ने नागरिकको संवैधानिक हक हो तर निजीकरणको दबदबा बाट थिलथिलो परेको शैक्षिक प्रणालीमा सार्वजनिक शिक्षा प्रणालीमा आम मानिसहरूको विश्वास क्रमशः घट्दै गएको छ । यसको प्रत्येक्ष फाइदा शिक्षालाई सेवामुखी नबनाएर व्यापारमुखी बनाउन चाहने व्यवसायीहरूलाई हुँदै गएको छ र यो क्रम बढ्दो छ । गाउँका सार्वजनिक विद्यालयहरू ध्वस्त छन् तर तिनै गाउँका स्थानीय मानिसहरूले विदेशमा पसिना बगाएर पठाएको रेमिट्यान्सबाट उनिहरूका बालबच्चाहरू सहरमा प्रवेश गरि महङ्गो शुल्क तिरी निजिस्कुलमा पढ्न बिवस छन् । यस अवस्थाले मानिसको जनजिविकामा आम रूपमा परिवर्तन आउन सकेको छैन, परनिर्भरता बढिरहेको छ । वर्तमान शिक्षा नीतिले प्रष्ट रूपमा दिशाबोध गरिदिएको अल्पकालीन प्रभाव यहि नै हो ।

यदि यस्तो नितिलाई परिमार्जन नगर्ने हो भने, मध्यकालीन तथा दीर्घकालीनरूपमा यसले ल्याउने प्रभाव निकै डरलाग्दो छ । संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रवृष्ट गरेको छ । मौलिक हक भन्ने बित्तिकै, आम नागरिकले रूचि र क्षमता अनुसारको शिक्षा पाउनु पर्ने उनिहरूको अधिकार हो र उपलब्ध गराउनुपर्ने राज्यको दायित्व हो तर निजीकरणको प्रभावले यस्तो अबस्था आउन सकेको त छैन नै , त्यसका कुनै लक्षण र सम्भावना पनि देखिदैनन । संविधानको प्रस्तावनामा नेपाललाई समाजवादउन्मुख राज्यको रूपमा विकास गर्ने भनेर स्पष्ट किटान गरेको छ तर व्यवहार तथा कार्यक्रमले पुँजीवादी शैक्षिक संरचनालाई संरक्षण गरिरहेको छ । परिणामस्वरूप आम सर्वसाधारणहरूको लागि सार्वजनिक शिक्षा तथा सेवा प्रणालीमा अविश्वास बढ्दै गएको छ । शिक्षाको लागि सार्वजनिक शैक्षिक सस्थाको विकल्पमा निजि शैक्षिक सस्थामा जाने, उपचारको लागि सरकारी अस्पतालमा भन्दा महङ्गो शुल्क तिरेर प्राइभेट अस्पतालहरूमा मान्छेको लाम लाग्ने जस्ता दृश्यहरू देखिईरहेका छन् । यसले सार्वजनिक सेवा प्रणालीलाई ध्वस्त बनाउने र निजीकरणलाई निर्विकल्प बनाउने दिशामा मुलुक गईरहेको जस्तो देखिन्छ । यस्तो परिस्थिति भनेको राज्य असफल हुनु हो, हाम्रो संविधानमा उल्लेख गरिएका प्रावधानहरू फेलियर हुनु हो । जसले दीर्घकालीन रूपमा समाजलाई परनिर्भरताबाट माथी उस्कन दिँदैन । बौद्धिक पलायनको चक्र अझ बढ्दो छ । राम्रो ठानिएको स्कुलबाट कक्षा १२ उत्तीर्ण गरेको विद्यार्थीको अग्रिम रोजाई अब नेपाल बाहिर हुन थालेको छ । नेपालमा केही सम्भावना छैन तसर्थ विदेश जानुपर्छ भन्ने मानसिकताको विकास जबरजस्त बढाईँदै छ । यस्तो मानसिकता सृजना गरिदिने भनेका तिनै निजी शैक्षिक संस्था नै अगाडि छन् । यस्तो अवस्था भनेको देश र समाजको लागि निकै डरलाग्दो अवस्था हो । कतै भोलि बौद्धिक नागरिक बिहिन मुलुक बन्ने त होईन ? चिन्ताको बिषय हो ।

**आजको समयसम्म पनि विद्यार्थीले विद्यालय छोड्ने दर बढिरहेको छ, सबै क्षेत्रमा गहन प्रकारको**

**पठन संस्कृति लोप भइरहेको छ। देशभक्ति शिक्षण सिकाइ, पठन संस्कृतिको विकास र विद्यार्थीको समग्र नैतिक अनुशासनको अभिवृद्धिका लागि केहि पहल गर्नुभएको छ कि ?**

हो, यस्ता समस्याहरू छन् । सार्वजनिक शिक्षा प्रणालीमा भित्रिएको व्यथितीको कारण नै




अविश्वास बढेको हो । समस्या औंल्याएर मात्रै पनि त भएन नि! सार्वजनिक जिम्मेवारीमा रहेको हरेक व्यक्तिले आ– आफ्नो प्रयासबाट जतिसकिन्छ, सुधारको लागि पहल गर्नुपर्छ । समाज प्रविधिमा निकै अगाडि बढिसक्यो । प्रत्येक बालबालिकाहरू विद्यालय आउनु अघि नै घर घरमा अभिभावकहरूको हातमा रहेको स्मार्टफोनबाट विश्व नियाल्न थालिसकेका हुन्छन् । उनिहरूको क्षमता, चाहना र आबश्यकता एकातिर हुने तर हाम्रा शिक्षण सस्थामा अझै पनि १८ औं शताब्दी तथा गुरूकुल शिक्षाको जस्तो शिक्षण पद्धति कायम रहँदा आवश्यकता र उपलब्धताबीच तादम्यता मिल्दैन । अनि त्यस्तो ठाउँमा विद्यार्थी र अभिभावक कसैको आकर्षण तथा रोजाई हुँदैन । बदलिएको परिवेश अनुसार आफू पनि बदलिने र समुदायको चाहना अनुसार कार्यक्रम चलाउन सकियो भने विद्यार्थीको टिकाउदर बढाउन सकिन्छ ।

अहिले चलिरहेको बिश्वब्यापीकरणको हावाले जताततै छोएको छ । केही सकारात्मक प्रभावसँगै थुप्रै विकृती तथा विसङ्गती पनि भित्रीएका छन् । दुर्व्यसन, सामाजिक अपराध जस्ता क्रियाकलाप पनि बढेका छन् । यस्ता समस्याले आम रूपमा विद्यार्थीलाई कतै न कतै असर पारेका छन् । तपाईंले प्रश्नमा भनेजस्तो समस्या बढेका छन् । जस्लाई न्यूनीकरण गर्नको लागि समुदाय, सामाजिक संघ सस्था, बिज्ञपरामर्श सेवा, जिवनोपयोगि अनुशिक्षण जस्ता शैक्षिक कार्यक्रम संचालन गरेर त्यस्ता

समस्याहरूलाई हल गर्ने प्रयास गरिरहेका छौँ ।

**सरकारले अरबौं रकम खर्च गरेर पनि सामान्य शैक्षिक उपलब्धि हासिल नहुनुमा मुख्य समस्या कहाँ जगडिएको छ ? हामीले विद्यालयबाट राम्रो बौद्विक पूर्वाधारको विकास गर्न किन सकिरहेका छैनौँ ?**

राज्यको लगानी समग्रमा ठूलो देखिएपनी, आम रूपमा हेर्ने हो भने नियमित कामकारबाहीमा बाहेक थप अतिरिक्त योजना सहितका काममा त्यति लगानी बढाउन सकेको छ जस्तो लाग्दैन । राज्यले लगानी गर्ने लगानी मध्ये ठूलो रकमको हिस्सा केवल शिक्षकको तलबभत्ता भुक्तानी मै जान्छ । बाकी थोरै रकमले शैक्षिक व्यवस्थापनका नियमित काममा गएको छ, त्यो पनि अपुग छ । वर्षेनि देशको कुल बजेटको १०% लगानी मात्रै पनि शिक्षा क्षेत्रले पाउन सकेको छैन । अर्को कुरा रह्यो, हामिले बौद्धिक पुर्वाधारको विकास किन गर्न सकिरहेका छैनौं भन्ने । यसमा तिनवटा समस्या छन् जस्तो लाग्छ । पहिलोः सार्वजनिक शिक्षण सस्थामा हाबी हुने हस्तक्षेप र अस्वस्थ राजनीतिले इमानदारमान्छेहरू टिक्न सकिरहेका छैनन् । अस्ति मात्रैको घटना, मधेसको एउटा सामुदायिक विद्यालयमा शिक्षक सेवा आयोगले सिफारिस गरेर नियुक्ति लिई विद्यालयमा हाजिर हुन गएकी एउटी शिक्षिकालाई स्थानीय राजनीतिक दलका केही ब्यक्तिहरूले ४ घन्टासम्म बन्धक बनाए अनि निज शिक्षिका बरू म जागिर खाँदैन ,लोकसेवा तयारी गर्छु भनेर त्यहाँ बाट निस्किन रे । यो प्रतिनिधिमुलक घटना हो । समस्याको एउटा कारक हो । दोस्रोः सार्वजनिक विद्यालयमा कार्यरत धेरै ब्यक्तिहरू, सरकारी विश्वविद्यालयमा कार्यरत प्राध्यापकहरू धेरैको निजि शिक्षण सस्था र कलेजहरूमा लगानी छन । उनिहरूको प्राथमिकता सार्वजनिक सस्था होईन ,प्राइभेट सस्थाहरू छन् । आफू र आफ्ना बालबालिकाहरू नीजिमा व्यवस्थापन गर्ने तर आफु तलबभत्ता खानमात्रै स्कुल जाने प्रवृत्ति बढेको छ । आफ्नो कर्तव्य र दायित्वबोधबाट च्युत हुनाको परिणाम सकारात्मक छैन । अनि त्यसरी उत्पादन भएका विद्यार्थीहरूको पहिलो रोजाई स्वदेश नभए बिदेश हुने गरेका छन ।

तेस्रोः सरकारले आफ्नो दायित्व पनि पूरा गर्न सकेको छैन । सार्वजनिक विद्यालयको गुणस्तरको अभिबृद्धिका लागि निजिस्कुलसँग सहकार्य गर्ने वा योगदान गर्ने निति तथा कार्यक्रम लिन्छ । सार्वजनिक विद्यालय र निजि विद्यालय भनेका चरित्रको हिसाबले अन्तरबिरोधी संस्थाहरू हुन् । सार्वजनिक शिक्षा प्रणाली ध्वस्त भयो भने मात्रै निजि विद्यालयहरू फस्टाउने हुन् । सार्वजनिक विद्यालयहरूको सवलिकरण भयो भने निजि विद्यालयहरूको नाफामा क्षयीकरण हुन्छ । यो कुरा बुझ्नुपर्छ । संविधानको प्रस्तावना अनुरूप समाजवादी राज्य स्थापना हुनको लागि पनि सार्वजनिक शिक्षा प्रणाली बलियो हुनुपर्छ तर त्यस्तो हुन सकिरहेको छैन ।

**नमुना विद्यालय निर्माणका चरणहरु के-के हुन् ? एक असल शिक्षकमा हुनैपर्ने अनिवार्य बिशेषताहरु बताउनुस् न ।**

नमुना एउटा क्षितिजमा चम्किरहेको गोल हो । जुन गोललाइ चुम्नको लागि बढी भन्दा बढी नतिजामुखी कार्यक्रम संचालन गरेर शैक्षिक उपलब्धिका मानकहरूलाई बढाउने हो । तसर्थ, खासमा नमुना

भनेको कहिल्यै चुम्न नसकिने क्षितिजिय बिन्दु हो । हामीले जुन लक्ष्य निर्धारण गरेर अगाडि बढ्छौ, उक्त लक्ष्यमा पुग्दा  सम्म समाजको आवश्यकता र गति अझ पर पुगिसकेको हुन्छ । तसर्थ , नमुना विद्यालयहरू समुदाय सापेक्ष हुन्छन । रोल्पाको समुदायमा रहेको नमुना विद्यालयको लक्ष्य गन्तव्य र कार्यक्रम अनि काठमाडौं पोखराको समुदायमा रहेको नमुना विद्यालयको तत्कालीक लक्ष्य गन्तव्य र कार्यक्रम फरक फरक हुने गर्छन । तर सबैको दुरदृष्टी चाहिँ राष्ट्रको शैक्षिक उद्देश्य पूरा गराई आत्मनिर्भर नागरिक उत्पादन गर्ने नै हुनुपर्छ । शैक्षिक पक्ष, भौतिक पक्ष र समग्र व्यवस्थापकीय पक्षमा निरन्तरताको भन्दा भिन्न र क्रमभङ्ग भएर रचनात्मक बाटो समाएका विद्यालयहरू नै नमुना विद्यालयहरू हुन् । मौजुदा उपलब्धिमा टेकेर आबधिक योजनाको लागि गुरूयोजनासहित पारदर्शी कार्यान्वयन र अपेक्षित उपलब्धिको प्राप्तता नै नमुना विद्यालयका आधार हुन् । यसको गोरेटो यस्तै छ भन्ने मुर्त चिज छैन । नमुना भन्ने कुरा अमुर्त हो । शिक्षा सुधार तथा विद्यालय सुधारको सबैभन्दा प्रमुख पक्ष भनेको शिक्षक हो । नमुना विद्यालय विकासका लागि तथा शैक्षिक उपलब्धि वृद्धिका लागि विद्यालय प्रशासन, वि.य.स. तथा स्थानीय सरकार वा निमायक सस्थाले लिएका योजनाहरू कार्यन्वयन गर्ने प्रमुख पक्ष शिक्षक हो । विद्यालयलाई राम्रो बनाउनका लागि  वर्तमान अवस्थामा शिक्षकले अरू त्यति केही गर्नुपर्दैन । शिक्षकले सेवा प्रवेश गर्नको लागि जाँच दिनु अघिको मेहनत तथा उर्जालाई सेवा प्रवेश गरिसकेपछी विद्यार्थीको सिकाई सहजीकरणको लागि लगाउन सक्यो भने अनि नियुक्तिको सपथ खादा उसले गरेका कबोलहरूलाई पूरा गर्ने अठोटका साथ निरन्तर काम गर्यो भने त्यो सफल र सर्वगुणी शिक्षक हो । नियमितता, लगनशीलता, धैर्यता, सहनशीलता, प्रतिबद्धता, पारदर्शिता, उत्प्रेरणादायी, बिषयबस्तुमाथिको परिपक्वता, प्रबिधिमैत्री सीप तथा कला, सहयोगीपन आदि असल शिक्षकले कहिल्यै गुमाउन नहुने गुणहरू हुन् ।

**श्रम र उत्पादनसँग प्रत्येक्ष जोडिएको व्यवहारिक शिक्षाको महत्व खड्किएजस्तो लाग्दैन ?  के नेपालमा त्यो प्रकारको शिक्षा पद्धति ल्याउन सम्भव होला ?**

जरूर लाग्छ । त्यही भएर त हामी जनमुखी शिक्षा भनिरहन्छौ । शब्द रूपमा जे जे भनिएपनी, व्यवहारकुशल शिक्षा, जिवनोपयोगी शिक्षा, गुणस्तरीय शिक्षा, जनमुखी शिक्षा आदिको एउटै सार विद्यार्थीको सिकाई क्षमता बढाई उसको सिपलाई उत्पादन सग जोड्ने नै हो । सिपले दक्षता तथा निपुणता बढाउछ, दक्षताले उत्पादन बढाउछ, उत्पादनले रोजगारी सृजना गर्छ, स्वरोजगार बनाउछ र उत्पादनको वृद्धिले राष्ट्रको कुल गार्हस्थ उत्पादन बढाउछ । कुल गार्हस्थ उत्पादन वृद्धि हुनु भनेको राष्ट्रको लागी आत्मनिर्भर बन्नु हो । खासमा हामीले चाहेको, खोजेको, समाजले मागेको शिक्षा प्रणाली नै यहि हो । तर कतिपय अवस्थामा हाम्रो शिक्षा प्रणाली पुरातन/ गुरूकुल शिक्षा भन्दा माथी उठ्न सकेको छैन तथापि पछिल्लो दिनहरूमा यसतर्फ सबैको ध्यानाकर्षण बढ्दै गएको जस्तो देखिन्छ । गत आर्थिक वर्षदेखि सरकारले आफ्नो नीति तथा कार्यक्रममै पढ्दै कमाउदै भन्ने कार्यक्रम ल्याएर कार्यान्वयनमा लगेको छ । थुप्रै विद्यालयहरूले उत्पादनका हरेक क्षेत्रमा यो कार्यक्रम लागू

गरेका छन् । राज्यको पुनसंरचना भएपछि बनेका स्थानीय तह मातहत शिक्षा क्षेत्र गएपछि, कतिपय स्थानीय तहहरूले स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा लगेका छन् । आफ्नो स्थानीय स्तरमा सम्भावना भएका विविध पक्ष तथा क्षेत्रसँग विद्यार्थीको सिकाई दक्षतालाई जोडि आत्मनिर्भर र उत्पादनमुखी बनाउनु नै स्थानीय पाठ्यक्रमको उद्देश्य रहेको छ । यसमा सकारात्मक प्रयासको थालनी भएको छ ।

**स्थानीय सरकारसँग नैतिक आचरण र देशभक्त बोधको शिक्षा विकास गरियोस् भनी किन दबाबमूलक अभियान चलाइदैन ? के यही गतिले देशमा असल संस्कारको विकास होला त ?**

देशभरको अवस्था हेर्ने हो भने अधिकाश स्थानीय तहमा यो कुरा लागू होला तर सबै स्थानीय तहहरू एकै अवस्थामा छैनन् । थुप्रै स्थानीय तहहरूले आ–आफ्नो आबश्यकता र सम्भावनालाई मध्यनजर गरी स्थानीय पाठ्यक्रम वा अन्य शैक्षिक कार्यक्रममार्फत रचनात्मक क्रियाकलापलाई अगाडि बढाएका छन् । जस्तै, सोलुखुम्बुको कुनै स्थानीय तहको लागि स्थानीय आवस्यकता र सम्भावनाको क्षेत्र पर्यटन प्रबर्द्धन हुनसक्छ भने रोल्पाको रोल्पा नगरपालिकाको लागि स्थानीय कृषी, पशुपालन तथा फलफुल कार्यक्रम आत्मनिर्भरताको आधार हुनसक्छ ।

तर साँचो के पनि हो भने, स्थानीय तहको गठन भएसँगै थुप्रै स्थानीय तहहरूले आफ्नो कार्यक्रम र प्राथमिकता तय गर्न सकेका छैनन् । कार्यक्रम र प्राथमिकता नै निर्धारण नहुँदा स्थानीय शैक्षिक अवस्था रणभुल्लमा परेको जस्तो देखिन्छ । शिक्षकलाई तलब खुवाउनेबाहेक अरू रचनात्मक कामहरू हुन सकेका छैनन् । यसका अनेक कारण हुन सक्छन् । स्थानीय सरकार गठनहुदा राजनैतिक शक्ति असन्तुलन, कर्मचारीको अभाव तथा भएका कर्मचारीहरूमा पनि कार्यदक्षताको अभाव आदि यसका कारक हुनसक्छन् ।

**शिक्षण संस्थाहरुमा लिने गरेको चर्को शुल्क तथा मनपरी विरुद्ध लामो कालखण्डदेखि चलेका संघर्षहरुले पनि सुलभ शुल्क निर्धारण लगायतका विषयमा एकरुपता ल्याउन सकेन, नेपालको शैक्षिक अवस्था रुपान्तरणको दिशामा शैक्षिक अभियान्ताहरु किन मौन छन् ?**

यसमा दुईवटा अवस्थाहरू छन् । नेपालमा सामुदायिक विद्यालय र संस्थागत तथा निजि विद्यालय गरी संरचनागत मै दुई थरी विद्यालयहरू छन् । यी दुबैको उद्देश्य र कार्यप्रणाली फरकफरक छन् । सामुदायिक विद्यालयहरू सेवामुखी हुन् भने संस्थागत विद्यालयहरू नाफामुखी वा व्यवसायमुखी हुन् । नाफामुखी संस्थाले बारम्बार शुल्क वृद्धि गर्न खोज्नु स्वभाविक नै हो । उसको अस्तित्व नै त्यसैमा टिकेको हुन्छ ।

सामुदायिक विद्यालयहरूमा राज्यले शिक्षक कर्मचारी उपलब्ध गराउछ, समुदायले व्यवस्थापन गरेको हुन्छ । त्यसैले सामुदायिक विद्यालयहरूले शुल्क उठाउन मिल्दैन तर कतिपय सामुदायिक विद्यालयहरू पनि विभिन्न कोणबाट सहयोग लिन बिबश छन । किनभने सामुदायिक विद्यालयहरू समुदायले संचालन गरेको छ, विद्यालय ब्यबस्थापन समितिले व्यवस्थापकीय जिम्मेवारी लिएको छ तथापि कतिपय विद्यालयहरूमा विद्यार्थीको उच्च चाप बढ्दै जानू र त्यसअनुसार सरकारले दरबन्दी र अनुदान कुनै उपलब्ध नगराएको अवस्था छ

। यस्तो द्वैध अवस्थामा कि त विद्यालयमा थप विद्यार्थी भर्ना गर्न रोक्नुपर्‍यो कि भने सरकारले दरबन्दी वा अनुदान उपलब्ध गराउनुपर्‍यो या त समुदाय वा अभिभावकले सहयोग गर्नुपर्‍यो । सरकारले नितिगत रूपमा शुल्क पनि नलेऊ भन्ने, दरबन्दी र अनुदान पनि नदिने र क्षमता भन्दा बढी विद्यार्थी भर्ना रोक्दा विद्यार्थीलाई भर्ना हुनबाट नरोक भनेर ह्विप पनि जारी गर्ने परस्पर अन्तरबिरोधी कार्य गरिरहेको छ । यसबाट राम्रो प्रतिफल दिन खोजीरहेका विद्यालयहरू समस्यामा परिरहेका छन् । उदाहरणको लागि एउटा सामुदायिक विद्यालयको नाम लिनुपर्दा म स्वयं आफैं प्रधानाध्यापक रहेको बालकल्याण माध्यमिक विद्यालयमा जम्मा शिक्षक दरबन्दी १८ जना मात्रै छ, जुन आजभन्दा करिब ३० बर्ष अघिको दरबन्दी हो । नियमानुसार यो दरबन्दीले ब्यबस्थापन गर्न सक्ने विद्यार्थी संख्या भनेको करिव ८ सय ५० जना मात्रै हो । तानतुन पारेर व्यवस्थापन गरिए बढीमा १ हजार जना सकिएला ,त्यो भन्दा बढी सकिँदैन तर हाम्रो विद्यालयमा चालू शैक्षिकसत्रमा करीब २८ सयभन्दा बढी विद्यार्थी भर्ना भएका छन् । यो विद्यार्थी व्यवस्थापन गर्नको लागी करिब १ सय जना शिक्षक कर्मचारी आवश्यक पर्छ । अब तपाई आफैं भन्नुस, १८ जना शिक्षकले २८ सय विद्यार्थीलाई कसरी व्यवस्थापन गर्ने ? हामीले थोरै स्केलमा अभिभावकहरूको स्वैच्छिक सहयोगबाट थप शिक्षक व्यवस्थापन गरी जेनतेन धानिरहेका छौं । अभिभावकहरू पछि हट्नेबित्तिकै करीब २ हजार विद्यार्थीहरू अध्ययन गर्नबाट बन्चित हुने अबस्था छ ।

दोस्रोः संस्थागत विद्यालयहरूमा तोकेरै शुल्क उठाउन पाईने कानुनी प्रावधान छ । शिक्षा नागरिकको मौलिक हक भएकोले शिक्षाको सम्पुर्ण जिम्मेवारी राज्यले वहन गर्नुपर्छ । बरू २/४ बर्ष पुल र बाटो नबनाउ तर शिक्षालाई नजरअन्दाज नगर भनेर हामीले पनि आवाज उठाइरहेकै छौं तर दिनप्रतिदिन शैक्षिक व्यापार बढ्दो छ । राज्यको कानुन नीति कार्यान्वयन गर्ने निकायका ब्यक्तिहरूले नै शिक्षाको ब्यापारीकरण वा निजि शैक्षिक संस्था संचालनमा लगानी गरेका छन् । त्यसैले पनि आम ग्रासरूटबाट चर्को शुल्क उठानको विरूद्धमा आवाज उठ्छन तर कार्यान्वयन हुँदैनन् ।

**पेशागत ज्ञानको अनुभवसगै शैक्षिक धरोहर बालकल्याण माविको इतिहास तथा समग्र शैक्षिक पृष्ठभूमी कस्तो रहेको छ ?**

मैले बालकल्याणको प्रशासनिक नेतृत्व सम्हालेको करिबकरिब १५ बर्ष पुग्ने लाग्यो । यो अवधिमा थुप्रै अनुभव बटुल्न पाएँ । यहि सिलसिलामा २०७६ सालमा अष्ट्रेलियामा आयोजना भएको समाहित शिक्षा सम्बन्धि अन्तर्राष्ट्रिय सेमिनारमा भागलिने अबसर पाएँ । म र हाम्रो विद्यालयको निवर्तमान वि.व्य.स. अध्यक्ष महेश न्यौपानेले एकैवर्ष सँगसँगै क्रमशः प्रशासनिक र व्यवस्थापकीय नेतृत्व लिएका थियौं र करिव १५ वर्षसम्म बडो सुझबुझ ढङ्गले विद्यालयको समग्र सुधारमा योजना सहित समर्पित भएर लाग्दा विद्यालयले देखिने गरि फड्को मारेको छ । यसको प्रमाण हो, विद्यालय प्रती आम समुदाय अभिभावक र सबैको विश्वास बढेको छ । विद्यार्थी संख्या दोब्बर भन्दा बढीले वृद्धि भएको छ । सिकाई उपलब्धिको ग्राफ उकालो लागेको छ । विद्यार्थी चाप अनुसार पुर्वाधारको विकास भएको छ ।

तत्कालीन अबस्थामा समुदायको विश्वास गुमाएको विद्यालय फेरि माथी उठेको छ, जुर्मुराएको छ । सबै सामुदायिक विद्यालयहरूका लागि सिकाईको केन्द्र तथा सिकाईको स्रोतको रूपमा स्थापित भएको छ । त्यसैगरी यो विद्यालय रोल्पाको मात्रै नभएर समग्र राष्ट्रकै गहना र सम्पत्ती हो भन्ने हाम्रो बुझाई छ । इतिहास हेर्दा राष्ट्रमै सबैभन्दा धेरै भिआईपिहरू जन्माउने विद्यालयको रूपमा बालकल्याणको नाम आउने गर्छ । सङ्घिय लोकतान्त्रिक गणतन्त्र स्थापना र यस पछिको राज्य व्यवस्थापन गर्ने पात्रहरू जन्माउनमा बालकल्याणको हात छ । यस विद्यालयले हालसम्म एकजना उपराष्ट्रपति, दुई दुई जना सभामुख, उपप्रधानमन्त्री, मुख्यमन्त्री, अर्थमन्त्री, आईजिपी लगायत थुप्रै अतिबिशिष्ट ब्यक्तिहरू जन्माएको छ । विद्यालयको इतिहासमा यो गौरवको कुरा हो ।

**विद्यालयको प्रशासनिक गतिविधि लथालिङ्ग हुनुमा प्रमुख दोष कसको रहन्छ ? विद्यालय प्रशासन, अभिभावक र विद्यालय व्यवस्थापन समिति बीचको त्रिकोणात्मक अन्तरम्बन्ध कस्तो हुनुपर्छ ?**

विद्यालय भताभुङ्ग हुनुमा दुईवटा सवाल मुख्य कारक हुनेगर्छन् र त्यो अवस्था सृजना हुनुको दोषको प्रमुख जिम्मेवारी प्रशासनिक नेतृत्वको हिसाबले प्रधानाध्यापकले लिनुपर्छ । अरू सबैको आ–आफ्नो भुमिका अनुसारको जिम्मेवारी रहला । ती दुई सवालहरू के हुन् भने सरोकारवालाहरू सबैपक्षसँग समन्वयको अभाव, विद्यालय विकासको लागि दीर्घकालीन योजनाको अभाव । स्पष्ट योजना सहित , सबैपक्ष सग समन्वय बढाउने हो भने उदाहरणीय विद्यालय बनाउनका लागी स्रोत साधनको कुनै अभाव हुँदैन । स्रोत जुटाउन सकिन्छ । स्रोत व्यवस्थापन पछि कार्यान्वयनमा इमानदार प्रयत्न , विश्वासको निर्माण र पारदशीता सहायक पाटो हुन् । यी कुरा व्यक्तिको क्षमतामा भरपर्ने हुन् ।

हाम्रा अधिकांश विद्यालयहरूमा केवल निरन्तरताका लागि वा कामचलाउका लागि मात्रै प्रधानाध्यापक बन्ने र प्रधानाध्यापक बनेपछी अवकाश नहुँदासम्म प्र.अ. को कुर्सी नछोड्ने तर विद्यालयले विकासको गति नसमात्ने अझ धरासायी हुने रोग छ । त्यो सच्चिनुपर्छ । प्रअ भनेको विद्यालयको दैनिक प्रशासन चलाउने मात्रै होईन , बृहत्तर विकासको चाबी हातमा लिएको चालक हो । नेतृत्व लिएको केही वर्षसम्म



पनि निरन्तरता बाहेक उसको थप अतिरिक्त योजना र नतिजामुखी परिणाम देखिएन भने त्यो असफल प्र.अ. हो । त्यस्तो असफल प्र.अ.लाई थप समयसम्म अझै कुर्सी उपलब्ध गराइरहनु भनेको विद्यालय ध्वस्त पार्नु हो । यस्तो अवस्थाको मुखदर्शक र साक्षी बन्नु समुदायको पनि उत्तिकै दोष हो । तसर्थ विद्यालय विकासमा थोरै धेरै सबैका भुमिका छन् । विद्यालय प्रशासन, अभिभावक र बि.ब्य.स. का उस्तै भुमिका छन् । प्रतिकात्मक रूपमा म के मात्रै भन्न चाहन्छु भने, हाम्रो घरको अगेनामा रहेको तीन खुट्टे ओदान भनेको विद्यालय हो । यो ओदानमा भाडो टेकाएर पाक्ने चिज विद्यार्थी हुन् । हामीले परिपक्व विद्यार्थी पकाउने हो । त्यो भाडोमा खानेचिज पकाउनका लागि ओदानलाई अड्याएर राख्ने तीनवटा खुट्टाहरू क्रमशः विद्यालय प्रशासन, बि.ब्य.स. र अभिभावक हुन् । यी तीन खुट्टामध्ये एउटा खुट्टा भाँचिने हो भने ओदान पल्टन्छ र भाडोमा पाक्दै गरेको सम्पुर्ण चिज पोखिएर खेर जान्छ । तसर्थ, यी तीन खुट्टाको तादम्यता मिल्नुपर्छ, नत्र विद्यार्थीहरू बर्बाद हुन्छन् ।

**तपाईंकोहरुको पहलमा शैक्षिक विकृति विसंगतिलाई कम गर्ने कुनै दिर्घकालिन योजनाहरु अगाडि सार्नुभएको छ कि ? शिक्षा र नैतिक चेतना बीचको फरक केही छ कि ?**

सामाजिक विकृती ,विसङ्गतिहरू बालबालिकाको लागि सिकाईका अबरोधक हुन् । यस्ता अबरोधकहरूलाई पन्छाएर सुनौलो शैक्षिक वातावरण निर्माणका लागि हामी पहिलेदेखी नै क्रियाशिल छौं । स्थानीय आमा समुह, युवा सन्जाल आदिसँगको सहकार्यमा बालबिबाहजस्तो सामाजिक समस्यालाई हल गर्न सफल भएका छौं । हाम्रो स्कुलमा कक्षा १० सम्म बालबिबाह शून्य रहेको छ । स्वास्थ्य सस्थाहरूसँगको समन्वयमा किशोर किशोरी शिक्षा तथा महिनावारी स्वच्छता अनुशिक्षण, सामुदायिक प्रहरीसँगको सहकार्यमा लागुऔषध दुर्व्यसन तथा अपराधन्यूनीकरण, बिज्ञपरामर्श सेवा खरिदबाट जिवनोपयोगी शिक्षा, योग तथा मनोपरामर्श, अभिभावकहरूको सचेतना वृद्धिकालागी सफल अभिभावक अभिमुखिकरण कार्यक्रम, अनि फिडर स्कुलको क्षमता विकासको निम्ति फिडर स्कुल सहयोग कार्यक्रम गरिराखेका छौं । यस्ता कार्यक्रमले राम्रो प्रतिफल दिएका छन । आगामी दिनहरूमा समय सापेक्ष निरन्तरता दिने र आवश्यकतानुसार थप कार्यक्रम ल्याउने सोचमा छौं । शिक्षा र नैतिक चेतना भिन्न विषय नै हुन् । शिक्षा भनेको फ्रेमसहितको हार्डवेयर हो भने नैतिक तथा नागरिक चेतना सफ्टवेयर हो । सफ्टवेयर बिनाको हार्ड वेयरको कुनै तुक छैन । जैविक रूपमा होमोसापियन्सलाई पशु नभएर मानव बनाएको पक्ष नै चेतना तथा नैतिक पक्षले हो । नैतिकताले मानिसमा प्राकृतिक गुण बचाइराख्नुका साथै असल संस्कार, आचरण, स्वाभाव र पहिचान दिलाउछ भने शिक्षाले उसको ज्ञानलाई सिपमा रूपान्तरण गर्ने तथा फ्रेमवर्क गर्ने गर्छ । यो फरक तर अन्तरसम्बन्धित विषयमाथी सन्तुलित रूपमा असल मानव तथा मानवीय गुणहरूको परिष्करणसहित भाविपुस्तालाई योग्य मानव निर्माण गर्नु अहिलेको शिक्षा प्रणालीको चुनौती हो । यो चुनौतीलाई साचो अर्थमा बहन गरेर रूपान्तरित हुने विद्यालयहरूनै सफल र नमुना विद्यालयहरू हुन् ।

**विद्यालयको एउटै छातामुनि अंग्रेजी र नेपाली माध्यमको पठनपाठन गराउँदा बालबालिकाको**

**मनोविज्ञानमा नकारात्मक असर परेको आभाष हुन्छ कि हुँदैन ? एउटै विद्यालयमा अंग्रेजी भाषाको नाममा विद्यार्थीमाथि यत्रो विभेद किन लादिएको ?**

यो विभेद होईन । अवसरहरूको सिर्जना र समाजको आवश्यकतामाथिको सम्बोधन हो । यहि अङ्ग्रेजी भाषा मोहकै कारण चर्को शुल्क तिरेर निजि विद्यालय जाने बालबालिकाहरू त्यही शैक्षिक वातावरण निशुल्क रूपमा सामुदायिक विद्यालयले दिदा बालबालिकाहरू लाभान्वित छन्, समुदाय खुशी छ । यो ग्लोबलाइजेसनको युग हो । अझ कतिपय समाजशास्त्रीहरूले अहिलेको समाजलाई उत्तरआधुनिक समाजको रूपमा व्याख्या गर्न थालिसकेका छन् । फेरि निराशावादी कुरा गरेको नठान्नु होला, ग्लोबलाइजेसनको यो हावालाई तपाईं हामीले यहि अवस्थामा रोक्नसक्ने कुनै सम्भावना र क्षमता दुबै छैन । तसर्थ समयको गतिसगै हामी बग्नु जरूरी छ । अङ्ग्रेजी भाषाको तिब्र विश्वव्यापिकरणको वर्तमान अवस्थामा, यदि तपाईंले सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यममा किन पठनपाठन गरेको ? किन नेपालीमा मात्रै नपढाएको भनेर प्रश्न गर्नु भयो भने त्यो प्रश्नले निजीकरण वा प्राइभेट स्कुलहरूको शैक्षिक ब्यबसायलाई पक्ष पोषण गरेको ठहर्छ । तसर्थ, समुदायको चाहना र माग अनुसार सामुदायिक विद्यालयहरूले शैक्षिक कार्यक्रम संचालन गर्नुपर्छ भन्ने मान्यता अनुरूप हामीले अङ्ग्रेजी भाषा माध्यममा पनि पठनपाठन गर्दै आएका छौं । यसरी विद्यार्थीहरूलाई अङ्ग्रेजी भाषामा पठनपाठनको व्यवस्था गरेबाफत कुनै पनि प्रकारको शुल्क लिएका छैनौं । अभिभावकले त्यसबापत कुनै पनि अतिरिक्त भार बहन गर्नुपरेको छैन । त्यसैले विभेद निम्तिदैन ।

अर्को कुरा, एउटै छानो मुनि अङ्ग्रेजी माध्यम र नेपाली माध्यमको पठनपाठनको व्यवस्थापन गर्न सुरूमा पुर्वाधारको केही चुनौती भए पनि अहिले त्यस्तो केही छैन । यो सबै व्यवस्थापकीय सवालको कुरा रहेछ । छिमेकी विद्यालयहरूमा नेपाली भाषामा तल्लो कक्षा पढेर आएका विद्यार्थीहरूले इच्छाअनुसार नेपाली भाषामा वा क्षमता भएका विद्यार्थीले पुनः अङ्ग्रेजी भाषामा पनि अध्ययन गर्न सक्छन् । अङ्ग्रेजी भाषामा पठनपाठन गरेपनि वा नेपाली भाषामा पठनपाठन गरेपनि, हामीले अध्यापन गराउने र विद्यार्थीले अध्ययन गर्ने कन्टेन्ट वा विषयवस्तु त एउटै हो नि! जुन कन्टेन्ट पाठ्यक्रमले निर्दृष्ट गरेको हुन्छ । भाषाको सम्पर्क माध्यम मात्रै फरक हो । यदि विषयवस्तु वा कन्टेन्ट फरक भयो भने त्यसले विभेद निम्त्याउने हो, कन्टेन्ट एउटै तर भाषाको माध्यम फरक भो भने त्यसले विभेद गर्दैन । उसो त आधारभुत तहसम्म आ आफ्नो मातृभाषामा अध्ययन गर्न पाउने अधिकार बालबालिकालाई दिएको छ । के त्यसोभए कुनै समुदायको विद्यार्थीले आफ्नो मातृभाषामा अध्ययन गर्नुलाई बिभेदिकरण मान्ने ? जुन भाषामा पढे पनि पाठ्यक्रमले तोके अनुसारको कन्टेन्ट अध्ययन गर्दा विद्यार्थीको विषयवस्तु माथिको ज्ञानको तह बढ्छ । भाषा र ज्ञान भन्ने कुरा फरक सवाल हुन । त्यसैले भाषाले ज्ञानमा फरक पार्छ भन्ने भ्रममा हामी रहनु हुँदैन ।

# जब क्रिकेटमा 'क्लिन स्विप' भयो........................




कप्तान रोहित पौडेलले जिम्मेवारी इनिङ्स खेलेपछि नेपालले विश्वकप लिग-२ मा स्कटल्यान्डमाथि २ विकेटको सनसनीपूर्ण विजय हात पारेको छ । रोहितले अविजित ९५ रन बनाएपछि नेपालले २ सय १३ रनको लक्ष्य ४४.१ ओभरमा पूरा गऱ्यो । रोहित र करण केसीले नवौं विकेटमा अविजित ७५ रनको साझेदारी गर्दै नेपाललाई स्मरणीय विजय दिलाए । नेपालले लिग-२ को शृंखला क्लिन स्विप गरेको यो पहिलो पटक हो । नेपालले शृंखलामा नामिबिया र स्कटल्यान्डमाथि २-२ खेलमा विजय हात पाऱ्यो।

सातौं ओभरमा नेपाल १९-२ को अवस्थामा ब्याटिङ गर्न आएका रोहितले अविजित ९५ रन बनाए। उनले १ सय १ बल खेल्दै ७ चौका र ४ छक्का प्रहार गरे। करणले अविजित ३१ रन बनाउँदा ३७ बल खेल्दै २ चौका र १ छक्का प्रहार गरे ।नेपालको सुरुवात राम्रो थिएन । कुशल भुर्तेल १ रनमै आउट भए। अर्का ओपनर आसिफ शेखले १२ रन बनाए। ज्ञानेन्द्र मल्लले २१ रन जोडे। रोहितले एउटा छेउमा टिकिरह पनि अर्को छेउटबाट निरन्तर विकेट झरिरह्यो। कुशल मल्लले एउटा लामो छक्का प्रहार गरे पनि उनी धेरैबेर टिकेनन्। उनले २८ बल खेली १ चौका प्रहार गर्दै २७ रन बनाए। सन्दीप जोरा १, दीपेन्द्र सिंह ऐरी ७, सोमपाल कामी २ र सन्दीप लामिछाने ९ रनमा आउट भए । स्कटल्यान्ड यस शृंखलाको पहिलो खेलमा नामिबियामाथि विजय हात पारी लिग-२ को विजेता बनिसकेको थियो। टोलीले सबै ३६ खेलमा ५० अंक जोड्यो । नेपालले २८ खेलमा २६ अंक जोडेको छ । यसअघि टस हारेपछि ब्याटिङको निम्ता पाएको स्कटल्यान्ड ४६.१ ओभरमा २ सय १२ रनमा अलआउट भयो। जर्ज मुन्सी र काएल कोएटजरले स्कटल्यान्डलाई सानदार सुरुआत दिलाएका थिए।

पूर्वकप्तान कोएटजरलाई सन्दीप लामिछानेले २२ रनमा आउट गरी नेपाललाई पहिलो सफलता दिलाए । सन्दीप आफ्नो पहिलो ओभरमा आ देखि नै स्विप सट खेलेर आक्रामक देखिएका मुन्सीले ५० बल खेल्दै ९ चौका र २ छक्का प्रहार गरी ६० रन बनाए । उनको लेग स्टम्प सन्दीपले उडाइदिएका थिए । नामिबियाको पहिलो खेलमा अविजित शतक बनाएका मुन्सीले त्यसपछिका दुई खेल खेलेका थिएनन् । नेपालविरुद्धको खेलमा नखेलेका

१ रनमा आउट गरी सन्दीपले चौथो विकेट लिए । सन्दीपले १० ओभरमा ४५ रन खर्चे । माइकल लिस्कलाई बोल्ड गर्दै करण केसीले एकदिवसीय अन्तर्राष्ट्रियमा ५० विकेट पूरा गरे । नेपालबाट एकदिवसीय अन्तर ाष्ट्रियमा ५० विकेट पूरा गर्ने उनी सन्दीप र सोमपालपछिका तेस्रो खेलाडी हुन् । करणले ब्रेन्डन म्याकमुलेनलाई ३१ रनमा आउट गरी आफ्नो दोस्रो विकेट लिए । म्याकमुलेनले ४८




मुन्सीसहित कोएटर र साफियन सरिफलाई आजको खेलमा खेलाएको थियो । कप्तान रिची बेरिङटनलाई एलबीडब्लु आउट गरी सन्दीप ह्याट्रिक विकेटको नजिक पुगेका थिए । म्याथ्यु क्रसले ४२ रन बनाए । दीपेन्द्रसिंह ऐरीद्वारा सिधा थ्रोमा रनआउट हुनुपूर्व उनले ६३ बल खेली ४ चौका र १ छक्का प्रहार गरे । टोमस म्याकिन्टोसलाई

बल खेली ३ चौका प्रहार गरे । करणले ३ विकेट लिए । उनले ८.१ ओभरमा ४२ रन खर्चे । तीव्र बलर गुलशन झाको स्थानमा मौका पाएका देब्रेहाते स्पिनर ललित राजवंशीले क्रिस ग्रेभ्सलाई ७ रनमा एलबीडब्लू आउट गरी नेपाललाई नवौं सफलता दिलाए । ललितले आफ्नो १० ओभरको कोटामा १ मेडन राख्दै ३३ रन खर्चे । अर्को एक विकेट कुशल मल्लको नाममा रह्यो ।